परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

कन्हैया नासननीको जन्म २००२ साल असारमा काभ्रे जिल्लाको पनौतीमा भएको हो । पिता विष्णुलाल नासननी र माता राममाया नासननीका एक मात्र सन्तान कृष्ण गोपाल नासननीको साहित्यिक नाम नै कन्हैया नासननी हो । उनले अटो मोवाइल हाइवे इन्स्टिच्युट मस्कोबाट एम.ई सम्मको अध्ययन गरेको देखिन्छ । २०२५ सालबाट साहित्य लेखनको थालनी गरेका यिनले माता राममाया नासननी र गुरु हरि सुन्दर सैँजूबाट साहित्यिक प्रेरणा प्राप्त गरेका हुन् । २०२५ सालमा “रत्नश्री” पत्रिकामा अनुदित कथा ‘स्वर्गबाट निष्काशन’ प्रकाशित गरी साहित्य यात्रा प्रारम्भ गरेका नासननीका हालसम्म प्रकाशित पुस्तकाकार कृति निम्न अनुसार रहेका छन्:

**‘क्लियोपाट्रा’** (२०४७) उपन्यास, **‘एउटा सहरको कथा** (२०४८) उपन्यास, **मुटुका व्यथाहरू** (२०५६) कथासङ्ग्रह, **सिपाही** (२०५७) उपन्यास **संस्मरण यात्रासंस्मरण** (२०६१), संस्मरणात्मक निबन्ध सङ्ग्रह, **विज्ञानका ताराहरू** (२०६२), बाल जीवनी सङ्ग्रह, **चराहरूको पर्यटन मेला** (२०६४), बालकथा सङ्ग्रह, **सुन्दर पार्कका सुन्दर फूलहरू** (२०६४) उपन्यासिका, **टिन टिन गोल्टिन** (२०६५) बाल कथा सङग्रह, **रातो आँसु** (२०६६) उपन्यास, **अन्तरिक्ष यात्रीहरू** (२०६६) बाल जीवनी सङ्ग्रह र **बुलबुल चरा र गुलाफको फूल** (२०६७) बाल कथा सङ्ग्रह ।

साहित्यकार कन्हैया नासननीले नेपाली साहित्यको उपन्यास, कथा, निबन्धका साथै बाल साहित्य अन्तर्गत बालकथा र बाल जीवनीको समेत रचना गरेका छन् । समाजका विकृति र विसङ्गतिलाई विषय बनाइएका यिनका साहित्यिक कृतिहरू सामाजिक यथार्थमा केन्द्रित देखिन्छन् । बाल साहित्यमा भने स्वच्छन्दतावादलाई नासननीले अपनाएका छन् ।

प्रस्तुत शोधपत्रमा उनका साहित्यिक कृतिहरूको विश्लेषणका साथै जीवनी र व्यक्तित्वलाई प्रकाश पारिएको छ ।

## १.२ समस्या कथन

साहित्यकार कन्हैया नासननीले नेपाली गद्य साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका हालसम्म विभिन्न विधाका एक दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित छन् । उनको जीवनी र व्यक्तित्वका बारेमा हालसम्म गहन अध्ययन भएको  छैन । यसैगरी उनका साहित्यिक रचनाका बारेमा पनि अध्ययन हुन सकेको पाइदैन । यसर्थ यी दुवै कुरा यहाँ मूल समस्याका रूपमा रहेका छन् । यसै मूल समस्यामा केन्द्रित भई प्रस्तुत शोधपत्रका समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) कन्हैया नासननीको जीवनी के कस्तो छ ?

(ख) नासननीको व्यक्तित्वका पक्षहरू के कस्ता छन् ?

(ग) नासननीका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू के कति र के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्र समस्या कथनमा उठेका समस्याहरूको समाधानका लागि र साहित्यकार कन्हैया नासननीको बारेमा विस्तृत अध्ययन गरी प्रकाशमा ल्याउने निम्न लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) कन्हैया नासननीको जीवनी प्रस्तुत गर्नु ,

(ख) नासननीको व्यक्तित्वका पक्षहरूको परिचय दिनु ,

(गं) नासननीको प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ,

## १.४ पूर्वकार्यको समीक्षा

कन्हैया नासननी नेपाली साहित्यका उपन्यास, कथा, संस्मरणात्मक निबन्ध, बालकथा र बाल जीवनी रचनामा संलग्न रहँदै आएका छन् । उनका बारेमा छिटफुट रूपमा चर्चा गरिएको पाइए पनि जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन अहिलेसम्म गरिएको छैन । उनका बारेमा उनकै कृतिमा लेखिएका प्रकाशकीय मन्तव्य, भूमिका र पत्रपत्रिकामा गरिएका सामान्य चर्चा तथा शोधकर्ताहरूद्वारा दिइएको सामान्य परिचय नै पूर्वकार्य हुन आएका छन् । तसर्थ उनी र उनका कृतिका बारेमा यसपूर्व भएका चर्चा परिचर्चाहरूको समीक्षा यहाँ सङ्क्षेपमा काल क्रमिक रूपमा प्रस्तुत गरिएको छ :

तारानाथ शर्माले नासननीको उपन्यास **क्लियोपाट्रा** (२०४७) को भूमिकामा मनोविश्लेषणका हेराइले उपन्यास सफल रहेको छ भन्दै कथाको गतिमय र प्रभावशाली प्रवाह तथा पात्रहरूको छनौट, वार्तालापको निर्माण र स्थानहरूको वर्णनमा लेखकले प्रशस्त सिप झल्काएका छन् भन्ने धारणा व्यक्त गरेका छन् ।

तारानाथ शर्माले नासननीको **एउटा सहरको कथा** (२०४८) उपन्यासको प्राक्कथनमा नासननीको उपन्यासकारितालाई भवानी भिक्षुको उपन्यासकारितासँग तुलना गर्दै नासननी आफ्नो उपन्यासमा पूरै एक स्थानीयताको युगको र शास्वत सत्यको उद्घाटनमा संलग्न छन् भनेका छन् ।

कृष्ण प्रसाद पराजुलीले **पूर्व एक नम्बर** (२०२२) पुस्तकमा नासननी कथा र उपन्यास क्षेत्रका राम्रा प्रतिभा हुन् भनी चर्चा गरेका छन् ।

कृष्ण प्रसाद पराजुलीले **मुटुका व्यथाहरू** (२०५६) कथा सङ्ग्रहको 'मुटुका व्यथाहरू मार्मिक कथाहरू' शीर्षक भूमिकामा नासननीका कथाको सङ्गठन दह्रो छ भन्दै उनको कथा साधनाले आफ्नै किसिमको डोब छाडेको उल्लेख गरेका छन् ।

नासननीको **सिपाही** (२०५७) उपन्यासको भूमिकामा राम प्रसाद ज्ञवालीले यस उपन्यासमा उनको अनुभव र कल्पनाको मिश्रण पाइनाका साथै एउटा विद्यार्थीको जीवनी पढेझैं पाठकहरूले पढ्छन् भनेका छन् ।

मोहन दुवालले नासननीको **सिपाही** (२०५७) उपन्यासको प्रकाशकीयमा सबैजसो कथाको गतिमा प्रवाह, पात्रपात्राहरूमा जीवन्तता र शैलीमा सरलता जस्ता विशेषताका बिचमा नासननीका उपन्यास अगाडि बढेका छन् भन्ने विचार व्यक्त गरेका छन् ।

साझा प्रकाशनले नासननीको **संस्मरण यात्रा संस्मरण** (२०६१) को प्रकाशकीयमा सुललित शैली र सरल प्रस्तुतिले गर्दा निबन्धकारले देखेका, भोगेका र सुनेका कुराको चित्र जीवन्त बन्नुका साथै त्यसमा सम्बन्धित ठाउँको संस्कृति र देशकाल प्रतिबिम्बित छ भन्ने कुरा उल्लेख गरेको छ ।

बिजय सापकोटाले **काभ्रेली आधुनिक कथाको सर्वेक्षण** (२०६५) नामक अप्रकाशित शोधपत्रमा सामाजिक यथार्थलाई आफ्ना रचनामा अभिव्यक्त गर्न रूचाउने नासननी विकृति, विसङ्गति, अन्याय र थिचोमिचोका विरुद्धमा आवाज उठाउँछन् भनेका छन् ।

रविन कुमार गौतमले **काभ्रे जिल्लाका उपन्यासकार** (२०६५) अप्रकाशित शोधपत्रमा नासननी मुख्यतः सामाजिक यथार्थलाई उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकार हुन् भन्दै उनका उपन्यासमा सामाजिक यथार्थ, मानवीय स्वर, सत् र असत् पात्रको उपस्थिति र तिनको द्वन्द्व तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको चित्रण पाइने कुराको चर्चा गरेका छन् ।

केशव सुवेदीले **बुलबुल चरा र गुलाफको फूल** (२०६७) बालकथा सङ्ग्रहको 'बुलबुल चरा र गुलाफको फूलबाट अभिव्यञ्जित भाव सौन्दर्य' शीर्षक भूमिकामा नासननी मूलतः आख्यानकार हुन् भन्दै बालकदेखि बयस्कसम्म सबैका लागि उनले आफ्ना कथा उपन्यास मार्फत सृजनाको मिठो स्वाद चखाएका छन् र उत्कृष्ट बौद्धिक खुराक पनि दिँदै आएका छन् भन्ने धारणा व्यक्त गरेका छन् ।

कन्हैया नासननीका विभिन्न कृतिको भूमिकामा व्यक्त गरिएका विद्वान्हरूको विचार तथा यस पूर्व गरिएका शोधकार्यको अध्ययन समेतले नासननी नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल साहित्यकार हुन् । उनका कृतिमा सामाजिक यथार्थको प्रस्तुति गरिनुका साथै पात्रहरूको मनोविज्ञानको पनि सफल चित्रण गरिएको हुन्छ । आफ्ना अनुभवलाई कल्पनामा संयोजन गरी साहित्य सिर्जना गर्ने नासननी सामाजिक विकृति विसङ्गति तथा अन्याय र अत्याचारका विरुद्धमा कलम चलाउँछन् । अनौपचारिक भाषाको प्रयोग र राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशको चित्रण उनको मौलिक विशेषता हो । मानवीय पीडा, व्यथा र संवेदनालाई जीवन्त पात्र र तिनका संवादद्वारा प्रस्तुत गर्न सफल नासननी भाषिक सम्पादनमा भने उदासिन देखिन्छन् । सरल, सहज र ग्रामीण भाषाका प्रयोक्ता नासननी धेरै सम्भावना बोकेका साहित्यकार हुन् ।

## १.५ शोधकार्यको औचित्य

साहित्यकार कन्हैया नासननीका बारेमा खासै चर्चा भएको पाइँदैन । उनको कहीँ कतै विस्तृत अध्ययन भएको छैन । यसकारण साहित्यकार कन्हैया नासननीको जीवनी, व्यक्तित्व र कृतित्वका सम्पूर्ण पाटाहरूको विस्तृत र व्यापक अनुसन्धान गरी सही निष्कर्ष र निचोड प्रस्ततु गरिने भएकाले यो शोधकार्य स्वतः औचित्यपूर्ण हुनेछ । यसका साथै थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूका लागि मार्ग निर्देशन गर्न पनि प्रस्तुत शोधकार्य सहयोगी बन्ने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कन्हैया नासननीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । यसमा उनका जीवनका आरोह अवरोह एवम् व्यक्तित्वका विविध अयामलाई स्पष्ट पार्दै उनीद्वारा नेपाली भाषामा लेखिएका वि.सं.२०६७ कार्तिक मसान्तसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसैगरी साहित्यकार कन्हैया नासननीको विचार र परिचय लिनका लागि अन्तर्वार्ता र प्रश्नावली विधिको प्रयोग गरिएको छ । यस्तै नासननीका बारेमा चर्चा भएका विभिन्न लेखहरूको पनि प्रस्तुत शोधकार्य निर्माणमा सहयोग लिइएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि सङ्कलित सामग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यसका साथै कन्हैया नासननीका साहित्यिक कृतिहरूको अध्ययन गर्दा सामीक्षात्मक तथा व्याख्यात्मक दृष्टिकोण समेत अपानाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदलाई आवश्यकता अनुसार दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक, उप शीर्षक र उपउपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यस प्रकार रहेको छ :

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - कन्हैया नासननीको जीवनी

परिच्छेद तिन - कन्हैया नासननीको व्यक्तित्व

परिच्छेद चार - कन्हैया नासननीका आख्यानात्मक र आख्यानेतर कृतिहरूको विश्लेषण

परिच्छेद पाँच - कन्हैया नासननीका बाल साहित्यिक कृतिहरूको विश्लेषण

परिच्छेद छ - उपसंहार/निष्कर्ष

परिशिष्ट

यसरी शोधपत्रलाई उपर्युक्त छ परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार यसका प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उप शीर्षकमा विभाजन गरी विषयको व्यापकतालाई समेट्ने प्रयत्न गरिएको छ ।

परिच्छेद दुई

# कन्हैया नासननीको जीवनी

## २.१ जन्म र जन्मस्थान

कन्हैया नासननीको जन्म २००२ साल असारमा भएको हो । उनी काभ्रे जिल्लाको पनौतीमा सामान्य परिवारमा जन्मेका थिए ।[१]

## २.२ नामकरण

कन्हैया नासननीको न्वारानको नाम कृष्ण गोपाल नासननी हो । उनले साहित्यमा कलम चलाउन थालेपछि आफ्नो नाम कन्हैया राखेका थिए ।[२] त्यसबेला साहित्यमा संलग्न व्यक्तिहरूले आफ्नो वास्तविक नामको सट्टा उपनाम राख्ने चलन थियो । उनी पनि साहित्यमा रुचि राख्ने व्यक्ति भएकाले आफ्नै छनौटमा 'कन्हैया' उपनाम राखेका थिए ।[३] कन्हैया उपनाम राख्नुको कारणबारे प्रस्ट पार्दै शोधनायक भन्छन्:- "कन्हैया श्रीकृष्णको अर्को नाम हो । मरो परिवारले जुराएको कृष्ण गोपाल भन्ने नामको अर्थमा फरक नपर्ने र आफूलाई पनि मन परेको नाम भएकाले कन्हैया नाम राखेको हुँ, यो नाम कहिले देखि लेख्न थालें भन्ने चाहिँ अहिले यकिन याद छैन् ।"[४] कन्हैया शब्द चञ्चल भए पनि आफू त्यस्तो चञ्चल नभएको बताउने उनी नेपाली साहित्यमा कन्हैया नासननीका नामले परिचित छन् ।

## २.३ पुर्ख्यौली

कन्हैया नासननीको पुर्खा जातिले नेवार थिए । थरका सम्बन्धमा वास्तविकता थाहा नभए पनि जोशी, वैद्य, प्रधानाङ्ग वा मल्ल मध्य कुनै एक हुन सक्ने धारणा उनको रहेको छ ।

---

[१] शोध नायकबाट प्राप्त मौखिक जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

पुर्ख्यौली थलो तथा पुर्खाको बारेमा लामो इतिहास नपाइए पनि उनका पुर्खा भक्तपुरबाट बसाइँ सरी पनौतीमा बसोबास गर्न थालेका थिए भन्ने भनाइ छ । न्हुच्छेलाल नासननीको जेठो सन्तान विष्णुलाल नासननी र राममाया नासननीको एक मात्र सन्तानका रूपमा कन्हैया नासननीको जन्म भएको हो ।

नासननी थर कसरी रहन गयो भन्ने बारेमा एउटा किंवदन्ती प्रचलित रहेको छ । भक्तपुरबाट बसाइँ सरी पनौतीमा रहेको नृत्यनाथ मन्दिरको नजिकमा बसोबास गर्न थालेका कन्हैयाका पुर्खालाई नासननी भन्न थालिएको हो । नेवारी भाषामा नृत्यनाथलाई नासद्यो र चोकलाई ननी भनिन्छ । तसर्थ नृत्यनाथ भएको चोकमा बसोबास गरेकाले नासद्यो+ननी = नासद्योननीबाट कालान्तरमा नासननी भएको हो । आज विभिन्न पेसा र व्यवसायमा संलग्न ७, ८ परिवार मात्र नासनीहरू रहेका छन् ।[५]

## २.४ बाल्यावस्था

काभ्रे जिल्लाको पनौतीमा जन्मिएका कन्हैया नासननीको बाल्यकाल पनौतीमै बितेको थियो । सामान्य खान लाउन दुःख नभएको मध्यम वर्गीय परिवारमा जन्मिएकाले गाँस बासको समस्याबाट पीडित हुनु नपरे तापनि उनी छ महिनाको शिशु अवस्थामा रहँदा नै पिताको असामयिक निधन भएकाले पिताको माया र न्यानो काखको अनुभव उनले गर्न पाएनन् । हजुरबा न्हुच्छेलाल नासननीको हेरचाहमा हुर्किएका नासननीले आमाबाट भने पर्याप्त माया पाएका थिए । शिक्षालाई भन्दा जग्गा जमिन र खेतीपातीलाई महत्त्व दिने परिवारमा हुर्किएका नासननीले आफ्ना साथीहरूका साथ गुच्चा र खोपी खेल्दै गुलेली र मट्याङ्ग्रा बटुल्दै आफ्नो बाल्यकाल बिताएका थिए ।[६] आमाको ममताले बाबुको अभावको समेत महसुस हुन नपाएको नासननीको बाल्यकाल समग्रमा सुखपूर्वक नै बितेको थियो ।

## २.५ शिक्षादीक्षा

---

[५] ऐजन ।

[६] ऐजन ।

पाँच वर्षको उमेरमा आफ्नी आमाबाट अक्षरारम्भ गरेका कन्हैया नासननीले कक्षा पाँच सम्मको प्राथमिक शिक्षा इन्द्रेश्वर विद्यालय पनौतीबाट प्राप्त गरेका थिए । वि.सं २०१२ मा पद्म हाइस्कुल भक्तपुरमा भर्ना भई कक्षा ६ उत्तीर्ण गरेका उनले वि.सं. २०१३ देखि २०१७ सम्म औपचारिक अध्ययन छाडि घरैमा बिताए । चार वर्षसम्मको घर बसाइ र औपचारिक शिक्षाको अभावले आफ्नो पढाइलाई अगाडि बढाउन नसकेका नासननीले धेरैवटा विद्यालय चाहार्दा पनि एकै चोटी दस कक्षामा भर्ना हुने आफ्नो इच्छा पुरा गर्न सकेनन् । वि.सं. २०१८ मा त्रिभुवन शिक्षा निकेतन काठमाडौंमा कक्षा १० मा भर्ना भएका उनले त्यहींबाट एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।[७]

वि.सं २०१९ मा त्रिचन्द्र क्याम्पसमा भर्ना भई अर्थशास्त्र, राजनीति शास्त्र र इतिहास विषय लिएर उच्च शिक्षा अध्ययन आरम्भ गरेका उनी आइ.ए. पढाइ बिचैमा छाडी वि.सं.२०२० मा आइ.एस्सी. पढ्न पब्लिक साइन्स क्याम्पसमा भर्ना भए । वि.सं. २०२२ मा द्वितीय श्रेणीमा आइ.एस्सी. पास गरी छात्रवृत्ति कोटामा मस्को गए । वि.सं.२०२८ मा 'अटो मोवाइल हाइवे इन्स्टिच्युट मस्को'बाट मेकानिकल इन्जिनियरिङमा प्रथम श्रेणीमा एम.ई. उत्तीर्ण गरेपछि उनको औपचारिक अध्ययन पुरा भयो ।[८]

अध्ययनका क्रममा विभिन्न उतार चढावलाई सामना गर्दै लक्ष्यमा अगाडि बढेका नासननीले आफ्नो तीक्ष्ण बुद्धि र मेहनतको परिणाम स्वरूप आफन्तको सहयोग र गुरुहरूको प्रेरणा बटुल्न सफल भए । इन्जिनियरिङ जस्तो विषयमा उच्च अध्ययन गरेका उनी नेपालकै एउटा विशिष्ट विद्वान् हुन् ।

## २.६ विवाह, दाम्पत्य जीवन र छोराछोरी

### २.६.१ विवाह र दाम्पत्य जीवन

[७] ऐजन ।

[८] ऐजन ।

कन्हैया नासननीको विवाह २०१६ सालमा चौध वर्षको उमेरमा भएको थियो । काभ्रे जिल्लाकै पाँगु गाउँ निवासी देवलाल श्रेष्ठकी छोरी विष्णुमाया श्रेष्ठसँग नेवारी संस्कृति अनुसार उनको विवाह भएको थियो ।[९] नासननीको दाम्पत्य जीवन उनै विवाहिता धर्म पत्नी विष्णुमायासँग परस्पर सहयोगात्मक रूपमा अहिलेसम्म सुमधुर रहेको छ ।

## २.६.२ छोराछोरी

कन्हैया नासननीका चार जना छोराछोरी छन् । तिनीहरूमा तिन जना छोरी र एक जना छोरा रहेका छन् । पहिलो सन्तान छोरी मन्दीरा नासननी हुन् भने त्यसपछि क्रमशः मञ्जु, महेश्वर र ममता नासननीको जन्म भएको हो ।[१०]

कन्हैया नासननीकी जेठी छोरी मन्दीरा नासननीको जन्म २०२९ सालमा भएको हो । बी.ए. सम्मको अध्ययन गरेकी उनको विवाह भइ सकेको छ । उनका पति सुभेन्दु राजभण्डारी इमाडोल काठमाडौंमा फर्मासिटिकल सञ्चालन गरेर बसेका छन् ।

कन्हैया नासननीकी माहिली छोरी मन्जु नासननीको जन्म २०३२ सालमा भएको हो । आइ.ए. सम्मको अध्ययन गरेकी उनी विवाहित छिन् । उनका पति राजन खयरगोली नारायणघाट चितवनमा व्यापार पेसामा संलग्न छन् ।

कन्हैया नासननीको एक मात्र छोरा महेश्वर नासननीको जन्म २०३५ सालमा भएको हो । मनीष उपनामले बोलाइने उनले कमर्शमा बि.बि.एस. गरेका छन् । मिनी नासननीसँग विवाह बन्धनमा बाँधिएका उनी एक गैर सरकारी संस्थामा कार्यरत छन् ।

कन्हैया नासननीकी कान्छी छोरी ममता नासननीको जन्म २०३७ सालमा भएको हो । समाजशास्त्रमा बी.ए. सम्मको अध्ययन गरेकी उनी विवाहित छिन् । उनका पति सजित श्रेष्ठ एक गैर सरकारी संस्थामा कार्यरत छन् ।[११]

[९] शोध नायककी पत्नी विष्णुमाया नासननीबाट प्राप्त मौखिक जानकारी ।

[१०] ऐजन ।

यसरी कन्हैया नासननीको वैवाहिक जीवन सुखमय देखिन्छ । सन्तानहरू हुर्कि सकेका र आ-आफ्ना खुट्टामा उभिन सक्षम भइ सकेकाले पारिवारिक जीवन सुखी र सन्तोषप्रद देखिन्छ ।

## २.७ आर्थिक अवस्था र बसोबास

### २.७.१ आर्थिक अवस्था

कन्हैया नासननीको आर्थिक अवस्था त्यति कमजोर देखिदैन ।आर्थिक रूपमा सम्पन्न र प्रशस्त जग्गाजमिन भएको परिवारमा जन्मिएकाले बाल्यकालमा आर्थिक अभावको समस्या झेल्नु परेन । आफ्नो अध्ययन अगाडि बढाउने क्रममा भने उनले विभिन्न आर्थिक समस्याको सामना गर्नु परेको थियो । माध्यमिक शिक्षा अध्ययन गर्ने क्रममा काठमाडौंमा रहँदा विभिन्न आफन्तको आश्रयमा बस्नु परेको तितो अनुभव उनीसँग छ । छात्रवृत्ति कोटामा उच्च शिक्षा अध्ययन गर्न मस्को जाँदा पनि आर्थिक अभावले उनलाई छाडेन । २०२८ सालदेखि जागिरे जीवनको आरम्भसँगै उनले आर्थिक कठिनाइसँग जुध्नु परेन । आफ्नै मेहनतको कमाइले काठमाडौँको दुगम वहिलमा एक र विशाल नगर चन्डौलमा एक गरी दुईवटा पक्की घरका धनी उनी आफ्नो पेन्सन र छोराको समेत रोजगारीका कारण गाँसवासको समस्याबाट पीडित छैनन् ।[१२] समग्रमा उनको आर्थिक अवस्था सबल नै मान्न सकिन्छ ।

### २.७.२ बसोबास

काभ्रे पनौतीमा जन्मिएका कन्हैया नासननीले बसोबासका क्रममा विभिन्न स्थानमा रहनु परेको थियो । वि.सं. २००२ देखि २०११ सम्म परिवारका साथ पनौतीमा बसेका उनी २०१२ सालमा एक वर्ष भक्तपुरमा बसेका थिए । २०१३ देखि २०१८ सालसम्म पुनः पनौतीमा बिताएका नासननीले २०१८ देखि २०२२ सालसम्म काठमाडौं झोछे ओम बहाल डेरामा बिताए । २०२२ सालमा छात्रवृत्ति कोटामा मस्को गएपछि २०२२ देखि २०२८

---

[११] ममता नासननीबाट प्राप्त मौखिक जानकारी ।

[१२] शोध नायकबाट प्राप्त मौखिक जानकारी ।

सालसम्मको अवधि सोकोल छात्रवास मस्कोमा बिताएका थिए । अध्ययन पुरा गरी स्वदेश फर्किए पछि जागिरे जीवनको प्रारम्भसँगै उनको बसाइ काठमाडौंमा स्थायी रूपमा हुन गयो । यस क्रममा वि.सं.२०२८ देखि २०३५ सम्म पुतली सडक डेरामा बसेका उनले आफ्नै कमाइले २०३५ सालमा दुगम वहिलमा घर बनाउन सफल भए । २०३५ देखि २०४४ सम्म सोही घरमा बसेका उनले २०४५ सालमा विशाल नगर चन्डौलमा अर्को घर बनाए ।[१३] नासननी हाल सोही घरमा परिवारका साथ बस्दै आएका छन् ।

## २.८ पारिवारिक वियोग

कन्हैया नासननीले आफ्नो पितृत्वको अनुराग र मातृत्वको वात्सल्य दुवै गुमाइ सकेका छन् । २००२ सालमा आफू छ महिनाको शिशु अवस्थामा रहँदा नै पिताको वियोग भोगेका उनले २०५६ सालमा आमाको ममताबाट पनि विमुख हुनु पऱ्यो । [१४] अन्य परिवारका सदस्य सबै जीवित रहेका उनले त्यस्तो पारिवारिक वियोग सहनु परेको छैन

## २.९ जागिरे जीवन

कन्हैया नासननीको जागिरे जीवन २०२८ सालदेखि प्रारम्भ भई २०५८ सम्म रह्यो । २०२८ सालमा मेकानिकल इन्जिनियरिङमा एम.इ. समाप्त गरी नेपाल फर्कनासाथ स्वास्थ्य मन्त्रालयमा 'ट्रान्स्पोर्ट एन्ड इक्विपमेन्ट मेन्टेनेन्स अर्गनाइजेसन' विभागको प्रमुखका रूपमा उनको जागिरे जीवनको प्रारम्भ भयो । २०२८ सालदेखि २०३४ सम्म सोही पदमा रहेर सेवा गरेका उनलाई २०३४ सालमा तत्कालीन शा.ने.वा.नि. को प्रवन्धकका रूपमा नियुक्ति गरियो । २०३४ देखि २०५८ सालसम्म शा.ने.वा.नि.मा रहेर काम गर्दा नासननीले प्रवन्धक, अधिकृत तथा का.मु. उपनिर्देशकका रूपमा समेत कार्य गरे । यस अवधिमा ग्राउन्ड इक्युमिन्ट डिभिजन, ट्रान्सपोर्ट डिभिजन, प्रक्युत्मेन्ट सेक्सन, क्वालिटि कन्ट्रोल, टेक्निकल लाइब्रेरी, एभ्युनिक्स डिपार्टमेन्ट आदि विभागमा रहेर उनले सफलतापूर्वक कार्य सम्पादन गरे

[१३] ऐजन ।

[१४] ऐजन ।

। २०२८-२०३४ सालसम्म स्वास्थ्य मन्त्रालयमा रहँदा जेनेरल सर्भेयर एन्ड लस एसेसर फर्म खोलेर गाडी भवन इत्यादिबाट भएको क्षतिको पाँच वर्षसम्म सर्वे गरेका उनको सरकारी सेवाबाट अवकाश शा.ने.वा.नि. बाटै भयो ।

२०६० सालमा काठमाडौं विश्व विद्यालयमा अटो मोवाइल र इन्जिनियरिङ ड्र्इङ्ग विषयमा छ महिनासम्म शिक्षण गरेका नासननी हाल घरैमा स्वअध्ययन र लेखन कार्यमा संलग्न छन् ।[१५] आफ्नो तिस वर्षे जागिरे जीवनमा पद र पैसाका निम्ति कसैका सामु घुँडा नटेकेको बताउने उनको मुख्य कमजोरी कर्तव्य प्रतिको इमानदारी नै बन्यो । सहकर्मीहरू नै सशङ्कित र सन्त्रस्त बनेकाले उनीसँग त्यति सौहार्दता कायम हुन  सकेन । नासननी आफू पनि खान सक्दैन अरूलाई आएको अवसरबाट पनि वञ्चित गर्छ भन्ने जस्ता आरोपहरू सहकर्मीहरूबाट खेप्नु परे तापनि भ्रष्ट कर्मचारी तन्त्रको माझमा आफूलाई कलङ्कको टिका लाग्न नपाएकोमा उनी गौरव गर्छन् ।

यसरी २०२८ सालमा स्वास्थ्य मन्त्रालयबाट सरकारी सेवा प्रारम्भ गरेका उनले २०६० सालमा ६ महिनासम्म शिक्षण पेशालाई समेत अँगाल्दै एउटा दक्ष प्राविधिक, प्रशासक तथा शिक्षकका रूपमा आफूलाई स्थापित गराउन सफल भए । समग्रमा उनको जागिरे जीवन सफल रह्यो भन्न सकिन्छ ।

## २.१० सामाजिक एवम् राजनीतिक जीवन

कन्हैया नासननीको सामाजिक जीवन पनि महत्त्वपूर्ण छ । उनले समाज विकासका विभिन्न क्रिया कलापमा रुचिपूर्वक भाग लिँदै आएका छन् । उनी समाज विकासका लागि मठमन्दिर, पाटिपौवा, बाटोघाटो बनाउन आर्थिक एवम् नैतिक सहयोग दिनुका साथै सल्लाह सुझाव दिने गर्छन् । छर-छिमेकमा छिटो घुलमेल हुन नसक्ने स्वभाव भए पनि उनलाई समाजमा सबैले मन पराउँछन् । नासननीको कार्यक्षेत्र जनसेवा भएकाले राजनीति क्षेत्रमा उनको उपस्थिति शुन्य देखिन्छ । जन सेवक कर्मचारीले राजनैतिक विचार धाराबाट प्रेरित हुनु हुँदैन

[१५] ऐजन ।

भन्ने उनको धारणा छ । साहित्यका माध्यमबाट समाज परिवर्तनको सन्देश दिन सकिन्छ भन्ने नासननी विभिन्न साहित्यिक सङ्घ संस्थासँग आबद्ध छन् ।[१६] यसरी नासननीको मुख्य क्षेत्र राजनीति नभई सामाजिक सेवा भएकाले उनको सामाजिक जीवन नै उच्च रहेको छ ।

## २.११ साहित्यिक क्षेत्रमा प्रवेश तथा लेखन र प्रकाशन

### २.११.१ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

कन्हैया नासननीको परिवार शिक्षामा त्यति अगाडि बढेको नभए तापनि धार्मिक कार्यमा संलग्न थियो । घरमा बेला बेलामा धार्मिक कार्यहरू भइ रहन्थे । आमाले पढेका रामायण र देवी भागवत्का श्लोकहरू नै उनका लागि प्रेरणाका स्रोत बने । हरेक कार्यमा अगाडि बढ्नु पर्छ भन्ने उत्प्रेरणा दिने आमा तथा गुरु हरि सुन्दर सैँजू नै उनलाई साहित्यिक प्रेरणा दिने व्यक्ति हुन् । अध्ययनमा रुचि राख्ने स्वभाव र जिज्ञासु प्रवृत्तिका नासननी वि.सं. २०१३ देखि वि.सं २०१७ सम्म पनौतीमा रहँदा धेनु पुस्तकालय सञ्चालनमा संलग्न भएका थिए । धेनु पुस्तकालयको लाइब्रेरियन बनेर रहँदा उनकै प्रयासमा हस्त लिखित साहित्यिक पत्रिका 'भोर' प्रकाशित भएको थियो ।[१७] पुस्तकालयमा प्राप्त लक्ष्मी प्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धि चरण श्रेष्ठ, लेखनाथ पौड्याल आदिका साहित्यिक कृतिको अध्ययनले साहित्यप्रतिको झुकावमा अझ बृद्धि गऱ्यो । पुस्तकालयका तर्फबाट भइ रहने साहित्यिक कार्यक्रमले पनि उनमा साहित्यिक उर्जाको काम गऱ्यो ।

२०१४ सालमा तत्कालीन शिक्षा मन्त्री लक्ष्मी प्रसाद देवकोटा धेनु पुस्तकालयको भ्रमणार्थ पनौती गएका बेला प्रत्यक्ष भेटेर स्वागत गर्ने अवसर पाएका नासननीलाई देवकोटाको व्यक्तित्वले प्रभावित पार्नुका साथै साहित्यमा लाग्छु भन्ने अठोट पैदा भयो । २०१८ सालमा माध्यमिक शिक्षा अध्ययनार्थ काठमाडौँमा रहँदा विद्यालयमा आयोजना हुने साहित्यिक कार्यक्रममा उनी सहभागी हुनका साथै धेरै पटक पुरस्कृत पनि बने । लाल

---

[१६] शोध नायकको पत्नी विष्णुमाया नासननीबाट प्राप्त जानकारी ।

[१७] शोध नायकबाट प्राप्त मौखिक जानकारी ।

दरबारमा रहेको केन्द्रीय पुस्तकालयमा गई उनले सेक्सपियर लगायत विभिन्न विदेशी लेखकहरूका साहित्यिक कृतिको अध्ययन गरे । यस अध्ययनले नासननीलाई पाश्चात्य साहित्यका बारेमा समेत बुझ्ने अवसर प्राप्त भयो ।[१८] साहित्यिक क्षेत्रमा लाग्नुको प्रेरणा र प्रभावका सम्बन्धमा नासननीको विचार यस प्रकार छ :

"जन्मस्थान काभ्रे पनौतीमा बराबर साहित्यिक सम्मेलनको आयोजना गरिन्थ्यो । मैले वाचन गरेका रचनाहरू श्रोताहरूलाई राम्रो लाग्यो, साहित्यप्रति रुचि बढ्दै गयो, त्यहाँको धेनु पुस्तकालयका पुस्तकहरू पढ्ने गरेँ, अध्ययन सिर्जनाको परिणति बन्यो । साहित्य चालै नपाई मेरो संस्कार बन्यो, वस्तुतः प्रेरणाको स्रोत पाठकहरूको माया नै हो ।"

आफूलाई कसैबाट प्रभावित भन्न नरुचाउने नासननी स्वदेशी लेखकहरूमा लक्ष्मी प्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल, सिद्धि चरण श्रेष्ठ, पारिजात आदिलाई मनपर्ने लेखकका रूपमा लिन्छन् । सेक्सपियर, अल्वर्टो मोराविया, मोपासा, चेखब, टल्सटाय, दोस्तोब्स्की आदि उनका मनपर्ने विदेशी लेखक हुन् । आमा राममाया नासननी तथा गुरु हरि सुन्दर सैँजुको प्रेरणाले साहित्यमा लागेका कन्हैया नासननीमा दुर्गालाल श्रेष्ठ, तारानाथ शर्मा, कमल मणि दीक्षित, मञ्जुल, राजेन्द्र सुवेदी, माधव प्रसाद घिमिरे, राम प्रसाद ज्ञवाली, अनन्त प्रसाद वाग्ले आदिसँगको सङ्गत र सामीप्यताले प्रेरणा थप्ने कार्य गऱ्यो ।[१९] अझ निखारता र परिष्कारका साथ उनी सिर्जना कार्यमा निरन्तर लागि रहेका छन् ।

## २.११.२ लेखन र प्रकाशनको आरम्भ

कन्हैया नासननीको साहित्यिक लेखनको प्रारम्भ २०१५ सालदेखि भएको हो । उनीद्वारा लेखिएको पहिलो रचना नेवारी भाषाको 'घ' (पानीघट्टा) कविता हो । विद्यालयमा आयोजित कविता प्रतियोगितामा प्रस्तुत सो कविताबाट प्रभावित भई दुर्गालाल श्रेष्ठले उनलाई कलम उपहार प्रदान गरेका थिए तर त्यो कविता अप्रकाशित रह्यो । नेवारी भाषामा

---

[१८] ऐजन ।

[१९] ऐजन ।

९-१० वटा कविता लेखेका नासननीको पहिलो प्रकाशित रचनाको विवरण अज्ञात रहे पनि सो रचना नेवारी भाषाको 'ज' (ज्योति) पत्रिकामा प्रकाशन भएको थियो । उनीद्वारा लिखित नेपाली भाषाको पहिलो रचना 'हराएको सारी' (२०१५) कथा हो । २०१५ सालमा पनौतीमा आयोजित साहित्य सम्मेलनमा वाचन गरिएको सो कथा पनि अप्रकाशित नै रह्यो । नासननीको नेपाली भाषामा लिखित र प्रकाशित पहिलो रचना मूल लेखक लात्भियाका आन्द्रेइ युपिटसको अनुदित कथा-'स्वर्गबाट निस्काशन' हो । जुन २०२५ सालमा "रत्नश्री" मासिक पत्रिकामा प्रकाशित भएको थियो ।

पुस्तकाकार रूपमा प्रकाशित उनको पहिलो रचना **'क्लियोपाट्रा'** (२०४७) उपन्यास हो ।[२०] यसरी वि.सं. २०२५ देखि नै आफ्ना रचनाहरू प्रकाशित गरेका उनले आजसम्म पनि आफूलाई सृजनात्मक गतिविधिमा संलग्न तुल्याउँदै आएका छन् । उनको सृजन यात्रा नेवारी भाषाको कविता लेखनबाट आरम्भ भएर नेपाली भाषाको क्रमशः कथा, उपन्यास, निबन्ध, बालकथा, जीवनी आदि विविध विधामा केन्द्रित हुन पुगेको छ ।

## २.१२ भ्रमण, सम्मान र पुरस्कार

कन्हैया नासननीले हालसम्म स्वदेश तथा विदेश गरी धेरै स्थानहरूको भ्रमण गरि सकेका छन् । उनका धेरैजसो भ्रमणहरू जागिरसँग सम्बन्धित छन् भने केही व्यक्तिगत भ्रमण पनि छन् । काभ्रे पनौतीमा जन्मिएका नासननी अध्ययनका क्रममा काठमाडौंको विभिन्न ठाउँसँग परिचित बन्न पुगेका थिए । उच्च शिक्षा अध्ययनका क्रममा रुस पुगेका उनले सोभियत सङ्घ लगायत पूर्वी जर्मनी, उज्वेकिस्तान, अजर बैजान, आर्मेनिया, जर्जिया आदि मुलुकको भ्रमण अटो मोवाइल हाइवे इन्स्टिच्युट मस्कोको छात्रका रूपमा गरेका थिए । निजी भ्रमणका रूपमा लन्डन, हल्यान्ड र वर्लिनको भ्रमण गरेका उनका अन्य सम्पूर्ण भ्रमण जागिरका सन्दर्भमा भएका हुन् । नेपालका तराई र पहाडका धेरै स्थलको भ्रमण गर्ने अवसर पाएका नासननीले भारत, फ्रान्स, रुमानिया, अमेरिका, चीन, थाइल्यान्ड, ब्रुनाइ, पाकिस्तान, जापान आदि देशहरूको भ्रमण गरेका छन् । खास गरी जागिरका सिलसिलामा तालिम,

[२०] ऐजन ।

गोष्ठी, सेमिनार, सम्मेलनमा सहभागी हुने क्रममा उनले विभिन्न क्षेत्रहरूमा घुम्ने अवसर प्राप्त गरे ।[२१]

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका नासननीले आफ्नो लामो साहित्यिक जीवनमा केही पुरस्कार र सम्मानहरू पनि प्राप्त गरेका छन् । २०१५ सालमा नेवारी भाषाको कविता सुनाउँदा दुर्गालाल श्रेष्ठबाट कलम उपहार पाएका उनलाई नेपाली साहित्यमा पुऱ्याएको योगदान स्वरूप २०५३ सालमा 'शिव प्रसाद उन्नयन पुरस्कार' प्रदान गरियो । त्यसैगरी बाल साहित्य लेखनमा पुऱ्याएको योगदानको कदर स्वरूप 'नेपाल बाल साहित्य समाज'ले २०६४ सालमा सम्मान गऱ्यो । यसका अलावा उनलाई विभिन्न स्वदेशी तथा विदेशी साहित्यिक संस्थाहरूले सदस्यता प्रदान गरी सम्मान गरेका छन् । जस अन्तर्गत अन्तर्राष्ट्रिय साहित्य समाज सदस्य (२०६५) बाल साहित्य समाज सदस्य (२०६४) र फेडरेसन अफ सार्क राइटर्स नेपाल च्याम्बर सदस्य (२०६४) आदि पर्दछन् ।

उनले जीवनमा पाएका यिनै सम्मान र पुरस्कारले उनको प्रतिष्ठा र गौरवलाई बढाउँदै नेपाली साहित्यको श्रीवृद्धिमा लाग्न प्रेरित गरेको देखिन्छ ।

## २.१३ व्यक्तिगत रुचि तथा स्वभाव

कन्हैया नासननी सानैदेखि जिज्ञासु, लगनशील, अनुशासित, मिलनसार तथा सरल स्वभावका मेधावी व्यक्ति देखिन्छन् । उनको यो स्वभाव अद्यापि विद्यमान रहेको छ । नासननी प्रायः एकान्तप्रेमी र अन्तर्मुखी व्यक्ति हुन् तापनि असल साथीहरूको समीपमा रहेर काम गर्न निकै मन पराउँछन् र परस्पर सहयोगको भावना राख्छन् ।[२२] गम्भीरता पूर्वक बिस्तारै बोल्ने, सारगर्भित कुरा गर्ने र विशेषतः अध्ययन, मनन र चिन्तनमा लाग्ने उनको स्वभाव रहेको छ ।

---

[२१] ऐजन ।

[२२] शोध नायकको पत्नी विष्णुमाया नासननीबाट प्राप्त जानकारी ।

कन्हैया नासननीको मुख्य रुचि विभिन्न पुस्तक पत्र पत्रिकाको अध्ययन मनन गर्नुका साथै साहित्य सिर्जना गर्नु नै हो । यसका अलावा सङ्गीत चित्रकला पनि उनका मनपर्ने विषय हुन् । पहिरनमा खासै रुचि नभए तापनि सर्ट, पेन्ट, कोट कालो जुत्ता र कालो चश्मा उनको मन पर्ने पहिरन हो । विभिन्न स्थलको भ्रमणमा रुचि राख्ने उनी भोजनमा दुध, दही, माछा, मासु र सागपात मन पराउँछन् । धर्मलाई दर्शनको रूपमा स्वीकार गर्ने नासननी ईश्वरवादी हिन्दू हुन् । रङगमा निलो मन पराउने उनी फुलमा सयपत्री रोज्दछन् ।

## २.१४ जीवनमा घटेका अविस्मरणीय घटना

कन्हैया नासननीको जीवनमा धेरै अविस्मरणीय घटनाहरू घटेका छन् । आफूले थाहा नपाउँदै पिताको अवसान भोगेका उनको जीवनमा सुख र दुःखका धेरै घटनाहरू घटेका छन् । जीवनमा बिर्सनै नसक्ने सुखको क्षण सन १९७१ मा मेकानिकल इन्जिनियरिङमा उत्तम अङ्क ल्याएर उत्तीर्ण बनेको बेला हो भने दुःखको क्षण २०५५ सालमा आमाको मृत्यु हो । आमाको मृत्युको पीडालाई आजसम्म भुल्न नसकेको उनी बताउँछन् ।[२३] यसरी हरेक मानिसमा जस्तै उनका जीवनमा पनि सुख र दुःखले हाँसो र रोदनको सिर्जना गरेको पाइन्छ ।

## २.१५ साहित्यिक मान्यता र जीवन दर्शन

साहित्य भावुक मनको परिष्कृत र परिमार्जित अभिव्यञ्जना हो, यसले विगत आगत र भविष्यको वस्तुस्थितिलाई समेटेको हुन्छ । वास्तविकता बोधको उद्देश्य लिएर साहित्यले युगको सन्देश वाहकको भूमिका खेलेको हुन्छ । साहित्यले मानव मात्रलाई एउटा सन्देश देओस् भन्ने साहित्यिक विचार व्यक्त गर्ने कन्हैया नासननी व्यक्त र अव्यक्त जीवनको अभिव्यक्तिमा क्रियाशील हुनुपर्छ भन्ने कुरामा विश्वास गर्छन् । उनको वैचारिकतामा नैतिकता, इमानदारी र कर्मठताको समन्वय पाइन्छ । उनी स्रष्टा भएकाले आफ्नो शिल्प र अभिव्यक्तिद्वारा एउटा नयाँ समाजको रचना गरी नयाँ दिशाबोध गराउन चाहन्छन् । समाजमा साहित्यकारहरूको नैतिकताको निर्धारण उनीहरूको लेखकीय र सामाजिक

---

[२३] शोध नायकबाट प्राप्त मौखिक जानकारी ।

दायित्वबाट गर्न सकिन्छ । लेखकीय दायित्व अन्तर्गत उसले सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आफ्ना भावनाहरू अभिव्यक्त गर्नु पर्दछ भने सामाजिक दायित्व अन्तर्गत प्रत्येक लेखकले आफू बाँचेको समाज र परिवेशप्रति इमानदार भएर बहुजनहिताय आफ्नो अभिव्यक्ति पोख्नु पर्दछ । नासननी साहित्यकारको यस दायित्वप्रति सजग छन् ।

जीवनका विभिन्न उतार चढाउ र अनुभवलाई सामना गरेका नासननीको सामाजिक जीवन भोगाइको छाप उनका साहित्यिक रचनाहरूमा पाइन्छ । जीवनमा भोगेका र देखेका यथार्थजन्य घटनालाई संवेदनशील अनुभूतिजन्य सरल र सहज भाषामा प्रस्तुत गरी समाज सुधारको चाहना राख्नु नै उनका साहित्यिक कृतिहरूको मूल उद्देश्य रहेको छ ।

कन्हैया नासननीको जीवनदर्शन पूर्वीय हिन्दू अध्यात्मवादमा आधारित छ । धर्मलाई दर्शनका रूपमा स्वीकार्ने नासननी धार्मिक अतिक्रमणको विरोधी तथा एकईश्वरवादी व्यक्ति हुन् । स्वामी चन्द्रेशलाई आध्यात्मिक आदर्श मान्ने उनी योग र साधनामा पनि विश्वास गर्छन् ।[२४] ईश्वरीय सृष्टिमा सबै बराबर भएकाले जातीय भेदभाव गरिनु हुन्न भन्ने मान्यता

---

[२४] ऐजन ।

## परिच्छेद तिन

# कन्हैया नासननीको व्यक्तित्व

### ३.१ शारीरिक व्यक्तित्व तथा स्वभाव

शारीरिक व्यक्तित्वका दृष्टिले कन्हैया नासननी बाटुलो अनुहार भएका न दुब्ला न मोटा ५ फिट ७ इन्च अग्ला रातो वर्णका छन् । स्वाभाविक उचाइ, मोटाइ भएका नासननीलाई उनको कसिलो र तन्दुरुस्त शारीरिक रूपाकृतिले वाह्य व्यक्तित्वको पहिचान दिन्छ । उनी सदैव गम्भीर र चिन्तनशील देखिन्छन् ।[२४] उनको अनुहार हेर्दा निश्छल, स्वाभिमानी तथा सरल देखिन्छ । उनको विनम्र, उपकारी, स्वाभिमानी, चिन्तनशील, गम्भीर स्वभाव अनुहारबाटै झल्कन्छ । रातो वर्ण, काला आँखा, फराकिलो निधार, चट्ट मिलेका ठूला कान, सुन्दर दन्त लहर, छरितो फुर्तिलो जिउ पातलो आधा फुलेका केश तथा उमेर र व्यवहारले बुढ्यौलीको सङ्केत गराए पनि उनमा जवानीकै जोस पाइन्छ । शरीरमा चट्ट मिलेको सर्ट, पेन्ट, टाइ, कालोकोट, काला जुत्ता र कालो चस्मा आदिको वेशभुषाले पनि उनमा थप आकर्षण पैदा गरेको देखिन्छ । कसैसँग बोल्नुपर्दा मुसक्क हाँसेर सभ्य र शिष्ट भाषाको प्रयोग गर्ने मृदुभाषी स्वभाव यिनको छ ।

कन्हैया नासननी नेपाली भाषा, धर्म र संस्कृतिप्रति ज्यादै आस्था राख्छन् । बिहान सँधै पाँच बजे उठ्ने, एक घण्टाजति शारीरिक व्यायाम गर्ने अनि नित्य पुजा गर्ने र पत्र पत्रिका पढ्ने उनको बानी छ । उनी घरमा बस्दा साधारण सर्ट पेन्ट लगाउने र खानामा दालभात, सागसब्जी तथा दुधका परिकार मन पराउँछन् साथै शारीरिक तन्दुरुस्तीका लागि माछा मासु पनि समय समयमा खाने गर्छन् ।[२४] आफ्ना सम्पर्कमा आउने हरेक व्यक्तिसँग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको विशेषता हो । उनी आफ्ना कारणले अरूलाई कहिल्यै दुःख पुऱ्याउन चाहँदैनन् । उनी घर परिवारमा पनि आफ्ना कारणले अरूलाई दुःख पुग्ला भन्ने कुरामा सचेत छन् । उनमा आन्तरिक वेदना र पीडाहरूलाई

आफैँमा राख्ने अन्तर्मुखी स्वभाव पाइन्छ । अरूको दुःख पीडालाई आफ्नै पीडा जस्तो सम्झने नासननीमा सहयोगी भावना तीव्र रूपमा पाइन्छ । समाजमा कसैलाई ठुलो, सानो जातभात, गरिब धनी भनी भेदभाव नगर्ने उनी सबैसँग मित्रवत व्यवहार गर्छन् । भौतिक विलासिता भन्दा बौद्धिकतामा विश्वास राख्ने उनको धेरै समय अध्ययन र चिन्तनमा बित्छ । घरमा धार्मिक, दार्शनिक तथा साहित्यिक पुस्तक पत्र पत्रिकाहरू सङ्कलन गरी राख्न उनी मन पराउँछन् ।

नासननीको व्यक्तित्व आकर्षक छ । उनी मिलनसार तथा महत्त्वाकाङ्क्षी पनि छन् । उनी समकालीन साहित्यकारहरूसँग घुलमिल हुन र सङ्गत गर्न रुचाउँछन् । उनमा सामूहिक विचारधारालाई युगमा प्रतिनिधित्व गर्न सक्ने क्षमता छ । उनी कुनै कुरामा लागि परे पछि त्यसलाई पार नलगाई छाड्दैनन् । प्रायः स्रष्टाहरू लेखनमा इमानदारी हुन्छन् तर जीवनप्रति त्यति इमानदार देखिँदैनन् । नासननी यस हिसाबले अलग्गै व्यक्तित्व हुन् । यिनले लेखन र जीवनलाई इमानदारीका साथ सँगसँगै अगाडि बढाएको देखिन्छ । जीवनमा असफलताको प्राप्तिबाट कहिल्यै हार नमान्ने नासननी सानैदेखि मेहनती भएकाले असफलताबाट मुक्त नै रहेका देखिन्छन । कुनै अप्ठ्यारो परिस्थितिमा उनी साथीभाइलाई समुचित सल्लाह र प्रेरणा दिन पनि पछि हट्दैनन् ।

यसरी मृदुभाषी, सरल जीवन र उच्च विचार, स्वाभिमानी, स्पष्ट वक्ता तथा शान्त स्वभाव कन्हैया नासननीका वाह्य र आन्तरिक स्वभावका विशेषता हुन् ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

### ३.२.१ साहित्यिक व्यक्तित्व

सिर्जनशील व्यक्तित्व नै कन्हैया नासननीको प्रमुख व्यक्तित्व हो । आफ्नो विद्यार्थी जीवनदेखि नै उनले सिर्जनामा रुचि लिन थालेको पाइन्छ । उनका हालसम्म विभिन्न विधाका करिब एक दर्जन पुस्तकाकार कृतिहरू र केही फुटकर रचनाहरू विभिन्न पत्र पत्रिकामा छापिएका छन् । यिनै कृतिहरूको माध्यमबाट उनले नेपाली साहित्यको श्रीवृद्धि गर्नमा

योगदान पुऱ्याएका छन् । नासननी बहुमुखी साहित्यकार हुन् । उनले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । पद्य रचनातर्फ केही फुटकर कविताको रचना गरे तापनि उनको मूल क्षेत्र गद्य नै हो । उनले नेपाली गद्य साहित्य अन्तर्गत आख्यानात्मक गद्य कथा, वालकथा तथा उपन्यासको रचना गरेका छन् भने आख्यानेतर गद्यमा निबन्ध र जीवनी लेखेका छन् ।

कथा विधाबाट नेपाली साहित्यका फाँटमा देखा परे तापनि कन्हैया नासननीले सर्वाधिक लोकप्रियता पाएको विधा उपन्यास हो । २०४७ सालमा **क्लियोपाट्रा** उपन्यास लिएर देखा परेका नासननीले **एउटा सहरको कथा** (२०४८), **सिपाही** (२०५७) तथा **रातो आँसु** (२०६४) गरी चार वटा उपन्यास लेखेका छन् भने **सुन्दर पार्कका सुन्दर फूलहरू** (२०६४) उनको लघु उपन्यास हो ।[२४] नेपाली समाजमा विद्यमान युगीन नारी समस्या, प्राचीन मूल्य र मान्यतामा आइ रहेका ह्रास र पिछडिएका ग्रामीण वस्तीहरूको कथा, काम र मामको खोजीमा विदेशिन विवश युवाहरूको कथा तथा अन्याय र अत्याचारको विरुद्धमा आवाज उठाएर प्राण उत्सर्ग गर्ने सहिद र सहिद परिवारको व्यथालाई आफ्ना उपन्यासको विषय बनाउने नासननी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । नेपाली जन जीवनका हाँसो र रोदनलाई समेट्न सफल उनका उपन्यासले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय परिवेशलाई पनि समेटन सफल भएका छन् । सरल सहज र ग्रामीण भाषाको प्रयोग गरिएका उनका उपन्यासमा पात्रगत सूक्ष्म मनोविज्ञानको चित्रण पाइन्छ । वर्तमानका विकृति र विसङ्गतिको यथार्थ चित्रण गर्न सफल उनका उपन्यासले नेपाली उपन्यासको विकासमा अलग्गै स्थान कायम गर्न सफल भएका छन् । यसरी नेपाली उपन्यासको विकासमा क्रियाशील नासननीको उपन्यासकार व्यक्तित्व उत्कृष्ट रहेको छ ।

कन्हैया नासननी उपन्यासकारका रूपमा मात्र नभई कथाकारका रूपमा पनि नेपाली साहित्यमा उत्तिकै परिचित छन् । २०२२ सालमा 'स्वर्गबाट निष्काशन' नामक अनुदित कथा "रत्नश्री" पत्रिकामा छपाएर नेपाली कथामा देखा परेका नासननीले विभिन्न पत्र पत्रिकामा धेरै कथाहरू प्रकाशित गराएका छन् । उनको हालसम्म प्रकाशित पुस्तकाकार कथाकृति

**मुटुका व्यथाहरू** (२०५६) हो । सुनकोशी साहित्य प्रतिष्ठानबाट प्रकाशित यस कथा सङ्ग्रहमा नौ वटा कथाहरू सङ्ग्रहित छन् । आयामका दृष्टिले विस्तृत मान्न सकिने उनका कथाहरूमा सामाजिक, आर्थिक, प्रशासनिक, राजनैतिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिबाट सिर्जिएका समस्याहरूलाई विषयबद्ध गरिएको छ । कथानक र परिवेशका बिच सामञ्जस्य कायम गर्न सक्ने पात्रहरूको प्रयोग गरिएका उनका कथाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई समेत छोएका छन् । सरल, सहज र प्रभावपूर्ण भाषाशैलीको प्रयोग गरिएका उनका कथामा सामाजिक यथार्थको चित्रण पाइन्छ । उत्कृष्ट स्तरका कथाहरूको सिर्जनाद्वारा नेपाली साहित्यको भण्डार भर्ने कन्हैया नासननी सफल कथाकार हुन् ।

कन्हैया नासननीको कथापछि कलम चलेको अर्को सफल विधा निबन्ध हो । वस्तुपरक भन्दा आत्मपरक शैलीका निबन्ध लेख्न रुचाउने नासननी मूलतः: आत्मसंस्मरणात्मक निबन्धका स्रष्टा हुन् । २०५५ सालमा ‘लाउराको आँसु’ शीर्षक संस्मरणात्मक निबन्ध “उन्नयन” पत्रिकामा प्रकाशित गरी औपचारिक निबन्ध यात्रा आरम्भ गरेका उनका “सुनकोसी”, “मधुपर्क”, “गरिमा” आदि पत्रिकामा विभिन्न निबन्धहरू प्रकाशित छन् । विभिन्न पत्र पत्रिकामा प्रकाशित र केही नवीन निबन्धहरू समेतको सङ्ग्रहका रूपमा (२०६१) सालमा प्रकाशित **संस्मरण यात्रा संस्मरण** उनको एक मात्र संस्मरणात्मक निबन्ध सङ्ग्रह हो । साझा प्रकाशनबाट प्रकाशित यस सङ्ग्रहमा संस्मरण र यात्रा संस्मरण खण्डमा विभाजित विभिन्न शीर्षकका ११ वटा निबन्धहरू सङ्ग्रहित छन् । आफू विद्यार्थी अवस्थामा हुँदादेखि हालसम्म घुमेका खास गरी विदेशी भूमिका विभिन्न स्थल र घटनालाई संस्मरणात्मक शैलीमा विषयबद्ध गरिएका यस सङ्ग्रहका निबन्धहरूले शब्दचित्रका माध्यमद्वारा विदेशी भूमि, परिवेश र संस्कृतिको यथार्थ प्रस्तुत गर्न सफल भएका छन् । सरल र सहज भाषाशैलीका माध्यमबाट पाठकहरूको मन तान्न सफल कन्हैया नासननी संस्मरणात्मक निबन्धका फाँटमा अलग्गै पहिचान बनाउन सफल निबन्धकार हुन् । यसैका आधारमा उनको निबन्धकार व्यक्तित्व पनि उजिल्लिएको पाइन्छ ।

साहित्यका विविध विधामा कलम चलाउने कन्हैया नासननीको साहित्यिक व्यक्तित्वको अर्को पाटो बाल कथाकार व्यक्तित्व पनि हो । विभिन्न पत्र पत्रिकामा बालकथाहरू प्रकाशित गरेका उनका पुस्तकाकार बालकथा सङ्ग्रहका रूपमा **चराहरूको पर्यटन मेला** (२०६४), **टिन टिन गोल्टिन** (२०६५) र **बुलबुल चरा र गुलाफको फूल** (२०६७) प्रकाशित छन् । रत्न पुस्तक भण्डारद्वारा प्रकाशित **चराहरूको पर्यटन मेला** सङ्ग्रहमा पशुपन्छीसँग सम्बन्धित ६ वटा बालकथाहरू सङ्ग्रहित छन् । बाल बालिकाहरूलाई नैतिक सन्देश दिने उद्देश्यले लेखिएका यी कथाहरूमा सरल तथा रोचक भाषाशैलीको प्रयोग गरिएको छ । त्यस्तै रातोबङ्गला स्कुलद्वारा प्रकाशित **टिन टिन गोल्टिन** सङ्ग्रहमा धातु सम्बन्धी प्रचलित कथाहरू समावेश गरिएका छन् । यी कथाहरूमा धातुको अध्ययनमा बालबालिकाको रुचि बढाउनु नै मूल उद्देश्य रहेको पाइन्छ । रुसी लेखक एस.आई. बेनेत्स्कीबाट लिखित **टेल्स अबाउट मेटल्स** पुस्तकलाई सामाग्री साभारका रूपमा लिई त्यसभित्रका  केही कथालाई छनौट गरी नेपाली सन्दर्भसित जोडेर तयार गरिएको प्रस्तुत पुस्तक उनको उत्कृष्ट बालकथा सङ्ग्रह हो । **बुलबुल चरा र गुलाफको फुल** सङ्ग्रहमा विभिन्न शीर्षकका ६ वटा बालकथाहरु सङ्ग्रहित छन् । यसरी उत्कृष्ट बालकथाहरूको सिर्जनाद्वारा नेपाली बाल साहित्यको उत्थानमा टेवा पुऱ्याउने कन्हैया नासननीको बाल कथाकार व्यक्तित्व पनि सफल रहेको छ ।

नेपाली साहित्यका अन्य विधामा झैँ बाल साहित्यको पनि विभिन्न विधामा कलम चलाएर पहिचान बनाउन सफल कन्हैया नासननीको साहित्यिक व्यक्तित्वको अर्को पाटो बाल जीवनीकार व्यक्तित्व पनि हो । विभिन्न पत्र पत्रिकामा विश्व प्रसिद्ध व्यक्तिहरूको जीवनी प्रकाशित गरी बाल बालिकालाई प्रेरणा प्रदान गर्ने उनका रत्न पुस्तक भण्डार काठमाडौंद्वारा प्रकाशित दुई वटा पुस्तकाकार जीवनी सङ्ग्रह क्रमशः **विज्ञानका ताराहरू** (२०६२) र **अन्तरिक्ष यात्रीहरू** (२०६६) प्रकाशित छन् । विभिन्न भाषामा पाइने विश्व प्रसिद्ध व्यक्तिहरूको प्रेरणादायी जीवनीलाई सरल नेपाली भाषामा लेखेर बाल बालिकाहरूलाई जिज्ञासा समाधान गरी प्रेरणा प्रदान गर्नु र अन्य जिज्ञासुहरूलाई पनि जिज्ञासा मेटाउने

उद्देश्यले लेखिएका यी जीवनी सङ्ग्रहहरूले नेपाली वाल साहित्यमा अलग्गै स्थान कायम गर्न सकेको पाइन्छ । यिनै बाल जीवनी सङ्ग्रहका आधारमा कन्हैया नासननीको बाल जीवनीकार व्यक्तित्व पनि प्रस्ट हुन्छ ।

कन्हैया नासननीको साहित्यिक व्यक्तित्वको अर्को पाटो अनुवादक व्यक्तित्व पनि हो । विभिन्न भाषाका ज्ञाता नासननीले अङ्ग्रेजी तथा अन्य भाषामा प्रकाशित कृतिहरूलाई नेपाली परिवेशमा ढालेर मौलिकता सहित अनुवाद गरेका छन् । रुसी लेखक एस.आई.बेनेत्स्कीद्वारा लिखित **टेल्स अबाउट मेटल्स** नामक पुस्तकका केही कथाहरूलाई अनुवाद गरी लेखिएको टिन टिन गोल्टिन उनको अनुदित बालकथा सङ्ग्रह हो । भाषागत रूपमा रूपान्तरण मात्र नगरी कथाका शीर्षक र परिवेशमा पनि पर्याप्त मौलिकता सिर्जना गरिएको प्रस्तुत पुस्तक उनको उत्कृष्ट अनुवाद कृति हो । यसैगरी नासननीद्वारा लिखित **विज्ञानका ताराहरू** (२०६२) र **अन्तरिक्ष यात्रीहरू** (२०६६) बाल जीवनी सङ्ग्रहलाई पनि विभिन्न भाषाबाट सामाग्री लिएर लेखिएका अनुदित तथा पर्याप्त मौलिकता युक्त रचना मान्न सकिन्छ । यस आधारमा कन्हैया नासननीको अनुवादक व्यक्तित्व पनि सफल मान्न सकिन्छ ।

### ३.२.२ साहित्येतर व्यक्तित्व

कन्हैया नासननी बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन । यिनले साहित्यिका साथै साहित्येतर कार्यहरूमा पनि महत्वपूर्ण योगदान दिएका छन् । यिनका साहित्यिक व्यक्तित्व भित्र विभिन्न पाटाहरू भएजस्तै साहित्येतर व्यक्तित्वका पनि विविध पाटाहरू रहेका छन् । यहाँ उनका साहित्येतर व्यक्तित्वका विविध पाटाहरूका बारे बुँदागत रूपमा चर्चा गरिएको छ ।

#### ३.२.२.१ प्राविधिक/प्रशासनिक व्यक्तित्व

कन्हैया नासननीले वि.सं.२०२८ देखि २०५८ सम्म तिस वर्षको अवधि नेपाल सरकारको जिम्मेवार प्राविधिक र प्रशासनिक व्यक्तित्वका रूपमा व्यतित गरेका छन् । २०२८

सालमा नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गत टान्स्पोर्ट एन्ड इक्विपमेन्ट मेन्टेनेन्स अर्गनाइजेसन विभागको प्रमुखका रूपमा सेवा प्रवेश गरेका उनले २०३४ सम्म सोही पदमा रहेर कार्य गरे । २०३४ सालमा तत्कालीन शा.ने.वा.नी.को प्रबन्धकका रूपमा नियुक्त भएका नासननीले २०५८ सम्म प्रबन्धक अधिकृत तथा का.मु. उपनिर्देशकका रूपमा समेत काम गरेर एक सफल प्रशासकको भूमिका बहन गरे ।[२४]

यसरी नासननीले सरकारी सेवाको विभिन्न प्रशासनिक र प्राविधिक पदमा रहेर लामो समयसम्म नेतृत्वदायी भूमिका र कुशलतापूर्वक कार्य सम्पादन गरेकाले उनको प्रशासकीय व्यक्तित्व सफल रहेको छ । आफ्नो अनुभव, ज्ञान, दक्षता तथा नियम, कानुनमा अडिग रहेर जनताको सेवा गर्नमा कुनै कसर नराख्ने उनले कुनै गलत कार्य गरेर सजायको भागी बन्नु परेन । भ्रष्ट कर्मचारी तन्त्रको बिचमा रहेर पनि इमानदारी र कर्तव्य परायणताका कारण विवादको घेराबाट सदा मुक्त रहन सफल उनको प्रशासकीय व्यक्तित्व प्रशंसनीय रहेको देखिन्छ ।

**३.२.२.२ प्राध्यापक व्यक्तित्व**

बहुमुखी व्यक्तित्वका धनी कन्हैया नासननीको साहित्येतर व्यक्तित्वको अर्को पाटो प्राध्यापक व्यक्तित्व पनि हो । लामो समयसम्म नेपाल सरकारको प्राविधिक र प्रशासनिक सेवामा रहेर कार्य सम्पादन गरेका नासननीले आफ्नो सरकारी सेवाको समाप्ति पछि करिब ६ महिना २०६० सालमा काठमाडौं विश्व विद्यालय अन्तर्गत अटोमोवाइल र इन्जिनियरिङ ड्रोइङ विषयमा शिक्षण गरेका थिए । छोटो अवधि मात्र शिक्षण पेशामा संलग्न रहे तापनि उनको प्राध्यापक व्यक्तित्व पनि सफल रहेको पाइन्छ । शारीरिक अस्वस्थता र बुढौलीका कारण प्राध्यापन कार्यमा निरन्तरता दिन नसके तापनि उनको व्यक्तित्वको अर्को पाटो प्राध्यापक व्यक्तित्व पनि हो ।[२४]

---

### ३.२.२.३ बहुभाषी व्यक्तित्व

नेपाली भाषामा आफ्ना सिर्जनाहरू गर्ने नासननीलाई बहुभाषी व्यक्तित्वका रूपमा पनि चिन्न सकिन्छ । नेपाली भाषाका अतिरिक्त उनी नेवारी, हिन्दी, अङ्ग्रेजी, रुसी भाषा पनि राम्रोसँग बोल्न र लेख्न सक्दछन् । मातृभाषा नेवारी भएकाले नेवारी भाषाको ज्ञान भएका नासननीले आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण नेपाली भाषाबाट गरेका छन् । यसका साथै अङ्ग्रेजी र रुसी भाषाको पनि राम्रो ज्ञान भएकाले उनी बहुभाषी व्यक्तित्व हुन् भन्न सकिन्छ ।[२४]

### ३.२.२.४ सामाजिक व्यक्तित्व

कन्हैया नासननी आधिकारिक रूपमा समाजसेवीका रूपमा परिचित नभए पनि उनी समाजका दीन दुःखीप्रति दया, माया, प्रेम र सहानुभूतिको भावना देखाउने व्यक्तित्वको रूपमा परिचित छन् । उनी जोसुकैले पनि आफ्नो अगाडि दुःख पोखेमा यथाशक्ति सहयोग गर्छन ।[२४] उनले समाज सेवाका क्रममा आफ्नो जन्मस्थल पनौती र काठमाडौंमा सक्दो आर्थिक सहयोग दिँदै आएका छन् । त्यसैले पनि आफू बसेको समूदायमा उनी श्रद्धा र मायाका पात्र बनेका छन् ।

### ३.२.२.५ जीवनी, व्यक्तित्व र लेखनका बिच अन्त : सम्बन्ध

कन्हैया नासननीको ६५ वर्ष लामो जीवन विभिन्न सुखद् एवम् दुःखद् परिस्थितिहरू झेल्दै गुज्रेको देखिन्छ । आफूले बाल्यकालदेखि हालसम्म भोगेका सुख दुःख, सहज र असहज परिस्थिति तथा विभिन्न सङ्घसंस्थामा काम गर्दाको अनुभव आदिको ज्ञान र सिपबाट यिनको साहित्यिक व्यक्तित्वको निर्माण भएको देखिन्छ । जीवनका सङ्घर्ष मिहिनेत, निर्भिकता र अध्ययनशीलताले नासननीलाई सफलताको सिँढीमा पुऱ्याएको हो । विविध विधामा कलम चलाएका नासननीका साहित्यिक कृतिहरूमा जीवन भोगाइका कटु यथार्थ, सामाजिक र राजनैतिक परिवेश आदि विविध विषय वस्तुको चित्रण पाइनुका साथै देश विदेशबाट प्राप्त

अनुभव आदि अभिव्यक्त भएका छन् । व्यक्तिगत जीवनमा आएका उतार चढाउसँगै उनको साहित्यिक जीवन क्रमशः परिष्कृत र परिमार्जित हुँदै अगाडि बढेको देखिन्छ ।

निष्कर्षतः बाल्यावस्थादेखि आजसम्म नासननीको जीवनी र व्यक्तित्वलाई हेर्दा जीवन भोगाइका अनुभव अनेक आरोह अवरोह, विभिन्न सङ्घ संस्थासँगको संलग्नता, विदेश बसाइ, विभिन्न विशिष्ट व्यक्तिहरूसँगको सम्पर्क आदिले गर्दा उनको साहित्य सिर्जनामा राम्रो संयोजन भएको छ । उनी अहिले आफ्नो प्रारम्भिक कालको सिकारू लेखनदेखि क्रमशः परिष्कृत हुँदै अगाडि वढि रहेका छन् ।

परिच्छेद चार

# कन्हैया नासननीको आख्यानात्मक र आख्यानेतर कृतिहरूको विश्लेषण

आधुनिक गद्य साहित्यलाई आख्यानात्मक र आख्यानेतर भनेर विभाजन गर्ने प्रचलन रहेको पाइन्छ । गद्यमा लेखिएको दुई वा सो भन्दा बढी स्वतन्त्र घटनाहरू परस्पर गाँसिएर निर्माण हुने अनिवार्य रूपमा कथानक रहेको साहित्यिक विधा आख्यान हो । आख्यान अन्तर्गत कथा र उपन्यासलाई लिने गरिन्छ । त्यस्तै आख्यानको अभाव रहने गद्यमा लेखिएको कुनै खास विषय वस्तु, शैली र दृष्टिकोणमा आधारित स्वतन्त्र अभिव्यक्ति आख्यानेतर साहित्य हो । यस अन्तर्गत निबन्धात्मक रचनाहरू पर्दछन् । कन्हैया नासननीका साहित्यिक कृतिहरूलाई आख्यानात्मक, आख्यानेतर र बालसाहित्य गरी तिन खण्डमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

## ४.१ पृष्ठभूमि

नेपाली साहित्यका क्षेत्रमा लगभग चार दशक (वि.सं.२०२५-वर्तमान) साधनारत कन्हैया नासननीले कथा, उपन्यास, बालकथा, संस्मरणात्मक निबन्ध र बाल जीवनी विधामा कलम चलाएका छन् । पुस्तकाकार कृतिका अतिरिक्त उनका फुटकर रचनाहरू विभिन्न पत्र पत्रिकामा छरिएर रहेका छन् । नासननीका प्रकाशित पुस्तकाकार आख्यानात्मक र आख्यानेतर साहित्यिक कृतिहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.२ प्रकाशित रचनाहरूको विवरण

कन्हैया नासननीले नेपाली साहित्यका कथा, उपन्यास, संस्मरणात्मक निबन्ध, बालकथा र जीवनी जस्ता विविध विधामा कलम चलाएका छन् । लगभग एक दर्जन पुस्तकाकार कृतिका साथै विभिन्न पत्र पत्रिकामा थुप्रै लेख रचनाहरू प्रकाशित गरेका

नासननी अहिले पनि लेखन कार्यमा सक्रिय रहेका छन् । उनका प्रकाशित पुस्तकाकार कृति तथा फुटकर रचनाको विवरण यस प्रकार रहेको छ :

**कन्हैया नासननीका प्रकाशित पुस्तकाकार कृतिहरू**

| क्र.सं. | शीर्षक | विधा | साल |
|---|---|---|---|
| १ | क्लियोपाट्रा | उपन्यास | २०४७ |
| २ | एउटा सहरको कथा | उपन्यास | २०४८ |
| ३ | मुटुका व्यथाहरू | कथा सङ्ग्रह | २०५६ |
| ४ | सिपाही | उपन्यास | २०५७ |
| ५ | संस्मरण यात्रा संस्मरण | निबन्ध सङ्ग्रह | २०६१ |
| ६ | विज्ञानका ताराहरू | बालजीवनी सङ्ग्रह | २०६२ |
| ७ | चराहरूको पर्यटन मेला | बालकथा सङ्ग्रह | २०६४ |
| ८ | सुन्दर पार्कका सुन्दर फूलहरू | उपन्यासिका | २०६४ |
| ९ | टिन टिन गोल्टिन | बालकथा सङ्ग्रह | २०६५ |
| १० | अन्तरिक्ष यात्रीहरू | बालजीवनी सङ्ग्रह | २०६६ |
| ११ | रातो आँसु | उपन्यास | २०६६ |
| १२ | बुलबुल चरा र गुलाफको फुल | बालकथा सङ्ग्रह | २०६७ |

**कन्हैया नासननीका फुटकर लेख रचनाहरू**

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | वर्ष | अङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|
| १ | गोपालदाइ | कथा | गोधूली | | ११ | ४३-४८ | २०५७ |
| २ | जोइटिङ्ग्रे | कथा | समकालीन साहित्य | १२ | १ | ५२-६३ | २०५८ |
| ३ | जन्मदिनको उपाहार | कथा | मधुपर्क | ३६ | ५ | ५४-६० | २०६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सर्वस्व हरण हुँदा पनि उहाँ विचलित हुनु भएन | लेख | मधुपर्क | ३८ | १ | ६०-६३ | २०६२ |
| ५ | विष्मय | कथा | शारदा | १ | ८ | ५७-६१ | २०६४ |
| ६ | अतिथि देवो भवः | निबन्ध | मिर्मिरे | ३७ | ९ | ५८-६४ | २०६५ |
| ७ | एउटी अर्की डायना | कथा | गरिमा | २७ | २ | १७-२५ | २०६५ |

## ४.३ कन्हैया नासननीका औपन्यासिक कृतिहरूको विश्लेषण

### ४.३.१ पृष्ठभूमि

कन्हैया नासननीको उपन्यास लेखन वि.सं.२०४७ बाट आरम्भ भएको हो । २०४७ सालमा **क्लियोपाट्रा** उपन्यास प्रकाशित गरी प्रारम्भ भएको उनको उपन्यास यात्रा **एउटा सहरको कथा** (२०४८), **सिपाही** (२०५७), **सुन्दर पार्कका सुन्दर फुलहरू** (२०६४) तथा **रातो आँसु** (२०६६) हुँदै निरन्तर अगाडि बढि रहेको छ ।

उपन्यासका तत्त्वहरू के कति छन् भन्ने बारेमा विद्वान्‌हरूका बिच विविध मत मतान्तर रहेका छन् । कन्हैया नासननीका उपन्यासलाई निम्न लिखित तत्त्वका आधारमा विश्लेषण गरिएको छ । ती यसप्रकार रहेका छन् : संरचना, कथानक, पात्र वा चरित्र, परिवेश, दृष्टिविन्दु, सारवस्तु र भाषाशैली ।

### ४.४.२ 'क्लियोपाट्रा' उपन्यासको विश्लेषण

**क्लियोपाट्रा** कन्हैया नासननीद्वारा लिखित पहिलो उपन्यास हो । २०४७ सालमा प्रकाशित यस उपन्यासमा प्राचीन रोम साम्राज्यकी महारानी क्लियोपाट्रालाई प्रतीकात्मक शीर्षकका रूपमा प्रस्तुत गर्दै नेपाली समाजमा नारीहरूको अवस्था, नारी समस्या, पीडा, पुरुषको हैकमवादी प्रवृत्ति साथै नारी विद्रोह र परिवर्तनको चाहनालाई विषय बनाइएको छ । प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## संरचना

**क्लियोपाट्रा** उपन्यास आयामगत संरचनाका दृष्टिले लघु उपन्यासका रूपमा रहेको छ । यसमा साना-ठूला गरी ४५० जति अनुच्छेदहरू समाविष्ट रहेका छन् । ९० पृष्ठको आयाममा विस्तारित यस उपन्यासमा खण्ड वा अंशगत विभाजन रहेको देखिँदैन । उपन्यासभित्र कथावस्तुको सामान्य परिवर्तनका सन्दर्भमा □ (चतुर्भुज) र × (क्रस) चिन्हद्वारा सङ्केत गरिएको छ । यस्तो चिन्हले कथानक परिवर्तनलाई खासै मद्दत पुऱ्याएको छैन । बबीको विवाहका सन्दर्भमा र उनीहरूका बाल्यकालको विवरणका सन्दर्भमा कथानक केही भङ्ग भएको देखिन्छ । यसर्थ संरचनामा कथानकीय विभग्नताले शैथिल्य थपेको पाइन्छ । यति भए पनि अन्तर्बाह्य निहित औपन्यासिक संरचनाका दृष्टिले प्रस्तुत उपन्यास सुगठित रहेको पाइन्छ ।

## कथानक योजना

कथावस्तु उपन्यासको कथ्य वस्तु हो अथवा उपन्यासको कथ्यवस्तुको रूपमा आउने विषय नै  कथावस्तु हो । यसको निर्माण जीवनले आत्मसात गरि रहेका वस्तु र घटनालाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ । उपन्यासको उद्देश्य अनुरूप यसको विषय वस्तु इतिहास, पुराण, समाज, संस्कृति आदि विविध हुन सक्छ ।[२४]

**क्लियोपाट्रा** उपन्यासको कथानक कथयिता बबीले आफ्नो विगतलाई स्मरण गरेको प्रसङ्गबाट आरम्भ भएको छ । गर्मीको समय भएकाले बबी झ्यालबाट बाहिर हेरि रहेकी हुन्छे । उसकी बाल्यकालीन छिमेकी दिदी रोजिना बाटो सोध्दै बबीको घरमा आइ पुग्छे । आफ्नो भेषभुषामा सम्पूर्ण परिवर्तन गरेकी रोजिना हिन्दी भाषाको प्रयोग गर्नुका साथै आफूलाई रोजी भन्न र रोजिनालाई बिर्सन आग्रह गर्छे । आफ्नो पतिलाई फोटोग्राफर भनेर सम्बोधन गर्ने रोजी बबीको पतिसँग गफ लडाउन चाहन्छे तर ऊ भैरहवा गएकाले उसको

धोको पुरा हुँदैन । रोजी बेला बेलामा चुरोट पिइरहन्छे । दुवै मिलेर खाना बनाउने क्रममा पुराना घटनाहरूको स्मरण गर्दै हाँस्छन् । खाना तयार भइ सकेपछि रोजी बाहिर निस्कन्छे ।

बबी रोजीको वर्तमान अवस्था तथा विगतका विभिन्न घटनाको स्मरण गर्न पुग्छे । आफ्नी दिदी शान्तिले भन्दा रोजीले माया गरेको, धनकुटाबाट धरान बसाइँ सरेको, पिण्डेश्वर आदि क्षेत्रमा बिताएका पलहरू उसको मानसपटलमा ताजा भएर आउँछन् । धनकुटाको विज्ञान शिक्षकसँग प्रेम गरेकी शान्ति दिदीले आत्महत्या गरेको, रोजीको विवाह आदि घटना पनि बबी सम्झन्छे । विवाह भएको एक वर्षसम्म पनि रोजी धरान नफर्केको, गाडीको ठिटोलाई पत्र पठाउँदा प्रत्युत्तरमा रोजीले एक दर्जन चकलेट सहित आफ्नो परीक्षा सफलताको कामना गरेको, रोजी घरायसी समस्यामा परेको कुरा ठिटोबाट थाहा पाएको तथा आफ्नो दाजु कुलतमा फसेको आदि प्रसङ्ग पनि बबी विशृङ्खलित रूपमा सम्झन्छे । बबी रोजीनाको वैवाहिक जीवन बिग्रेको अनुभव गर्छे । रोजिनाले घरमा बुहार्तन सहनु परेको छ, उसको पति आफ्नो स्टुडियोमा कसैलाई प्रवेश दिँदैन र अर्धनग्न तस्बिर राखेर मस्त बन्छ । रोजिनाकी आमा चारधाम जान्छिन् । रोजिना र बबीका बिचमा पत्राचार भइरहन्छ । रोजिना कोही आफन्तसँग भेट्न चाहन्न । बबी आफूभन्दा बिस वर्ष जेठो मानिससँग विवाह गरी काठमाडौं जान्छे । यति भएर पनि पत्रका माध्यमबाट रोजिनाको खबर लिइ रहन्छे । आफू र नन्दले स्विटर बुनेर घर धान्नु, लोग्ने मोनिका नामक केटीसँग लाग्नु र आफ्ना गहना लगेर उसलाई दिनु तथा बेला बेलामा कुट्नु जस्ता घटनाले रोजिना मर्माहत बन्दछे ।

एकादशीको पुराणमा बबी धरान फर्कन्छे र त्रिशूल पत्रिकाको सम्पादकलाई रोजिनाका निम्ति सिक्रि पठाउँछे । रोजी रेड्क्रसमा काम गर्न थाल्छे र जुलियससँग नजिकिन्छे । रात्रीको समयमा स्टुडियोको ढोका घच्याट्न पुगेकी रोजीलाई डोरीले बाँधेर उसको पति मोनिकासँग यौनालाप गर्छ । भाउजूबाट रोजिना सिलगुडी अस्पतालमा छे भन्ने थाहा पाएर बबी बाबु लप्टन बासँग सिलगुडी पुग्छे । रोजिना अस्पतालको बेडमा हुन्छे भने जुलियस उसको हेरचाहमा व्यस्त रहन्छ । पतिको कुटाइले घाइते  रोजिनालाई जुलियस र उसका साथीहरूले अस्पताल ल्याएका हुन्छन् । बबीले रोजिनलाई धरान लिएर जान चाहन्छे तर लोग्नेसँग बदला

लिने अठोट लिएकी रोजिना र जुलियस त्यहाँबाट हिडि सक्छन् । बबी र लप्टन बा मात्र धरान फर्कन्छन् ।

यसपछिका घटना पुन पत्र मार्फत बुझिन्छ । अस्पतालबाट निस्केपछि रोजिना जुलियसको सहायतामा इलाम पुगेर पतिलाई बन्धक बनाइ उसको आँखा सामुन्ने जुलियसँग यौनिक क्रिया गरेर प्रतिशोध लिन्छे । त्यसपछि भारतका विभिन्न भूभागमा घुम्दै प्रवासी नेपालीहरूका समस्या र नारी पीडाहरूसँग प्रत्यक्ष सहभागी बन्दै जागरणको काम गर्छे । भूमिगत रूपमा प्रहरीको आँखा छल्दै उनीहरू उक्त कार्यमा संलग्न रहन्छन् । भारत गएपछि लामो समय रोजिना र बबीको भेट भएको हुँदैन । अकस्मात रोजिना बबीको घरमा आएकाले बबी पुराना स्मृतिका पाना एकाएक पल्टाउँछे । साँझमा घुम्न निस्किएकी रोजिना राति घर फर्कन्छे । रोजिना पशुपति घुम्न गएको, बाग्मतीमा बग्दै आएको लास देखेर आफू पनि बाग्मतीमा पसेको तर एक जना जोगीले हपारेकाले फर्किएर आएको कुरा बबीलाई सुनाउँछे । खाना खाने बेलामा रोजी क्लियोपाट्रा नामक रक्सी र चुरोट असाध्य पिउँछे । ऊ बबीले रोक्दा समेत नटेरेर चुरोट र रक्सी पिएर नै आफूलाई सिध्याउन चाहन्छे । मिश्र देशकी महारानी क्लियोपाट्रा र सेक्सपियरको नाट्य पात्र क्लियोपाट्राका बारेमा धेरै बेर कुराकानी हुन्छ । रात धेरै छिप्पिएकाले रोजिनालाई अर्कै कोठामा सुत्ने प्रबन्ध मिलाई बबी आफ्नो कोठमा जान्छे । बिहान उठ्दा रोजिना मरि रहेकी हुन्छे, उसका नजिक स्लिपिङ ट्याबलेटका खोल र एउटा पत्र हुन्छ । बबी रोजिनाको मृत शरीरलाई हेर्दै उसको सुन्दरता मिश्र देशकी महारानी क्लियोपाट्राको जस्तै ठान्दछे । यसै घटनाका साथ प्रस्तुत उपन्यासको कथानक समाप्त हुन्छ ।

प्रस्तुत उपन्यासको कथानक अन्त्यबाट आरम्भ भएको छ । तसर्थ यसको कथानकलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध गर्न नसकिने देखिन्छ । यति भए पनि यसको आदि भाग रोजिनाको बाल्यकालदेखि उसको विवाहसम्म, मध्य भाग पतिका दुर्वृत्तिको खुलासादेखि भारतमा भूमिगत भएको घटना तथा काठमाडौं पुगेसम्म र अन्त्य भाग बबीसँगको भेटघाटदेखि रोजिनाको मृत्युसम्म मान्न सकिन्छ । रोजिनाका जीवनमा घटित

घटना उपन्यासको प्रमुख कथानक हो भने बबीको बाल्यकाल, विवाह, घर परिवार र माइतीका कुरा सहायक कथानकका रूपमा रहेका छन् ।

**क्लियोपाट्रा** उपन्यासको कथानकलाई रोचकता प्रदान गर्न यथोचित कुतूहल सिर्जना गरिएको छ । पटक पटक पतिको पीडा खेपि रहेकी रोजिनाको जीवनबारे प्रशस्त कुतूहल पाठकमा जाग्छ । पतिको कुटाइबाट थला परेकी रोजिनाको जीवन, भूमिगत अवस्था र मृत्युका कारणले पनि पर्याप्त कुतूहल सृजना गरेका छन् । आन्तरिक र बाह्य द्वन्द्वको प्रयोगले उपन्यासको कथानकलाई सहज गति प्रदान गरेको छ । रोजिना र उसको पतिका बिचको द्वन्द्व, जुलियस र श्यामका बिचको द्वन्द्व बाह्य द्वन्द्व हुन् । यस बाहेक रोजिनाका मानकिस द्वन्द्व, कुजात भित्र्याउने छोरो र लप्टनबा बिचको द्वन्द्व, रोजिना र बबीका बिचको वैचारिक द्वन्द्व आन्तरिक द्वन्द्वका रूपमा आएका छन् ।

## पात्र वा चरित्र विधान

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ ।[२४]

**क्लियोपाट्रा** उपन्यासको कथानक रोजिनाको केन्द्रीयतामा अगाडि बढेको छ । रोजिनाकै बाल्यकाल, गार्हस्थ्य पीडा, भूमिगत जीवन एवम् परिवर्तित आचरणसँग कथानक सम्बद्ध छ । तसर्थ रोजिना प्रस्तुत उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र हो । रोजिनाका साथै बबी, श्याम, जुलियस, कप्तान बा, कप्तान्नी आमा, रोजिनाकी सासू, नन्द, जुलियसका साथीहरू पुलिस आदि अन्य पात्रका रूपमा प्रयुक्त छन. । उपन्यासको आरम्भदेखि अन्त्यसम्म केन्द्रीय रूपमा देखा परेकी रोजिना सुरुमा सरल र सहनशील नेपाली छोरी बुहारी हो । आफ्नै आँखा सामुन्ने परस्त्रीसँग यौनाचार गर्ने पतिको व्यवहारले उसमा प्रतिशोधको भावना विकसित भएको छ भने प्रतिशोध साँध्नका निम्ति उसले पनि सोही मार्ग अपनाएकी छे ।

भूमिगत बन्ने, रक्सी चुरोट पिउने तथा पुरानो रोजिना मरेर रोजी बनी भन्ने उसमा गतिशील चरित्र पाइन्छ । रक्सी चुरोट पिएर आफूलाई सिध्याउन खोज्ने, बाग्मतीमा हामफाल्ने तथा क्लियोपाट्रालाई आदर्श मान्ने उसमा मृत्युन्मुखी चरित्रको विकास भएको छ । मन्दिर र धर्मकर्ममा विश्वास गर्ने रोजिना प्राचीन भिश्र देशकी महारानी क्लियोपाट्रा र सेक्सपियरका नाटकका बारेमा समेत जानकारी राख्ने ऊ बौद्धिक चरित्र समेत हो । अन्त्यमा अत्यधिक स्लिपिङ ट्याबलेटको सेवनले मृत्यु वरण गरेकी रोजिना पाठकको सहानुभूतिको पात्र बन्दछे । यसर्थ रोजिना प्रमुख, मञ्चीय, नारी, बद्ध, गतिशील र व्यक्तिगत चरित्र हो ।

बबी यस उपन्यासकी कथयिता सहयोगी एवम् सहायक नारी पात्र हो । उसले पत्राचारका माध्यमबाट प्राप्त रोजिनाका समस्यालाई पूर्वदीप्ति शैलीमा व्यक्त गरेकी छे । म पात्रका रूपमा प्रस्तुत बबी आज्ञाकारी र सहनशील नारी हो । रोजिनाका बारेमा चिन्तित बन्ने उसमा सहयोगी भावना पाइन्छ । बबी यस उपन्यासकी सहायक, अनुकूल, बद्ध र मञ्चीय नारी पात्र हो । त्यस्तै श्याम यस उपन्यासको प्रमुख पुरुष एवम् प्रतिकूल चरित्र हो । रोजिनाको पति श्याम फोटो स्टुडियो सञ्चालन गरे तापनि पेसा र परिवारप्रति गैर जिम्मेवार भ्रष्ट पतित एवम् खल चरित्र हो । रोजिनालाई अप्ठ्यारो अवस्थामा सहयोग गर्ने जुलियस यस उपन्यासको सहायक पुरुष पात्र हो । अर्काकी पत्नी रोजिनालाई निस्वार्थ सहयोग गर्ने ऊ अनुकूल, मञ्चीय, बद्ध एवम् व्यक्तिगत पुरुष पात्र हो । वर्णनका क्रममा आएका अन्य पात्रहरू गौण भूमिकामा प्रस्तुत भएका छन् ।

## परिवेश विधान

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्य पीठिका हो । त्यही कार्य पीठिका नै उपन्यासको परिवेश हो । उपन्यासका पात्रहरूको कार्य कलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसलाई वातावरण, परिवृत्ति, परिधि, देशकाल वातावरण आदि कथान्तरमा सम्बोधन गरिन्छ ।[२४]

प्रस्तुत 'क्लियोपाट्रा' उपन्यासमा २०४२ सालतिरको घटना समावेश रहेको देखिन्छ । यसमा नेपाली समाजमा नारी स्वतन्त्रता र नारी अधिकार स्थापना हुन लागेको स्थिति प्रकटित छ । नारीका समस्यालाई कम महत्त्व दिने एवम् पुरुषका अनाचार र दुर्वृत्ति विरुद्ध आबाज नउठाउने अनमेल समाज यहाँ आएको छ । विद्रोही बनेर बदला लिन चाहने रोजिनाको कार्यले नारीहरू क्रमशः जागरुक र सचेत बन्दै गएको अवस्था बोध हुन्छ । नेपाली समाजको धार्मिक प्रवृत्ति र जातीय प्रथा लप्टन बाका चरित्रबाट कायम रहेको देखिन्छ । बुहारीलाई पराइ ठानेर गरिने भेदभावयुक्त समाज पनि यस उपन्यासमा आएको छ । स्थानगत दृष्टिले धनकुटा, धरान, इलाम, सिलगुडी, दरभङ्गा, पश्चिम बङ्गाल, काठमाडौं जस्ता स्थानगत परिवेश उपन्यासमा आएको देखिन्छ । प्रवासी नेपालीहरूको रूढिवादी परम्परा, अन्ध विश्वास जस्ता कार्यले प्रंवासी नेपाली समाजको दुर्दशा उद्घाटित हुन्छ । यसर्थ उपन्यासमा परिवेशको विविधता पाइन्छ र परिवेशकै कारण पात्रहरूको मनस्थिति र क्रिया व्यापार प्रभावित बनेको देखिन्छ ।

## दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि रहन वा बस्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण गर्दछ ।[२४]

**क्लियोपाट्रा** उपन्यासमा प्रयुक्त मूल कथानक रोजिनासँग सम्बन्धित छ । सम्पूर्ण कथानक 'म' पात्र बबीका पूर्वस्मृतिमा आधारित छ । रोजिनाबाट प्राप्त पत्रहरूका माध्यमले उसका जीवन व्यथालाई बबी व्यक्त गर्दछे । ऊ उपन्यासकारको मुख पात्रका रूपमा उपन्यासमा आएकी छे । कतिपय अवस्थामा रोजिनाका पत्रमा व्यक्त घटनालाई ऊ विश्लेषणात्मक रूपमा प्रस्तुत गर्दछे । घटनाको सरसर्ती वर्णनमात्र नगरेर आरम्भको थोरै समय र अन्त्यको केही समयसम्म उसको प्रत्यक्ष संलग्नता देखिन्छ । घटनालाई प्रभावित

ठानेर ऊ आफ्नो मनका विचारलाई समेत अभिव्यक्त गर्दछे । यद्यपि ऊ 'म' पात्रका रूपमा आएकी छे ।

**सारवस्तु**

उपन्यासमा समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । जुनसुकै रचनाको सृजना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । त्यही उद्देश्यलाई विचार वा सारवस्तु भनिन्छ ।[२४]

**क्लियोपाट्रा** उपन्यास नेपाली समाज र नारी जीवनका अवस्था, विद्रोही भावना र परिवर्तित चाहनासँग सम्बन्धित छ । य उपन्यासमा पुरुषका हैकमवादी प्रवृत्ति, अनाचार तथा नारीका दयालु, प्रेमालु चरित्रलाई प्रकट गरिएको छ । पुरुषहरू ऐश आराम र भोग विलासमा लिप्त हुँदै रमाइ रहेका हुन्छन् । यस्तो दुर्वृत्तिको भन्डाफोर गर्न नारी एकता र समन्वय आवश्यक छ भन्ने कुरालाई केन्द्रीय कथ्यका रूपमा लिइएको छ । नेपाली समाजमा नारीहरूले भोगेका समस्यामा पुरुष मात्र नभई नारी स्वयम् पनि दोषी हुन्छन् भन्ने कुरा मोनिकाको चरित्रबाट प्रस्ट पारिएको छ । मूलतः नेपाली समाजमा पुरुष दुर्वृत्ति र नारीका दुरावस्थाको चित्रण गर्दै समतामूलक समाजको स्थापना गर्न आवाज उठाएको छ । उपन्यासको समग्र कथानकमा रोजिनाका जीवन सन्दर्भ र अंशतः बबीको विवाह प्रसङ्गबाट उक्त सारवस्तु नाटकीकृत बनेर आएको देखिन्छ ।

**भाषाशैली**

भाषाशैली उपन्यासको प्रमुख तत्त्व हो । यो बिना उपन्यासकार आफूले भन्न र देखाउन चाहेको एवम प्रकट गर्न खोजेको लक्ष्यमा पुग्न सक्दैन । तसर्थ रचना भाषाकै रूपमा शक्तिशाली बन्न पुग्दछ । कथ्य लेख्य स्तरीय र संप्रेषणीय भाषा सरल, सहज वर्णनात्मक शैली अपनाई लेखिएको उपन्यास लोकप्रिय बन्न पुग्दछ ।[२४]

भाषा प्रयोगका दृष्टिले **क्लियोपाट्रा** उपन्यास अत्यन्त सरल रहेको छ । विषय वस्तुको बोधका निम्ति उपन्यासमा प्रयुक्त भाषा उपकारक रहेको देखिन्छ । नासननीको मातृभाषा नेवारी भएकाले यसमा नेवारी भाषाको भाषिक प्रभाव पाइन्छ । यस उपन्यासमा ड्रेसिङ, प्लेट, प्रेसर, फोटो जस्ता आगन्तुक शब्दहरूको प्रशस्त प्रयोग पाइनुका साथै शक्ति, परिणाम, बन्हि, मानिस जस्ता तत्सम र तद्भव शब्दहरूको बहुलता पाइन्छ ।

प्रायः सरल वाक्यको प्रयोग पाइने यस उपन्यासमा बबी र रोजिनाका बिच क्लियोपाट्राका विषयमा भएको कुराकानीमा तार्किक शैलीको प्रयोग पाइन्छ । बबीले रोजिनालाई  देखेपछि बाल्यकालदेखि वर्तमानसम्मको जीवन कहानी प्रस्तुत गरेकाले यस उपन्यासमा पूर्वदीप्ति शैलीको प्रयोग पाइन्छ । वर्णनात्मक शैलीमा लिखित यस उपन्यासमा पात्रका मनोदशालाई प्रकट गर्ने सन्दर्भमा विश्लेषणात्मक शैलीको पनि प्रयोग भएको देखिन्छ । पत्रात्मक शैलीको रोचक प्रयोग रहेको यस उपन्यासमा मुख्य पात्र रोजिनाका कतिपय अज्ञात घटनाहरूलाई पत्राचार पद्धतिबाट नै छर्लङ्ग पारिएको छ । यसर्थ प्रस्तुत उपन्यासमा वर्णनात्मक, विश्लेषणात्मक, पूर्वदीप्ति र पत्रात्मक शैलीको प्रयोग भएको छ । यसमा नासननीले संवादको पनि सान्दर्भिक र प्रभावकारी प्रयोग गरेका छन् ।

### ४.३.३ 'एउटा सहरको कथा' उपन्यासको विश्लेषण

**एउटा सहरको कथा** कन्हैया नासननीद्वारा लिखित दोस्रो उपन्यास हो । २०४८ सालमा प्रकाशित यस उपन्यासमा पुरुषको स्वार्थी चरित्रका कारण उजाड बन्न पुगेको नारी जीवन तथा अदूरदर्शी विकास योजनाका कारण उजाड बनेका पुराना सहरको अवस्थालाई विषय बनाइएको छ । समाजमा विद्यमान विविध समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्न यो उपन्यास सफल रहेको छ ।

**संरचना**

प्रस्तुत उपन्यास आयामगत संरचनाका दृष्टिले लघु उपन्यासका रूपमा रहेको छ यसमा सानाठुला गरी लगभग ४६५ जति अनुच्छेदहरू समाविष्ट रहेका छन् । ९८ पृष्ठको

आयाममा विस्तारित यस उपन्यासमा खण्ड वा अंशगत विभाजन रहेको छैन । उपन्यासभित्र कथावस्तुको सामान्य परिवर्तनका सन्दर्भमा एक ठाउँमा मात्र तीन वट ××× (क्रस) चिन्हको प्रयोग गरिए तापनि यस चिन्हले कथानक परिवर्तनमा खासै मद्दत पुऱ्याएको छैन । 'हुन्छ उसो भए म यो कथा भन्छु' भनी आरम्भ भएको यस उपन्यासको बिच बिचमा उपन्यासकारको हस्पक्षेपले कथानक केही विशृङ्खलित भएको देखिन्छ । यति भए पनि अन्तर्बाह्य निहित औपन्यासिक संरचनाका दृष्टिले प्रस्तुत उपन्यास सुगठित रहेको छ ।

**कथानक योजना**

प्रस्तुत **एउटा सहरको कथा** सामाजिक विषय वस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा पात्रहरूको मनोविज्ञानको समेत विश्लेषण गरिएको छ । देशमा भइ रहेका विकास कार्य अन्तर्गत राजमार्ग बन्ने क्रममा कति ठाउँले राजमार्ग जोडिएका कारण आफ्नो मुहार फेर्न पुगे भने कतिपय पुराना र नाम चलेका सहरहरू राजमार्ग नहुनाको पीडाले पिछडिए । प्रस्तुत उपन्यासको कथा पनि त्यस्तै एउटा सहरको कथासँग सम्बन्धित छ ।

काठमाडौंदेखि सुदूरको एउटा सहर नयाँ राजमार्ग बनेपछि बिस्तारै एकलास बन्दै गएको छ । सम्पूर्ण व्यापारीहरू सडकले छोएको सुविधा सम्पन्न नयाँ बजारतर्फ सरेपछि त्यहाँ मानिसको चहलपहल हराएको छ । समर बहादुर गौचन लगायत सहरलाई माया गर्ने केही मानिसहरूले छाड्न नसके पनि धेरै जसो बसाइँ सर्छन् । त्यसै सहरको साधारण कपडा पसलेकी छोरी रेवतीको जीवनमा पनि सहरमा जस्तै परिवर्तन आएको छ । सम्पूर्ण चहलपहल हराइ सकेको त्यस नयाँ सहरमा कोही नयाँ मानिस आउनासाथ त्यो सबैको चासो र चर्चाको विषय बन्न पुग्छ । यदि नयाँ युवक कुनै कर्मचारी बनेर आएको छ भने नव युवतीहरू आफ्नो रूप र यौवनको बलले त्यस मान्छेलाई प्रेममा पारेर आफ्नो बनाउने होडमा लाग्छन् । भरखरै गाउँको अस्पतालमा डाक्टर बनेर आएको विद्या कसम डाक्टरको प्रेममा फसेकी रेवती उसलाई धोका दिएर विद्याकसम डाक्टर दुई/चार महिनामै पलायन भएपछि सहर जस्तै उदास र उत्साहहीन बन्न पुगेकी छे ।

अस्पतालमा नयाँ डाक्टर आएको कुरा थाहा पाएपछि सशङ्कित र उत्सुक बनेकी रेवती समर बहादुर गौचनको घरमा डाक्टरलाई भेट्छे । अस्पतालद्वारा आयोजित खोप कार्यक्रममा सक्रिय सहभागिता जनाएकी रेवती नयाँ डाक्टर चेतनलाई मन पराउँछे भने डा. चेतन आफ्नी पूर्व प्रेमिका नताशाको झलक उसमा पाएर लठ्ठ पर्छ । कहिले आमालाई औषधी लिने नाममा त कहिले समर बहादुरलाई भेट्ने बहानामा भेटघाट बढाएका दुवै घन्टौं कुरा गरेर बिताउँछन् । रातै बस्ने गरी नयाँ बजारमा आयोजना भएको कार्यक्रममा सहभागी भएपछि उनीहरूको सम्बन्ध अझ नजिकिन पुग्छ । बेलाबेलामा सहरलाई पुनर्जीवन दिन सकिने कुरा गर्ने डाक्टर चेतन रेवती हाँसेको हेर्न चाहन्छ भने समर बहादुर गौचन सहर हाँसेको हेर्न चाहन्छन् । आफ्नी बहिनी सपनासँग झगडा भएपछि दुःखी बनेकी रेवती बाबु आमा कसैबाट सहानुभूति पाउन सक्दिन । आफ्नो दुःख बाँड्न साथीहरूकहाँ पुगेकी ऊ त्यतैबाट डाक्टरको क्वाटरमा पुग्छे । डाक्टरले खासै महत्त्व नदिएको बुझेर घरतिर फर्कने क्रममा सेती घर्तिनीलाई भेट्छे र उसैकामा खाजा खान्छे । आफूलाई माया गर्ने समर बालाई भेटेर मन हलुङ्गो बनाउने उद्देश्यले समर बहादुरको घरमा पुगेकी ऊ डाक्टरलाई त्यहीँ भेट्दा लज्जित बन्दछे । डाक्टर र समर बहादुरले झगडाको कुरा थाहा पाइ सके भन्ने बुझेपछि अप्ठ्यारो महसुस गर्दै घरतिर फर्कन तयार हुन्छे । डा. चेतन पनि रेवतीलाई पुऱ्याउन उसकै पछि लाग्छ । रेवती बाटामा पर्ने इन्द्राणी मन्दिरमा दर्शन गर्न भित्र पस्छे । कहिल्यै मन्दिर नपस्ने डा. चेतन पनि ऊसँगै मन्दिरमा पस्छ र आँखा चिम्लेर प्रार्थना गर्छ । मन्दिरबाट निस्किएपछि छेउको ढुङ्गामा बसेर साँझको प्राकृतिक सुन्दरता र सहरको वर्णन गर्दै भावुक बनेको डाक्टरले अन्जानमै रेवतीको काँधमा हात राख्न पुग्छ ।

त्यस कार्यले बिजुलीको गतिमा डाक्टरतिर फर्किएकी रेवतीको क्रोधित हेराइले त्रसित बनेको उसले हात झिक्छ । रेवती 'किन हात झिक्नु भएको राख्नोस् के म रिसाउँछु भन्ने डर लाग्यो' भन्दै चिच्याउँछे । मेरो पाखुरा समातेर आफूकहाँ लानुहोस, साँझ परिसकेकैछ यही होइन तपाईले चाहेको ? अनि मैले तपाईले धोका त दिनुहुन्न भनेर सोध्ने त होला नि होइन ? किन हात झिकनु भएको ? के हिम्मत भएन नामर्द भन्दै जोड जोडले हाँस्न थाल्छे ।

यसरी विक्षिप्त रूपमा हाँस्न पुगेकी रेवतीको हाँसोबाट उसलाई हँसाउने डा. चेतनको अठोट पूर्ण हुन्छ । समर बहादुरको सहर हसाउने धोको पनि रेवतीको हाँसोमै मिसिएर पूर्ण हुन्छ । उनीहरूले चाहेको भन्दा विपरीत विक्षिप्त त्यो हाँसो धेरै बेरसम्म गुन्जि रहन्छ र उपन्यासको अन्त हुन्छ । यसैभित्र सपना र मिस्त्री काले, स्वर्ण लक्ष्मी र अब्दुल मिया, कमल, पुड्के, नताशा आदिका कथा पनि सहायक कथानकका रूपमा आएका छन् ।

प्रस्तुत उपन्यासमा कुतूहल तथा द्वन्द्वको पनि विशिष्ट प्रयोग पाइन्छ । उपन्यास पढ्दै जाँदा के होला, कस्तो होला, हत्तेरी, कठै ; जस्ता मनमा खुलदुली उठ्ने कुराले प्रशस्त स्थान पाएका छन् । रेवतीको उदास अवस्थाको वर्णनबाट प्रारम्भ भएको कथानकमा यसको कारणप्रति कुतूहल सिर्जना गरेको छ । डा. चेतन र रेवतीका बिचको सम्बन्ध नयाँ बजारमा रात बिताएर फर्केपछिको अवस्था, रेवती र सपनाको झगडाका कारण उत्पन्न हुन सक्ने परिणाम, डाक्टरले रेवतीको काँधमा हात राख्दा रेवतीको प्रतिक्रियाप्रतिको आतुरता यस उपन्यासको कथानकमा सिर्जित उत्कृष्ट कौतुहलका नमुना हुन् । बाह्य द्वन्द्वका अपेक्षा, आन्तरिक द्वन्द्व नै यस उपन्यासमा सशक्त बनेको पाइन्छ । विद्याकसम डाक्टरसँगको भेटसँगै रेवतीको मनमा देखा परेको आन्तरिक द्वन्द्वले उपन्यासको अन्त्यसम्म स्थान पाएको छ । मानसिक द्वन्द्वका बिच विद्याकसम डाक्टरलाई सर्वस्व सुम्पन पुगेकी रेवती उसबाट पाएको धोकाले थप द्वन्द्वको सिकार बनेकी छे । रेवतीलाई प्रेम प्रस्ताव राख्न नसक्ने डा. चेतन, समर बहादुर आदि पनि आन्तरिक द्वन्द्वका कारण पीडित बनेका छन् । धनलक्ष्मी र सरला बिचको वाह्य द्वन्द्वले लुछालुछको स्थिति सिर्जना भएको यस उपन्यासमा रेवतीको बाबु र साहिंलाबिचको द्वन्द्वले बाह्य द्वन्द्वमा थप मलजल पुऱ्याएको छ भने सपनाले रेवतीलाई दिएको झापड र त्यसबाट सिर्जित मनोद्वन्द्वले रेवतीलाई विक्षिप्त बनाएको छ ।

आदि, मध्य र अन्त्यको शृङ्खलाका आधारमा भन्नु पर्दा विद्या कसम डाक्टरसँगको प्रेम सम्बन्ध, उसबाट पाएको धोका र रेवतीको उदासी उपन्यासको आदि भाग हो भने डाक्टर चेतनसँगको भेटसँगै उपन्यासले उत्कर्षता सहित मध्यभाग प्राप्त गर्छ । त्यस्तै

चेतनले रेवतीको काँधमा हात राख्नु र रेवतीको विक्षिप्तता उपन्यासको अन्त्य भाग मान्न सकिन्छ ।

**पात्र वा चरित्र विधान**

**एउटा सहरको कथा** उपन्यास रेवतीको जीवनको घटनामा केन्द्रित भएकाले रेवती यस उपन्यासकी प्रमुख एवम् केन्द्रीय चरित्र हो । सामान्य पढलेख गरेकी ऊ सरल ग्रामीण युवती हो । पुरुषको स्वार्थी चरित्रलाई चिन्न नसक्दा उसको जीवन दुर्घटित बन पुगेको छ । रेवती त ठगाइकी, कुन्ठाकी र सङ्कीर्णताकी प्रतिनिधि हो । रेवती, उसकी दमको रोगले ग्रस्त आमा, महत्वाकाङ्क्षाको भावना गल्र्यामगुर्लुम भएर निरुद्देश्य पर्खाइको सिकार भएको उसको बाबु र बाथको कुँज्याउने पीडाले धाराशायी भएको उसको छिमेकी मान्य बुढो समर बहादुर गौचनकी छोरी हो ; जो डाँफेसित उड्न सक्तिन, गण्डकीहरूसित लहराउँदै नाच्न सक्तिन र शुभ्र हिमाली चुचुराहरूसित मुस्काउन सक्तिन ।[२४] डा. चेतनसँग आकृष्ट भएर पनि उसको प्रेमलाई स्वीकार गर्न नसक्ने रेवती मानसिक रूपले विक्षिप्त पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म प्रमुख चरित्रका रूपमा उपस्थित ऊ मुख्य, बद्ध, मञ्चीय, अनुकूल तथा व्यक्तिगत नारी चरित्र हो ।

डाक्टर चेतन यस उपन्यासको प्रमुख पुरुष पात्र हो भने विद्याकसम डाक्टर प्रमुख, प्रतिकूल, पुरुष चरित्र हो । सहयक पात्रका रूपमा उपस्थित समर बहादुरको भूमिका पनि यहाँ उल्लेख्य रहेको छ । कथानकलाई अगाडि बढाउने क्रममा आएका सपना, मिस्त्री काले, स्वर्णलक्ष्मी, अब्दुल मियाँ आदिले सहायक भूमिका खेलेको पाइन्छ भने नताशा र कमल वर्णनमा आएका पात्र हुन् । रेवतीका बाबुआमा मुक्त तथा गौण पात्र हुन् । समर बहादुरकी पत्नी, भूगोल शिक्षक, जमुना, माया, दुर्गा, लाटी कोइली, सेती घर्तीनी, डाक्टरको समूह गौण र मुक्त पात्र हुन् । प्रवृत्तिका आधारमा विद्याकसम डाक्टर प्रतिकूल चरित्र हो भने सपना सुरुमा अनुकूल र पछि प्रतिकूल बनेकी छे । त्यस्तै स्वर्णलक्ष्मी पहिले प्रतिकूलबाट पछि अनुकूल बने पनि अन्य सबै अनुकूल पात्र हुन् । लिङ्गका आधारमा स्त्री र पुरुष पात्रको

प्रयोग भएको यस उपन्यासमा वर्गीय तथा व्यक्तिगत चरित्रको प्रयोग भएको छ । मानवेतर पात्रका रूपमा  मुसा प्रयोग गरिएको यो उपन्यास खास गरेर रेवती, डाक्टर चेतन र समर बहादुरको कथा हो । यिनै प्रमुख, सहायक, गौण, मानवीय, मानवेतर, बद्ध र मुक्त पात्रको प्रयोगले उपन्यासलाई सार्थकतासम्म पुऱ्याउनका लागि उल्लेख्य भूमिका प्रदान गरेका छन् ।

## परिवेश विधान

**एउटा सहरको कथा** उपन्यासको परिवेश नेपालमा राजमार्ग निर्माणले गति लिन थालेपछिको र प्रजातन्त्र स्थापनापछिको समयमा केन्द्रित छ । गाउँ गाउँमा खोप कार्यक्रम सञ्चालन हुनु, विद्यालय र विश्व विद्यालय खुल्नु, छोरीहरूले समेत एस.एल.सी.सम्म पढेको वर्णनले यस कुरालाई पुष्टि गर्दछ । सहरदेखि टाढा सुदूर पश्चिमको ओझेलमा परेको पुरानो सहरको झल्को दिन उपन्यास सफल भएको छ । बेला बेलामा चर्चामा आउने बनेपा, धुलिखेल र काठमाडौंको प्रसङ्गले त्यो सहर काठमाडौंकै आसपासको हो कि भन्ने आशङ्का पनि उब्जाउँछ । युवाहरू अध्ययन र अवसरका नाममा सहरतर्फ पलायन हुनु  व्यापारीहरूले फाइदाको पछाडि लागेर आफ्नो थाकथलो त्यागि दिनु, अस्पतालमा डाक्टरका सट्टा सामान्य कर्मचारीले नै आफूलाई डाक्टर घोषणा गर्नु, नेपाली समाजको यथार्थ परिवेशको चित्रण हो । नारीमाथिको शोषण, यौन दुराचार, मादक पदार्थ सेवन गरी झगडा गर्नु, नारीले कसैसँग बोल्दैमा र हिँड्दैमा औला ठड्याउने प्रवृत्ति आदिले नेपाली परम्परा र अन्धविश्वासी मानसिकताको चित्रणमा उपन्यास सफल रहेको छ । स्थानीय स्तरका ठाउँहरूको वर्णनले आञ्चलिकताको झल्को दिने  यस उपन्यासमा विभिन्न मठ मन्दिर, चाडपर्व, नियतिमाथिको विश्वास आदिले परिवेश चित्रणमा उपन्यासलाई सफल बनाएको छ ।

## दृष्टिविन्दु

प्रस्तुत उपन्यासमा तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म एउटा सहरको कथा सुनाउँछु' भनी प्रारम्भ गरिएको यस उपन्यासको घटनामा उपन्यासकारको प्रत्यक्ष संलग्नता नभई विभिन पात्रहरूका माध्यमले अगाडि बढाइएको छ । रेवती, डाक्टर

चेतन, समर बहादुर जस्ता पात्र स्थापित गरी कतै ऊ र कतै उनीहरू , तिनी तिनीहरूका माध्यमले उपन्यासको सम्पूर्ण कथानक ओकलिएको छ । तसर्थ प्रस्तुत उपन्यास वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

### सारवस्तु

**एउटा सहरको कथा** उपन्यास लेखनको मूल उद्देश्य सामाजिक यथार्थको उद्घाटन रहेको पाइन्छ । सरकारी स्तरबाट सञ्चालन गरिएका अपरिपक्व र अदूरदर्शी योजनाले कतिपय सम्भावना बोकेका स्थललाई उजाड बनाइ रहेका छन् भने समर बहादुर जस्ताका सपना केवल सपनामा सीमित रहेका छन् । यस्ता कुरालाई यथार्थ रूपमा प्रस्तुत गर्दै सम्पदा र सम्भावनाको पहिचान सही रूपमा हुन सक्नु पर्ने तथ्य उपन्यासले औंल्याएको छ । **एउटा सहरको कथा** हाम्रो प्राचीन मूल्य र मान्यताहरूमा चाँचाँडो आइ रहेका ह्रासको जिउँदो जाग्दो चित्रण हो । आफूले नजिकैबाट चिनेका सहृदयी मित्रहरूको कथा भएकैले यो यति वेदनात्मक छ । भित्रभित्रै विरहको गण्डकी सुसाइ रहेको हुनाले यस उपन्यासलाई विगतको स्नेहमा प्रकट गरिएको शोक भने हुन्छ ।[२४]

अर्कातर्फ यौन जीवनको अनिवार्य आवश्यकता भएकाले त्यसलाई समस्याका रूपमा लिन नहुने विचार उपन्यासले व्यक्त गरेको छ । विद्याकसम डाक्टर जस्ता दुराचारीहरूलाई औंला ठड्याउँदै डाक्टर चेतना जस्ता युवालाई हिम्मतिलो बन्न र रेवती जस्ता सरल युवतीलाई सचेत बन्दै आफ्नो अस्तित्व र अधिकारको संरक्षण गर्न आह्वान गर्नु यस उपन्यासको सारवस्तु हो ।

### भाषाशैली

प्रस्तुत उपन्यासको भाषा कथ्य स्तरको सहज, सरल, ग्रामीण परिवेशयुक्त रहेको छ । उखान टुक्का, बिम्ब, प्रतीक आदिले भाषालाई कहीँ कतै जटिल बनाएका छैनन् । नेवारी भाषाको प्रभावमा 'त' र 'ट' वर्णको प्रयोगमा सामान्य कमजोरी पाइन्छ भने स्त्रीलिङ्गी कर्ता

र क्रियाका बिचमा सङ्गति नपाइनु भाषिक विचलनको अर्को पाटो हो । झर्रा शब्दले बाहुल्यता पाएको यस उपन्यासमा तत्सम र आगन्तुक शब्दले पनि प्रशस्तै स्थान पाएका छन् । शिक्षित र अनपढ वक्ताहरूद्वारा बोलिएको भाषा यथार्थपरक रहेको छ । विभिन्न थेगो र निपातको प्रयोगले रोचकता सृजना गरेको यस उपन्यासको भाषा सरल, सहज सम्प्रेष्य र सुरुचिपूर्ण रहेको छ । वर्णनात्मक शैली तथा रैखिक ढाँचामा लेखिएको प्रस्तुत उपन्यासमा पात्रानुकूल सान्दर्भिक संवाद योजना पाइन्छ । समस्त उपन्यासको घटना परिवेश एउटा सहरलाई बनाइनु र त्यसै सहरभित्र रहेका विभिन्न पात्रहरूको जीवनमा घटित घटनालाई कथानकका रूपमा समावेश गरिनाले एउटा सहर र त्यसभित्रका कथालाई बुझाउन शीर्षक सार्थक बनेको छ ।

### ४.३.४ 'सिपाही' उपन्यासको विश्लेषण

**सिपाही** उपन्यास कन्हैया नासननीद्वारा लिखित तेस्रो उपन्यास हो । २०५७ सालमा प्रकाशित यस उपन्यासमा काम र मामका निम्ति भारतीय सेनामा भाडाका सिपाही बन्न विवश नेपाली युवाहरूको पीडा, व्यथा र बलिदानलाई मुख्य विषय बनाइएको छ । समाजमा विद्यमान विविध समस्यालाई यथार्थ रूपमा प्रस्तत‌ु गर्न यो उपन्यास सफल रहेको छ ।

**संरचना**

**सिपाही** उपन्यास ८८ पृष्ठमा संरचित भएकाले लघु आकार भएको मान्न सकिन्छ । यसमा मुख्य रूपमा डेड वर्षको घटना मात्र समेटिएको हुनाले आयामगत स्थूलता नरहेको देखिन्छ । प्रस्तुत उपन्यासमा ससाना १५ खण्डहरू समाविष्ट छन् । प्रत्येक खण्डको आरम्भमा सङ्ख्या (१,२,....) को अङ्कन गरिएको छ । संवादात्मक तथा वर्णनात्मक रूपमा आएका ४०० जति अनुच्छेद यस उपन्यासमा रहेका छन् । खण्ड दुई सबभन्दा ठुलो र खण्ड पन्ध्र सबभन्दा सानो रहेको छ ।

## कथानक योजना

**सिपाही** उपन्यासको कथानक भारतको ग्वालियर स्थित कृषि विश्व विद्यालयमा पढ्न गएका तिन जना नेपाली छात्रहरूले भारतीय छात्रहरूबाट पाएको बेइज्जती, सास्ती र अपमानजनक व्यवहारको प्रसङ्गबाट आरम्भ भएको छ । ग्वालियर स्थित कृषि विश्व विद्यालयमा बी.एससी. एग्रिकल्चर अध्ययनार्थ छात्रवृत्ति कोटामा त्यहाँ पुगेका सानुराज, हर्षमान शाक्य र म(सरोज) जस्ता नेपाली विद्यार्थीलाई भारतीय विद्यार्थीहरूले पक्रिएर मसीको जुँगा बनाइ दिने देखि लिएर हनुमान बनाएर नचाउनेसम्मका अपमानजनक व्यवहारले हैरान पार्छन् । कुनै प्रतिकार गर्न नसकेर तिन दिनसम्म सास्ती खेपेका उनीहरू चौथो दिन होस्टल बाहिरै खाने र कतै टाढा घुम्न जाने योजनामा पुग्छन् । आधा घन्टाको रेलयात्रापछि नयाँ ठाउँमा पुगेका उनीहरूले दुई नेपालीहरूलाई भेट्छन् । परिचय आदान प्रदान पश्चात् पनौती घर भएको कमल आले र पनौती नजिकै घर भएका सूर्यमान तामाङ्गसँग मूल घर पनौती नै भएको सरोज लगायतको घनिष्टता बढ्दछ । उनीहरू फटाहा विद्यार्थीको भयलाई मनमा समाल्दै होस्टल फर्कन्छन् ।

'म' पात्र पढाइमा व्यस्त रहन्छ । शाक्य र सानुराज अतिरिक्त क्रियाकलापमा पनि संलग्न रहन्छन् । कमल आलेसँगको मित्रताले आवत जावत बढ्दछ । सेनाका मानिसहरू देखेपछि भारतीय छात्रहरूको ज्यादती पनि अन्त्य हुन्छ । सरोज कमललाई भेट्न ब्यारेकमा पुग्छ तर भेट हुँदैन । त्यसको तिन दिनपछि कमल आफैँ होस्टेलमा आउँछ । फर्कने क्रममा सरोज र कमल दुवै चिया पसलमा बसेर घरायसी कुरा गर्छन् । कमलले शंखु बजार निवासी पार्वती नामक केटीसँग प्रेम गरेको बताउँदै फोटो समेत देखाउँछ । पार्वतीसँग विवाह गर्ने सपना साँचेको र माटोको ममताले रोएको कमलले सरोजलाई द्रवित पार्दछ । राम्रो पढेर स्वदेशको सेवा गर्ने सल्लाह दिँदै कमल ब्यारेक फर्कन्छ । वार्षिक परीक्षाको तालिका आएकाले तिनै जना पढाइमा व्यस्त रहन्छन् । स्वाइल केमेस्ट्रीको प्राध्यापकले सरोजको

पढाइको तारिफ गर्दै प्रथम हुने सम्भावना व्यक्त गर्दछ । यसै अवधिमा कमल पुनः आउँछ र पार्वतीले चाँडै विवाह गर्नुपर्छ भनी पत्र पठाएको जानकारी दिन्छ । परीक्षा समाप्त हुन्छ; जसमा म (सरोज) प्रथम, शाक्य पाँचौ र सानुराज बाह्रौं स्थान ल्याएर उत्तीर्ण बन्दछन् । अरू घर गए पनि म पात्र घर नजाने निर्णयमा पुग्दछ ।

सरोज कमल आलेलाई भेट्न जान्छ तर भेट हुँदैन । दुई दिनपछि कमल स्वयम उसलाई भेट्न आउँछ । बेलुकीको कार्यक्रममा आउने निमन्त्रणा दिँदै कमल बिदा हुन्छ । सरोज बायोकेमेस्ट्रीको प्राफेसरसँग उसको घर जान्छ । त्यहाँ उसकी छोरी मृदुला र छोरो कपिलसँग सरोजको परिचय हुन्छ । कपिलले नेपाल, नेपाली र काठमाडौंका बारेमा अपमानजनक कुरा गर्छ । मृदुला त्यस्ता कुरा नगर्न आग्रह गर्छे । म पात्रलाई मृदुलाका निम्ति म्याथ सिकाउन आग्रह गरिन्छ । बेलायत बस्ने कपिलका अमान्य कुराले दुःखित बन्दै ऊ छात्रावास फर्कन्छ । कपिलको घमन्डी चरित्र र मृदुलाको सरल स्वभावका बारेमा सोच्दै कमलको निम्तो मान्न व्यारेकतिर जान्छ । खानपानपछि सांस्कृतिक कार्यक्रम देखाइन्छ । रूपकमा कमल आलेको अभिनय र गीतले ऊ द्रवीभूत हुन्छ । पार्वतीको स्मरणले अभिनय गर्दागर्दै कमल रुन पुग्दछ । पार्वतीको सम्झनाले पीडित उसलाई सबैले सम्झाउँछन् । म पात्र छात्रावास फर्कन्छ तर कमल प्रतिको सहानुभूतिले निदाउन सक्दैन । २ दिनपछि सरोज कास्मिर, श्रीनगरतिर भ्रमणमा जान्छ । भ्रमणबाट फर्किएपछि मृदुलालाई भेट्न जान्छ । मृदुलाले गीत सङ्गीतको कुरा गर्छे भने कपिलको रबाफ यथावत् पाइन्छ । दोस्रो वर्षको पढाइ आरम्भ हुन्छ; घर गएका सबै फर्कन्छन् । पहिले जस्तो रमाइलो नभएको, भारत र चीनबिचको सीमा विवादले गर्दा सर्वत्र उदासीनता देखिएको आदि जानकारी उनीहरूका कुराकानीबाट पाइन्छ ।

सन् १९६२ सेप्टेम्बरमा भारत र चीनबिच लडाइँ आरम्भ हुन्छ । नेपाली विद्यार्थीसँग पनि पक्ष विपक्षका बारे सोधखोज हुन थाल्छ । युद्धका लागि सिपाहीहरू पठाउन थालिन्छ । सूर्यमान, कुलमान, कमल आदि नेपाली सिपाही 'म' पात्र (सरोज) सँग विदा माग्न आउँछन् । आफ्नो देश र माटोको स्मरण गर्दै कमलले अन्तिम पटक पार्वतीको फोटो म पात्रलाई

देखाउँछ र आउँदै गरेको रेलमा रबाना हुन्छ । सरोज दु:खित बन्दै ऊ फर्कने बाटो हेरिरहन्छ । युद्धमा भारतीय वायु सेना कमजोर देखिन्छ । यसै बेला म पात्रलाई विजय दाइको पत्रले कमल र पार्वतीको प्रेम सम्बन्धबारे सम्झाइ दिन्छ । सरोज मृदुलाको घर जान्छ । नेपाली सेनाले भारतका लागि रगत बगाइ रहनु पर्ने कपिलको भनाइले दु:खित बनको ऊ कपिललाई आफ्नो माटोप्रति श्रद्धा गर्न आग्रह गर्दछ । युद्धमा भारतको पराजय हुन्छ । युद्धमा गएका सेनाहरू धमाधम फर्कन थाल्छन् तर कमल आले लगायत कुनै पनि नेपाली अनुहार फर्कदैनन् । दुइ दिनपछि एक भारतीय सेनाले सरोजलाई पत्र दिँदै कमल लगायत सम्पूर्ण नेपाली सेना सखाप भएको बताउँछ । पत्रमा पार्वतीलाई यसपालीको दसैंमा आफू आउन नसक्ने अन्तिम वाक्यका साथ कमले बिदा मागेको हुन्छ । अन्त्यमा म पात्र वर्तमानमा अतीतका ती सारा घटनालाई स्मरण गर्दै कमल जस्ता लाखौं नेपालीको व्यथाप्रति चिन्तित बन्दछ । कमलले अन्तिम पटक पठाएको पत्र सुरक्षित रहेको जनाउँदै ऊ लाहुरेको बिलौना गीतको पटक पटक स्मरण गर्दछ । यसका साथै उपन्यासको कथानक समाप्त हुन्छ ।

यसरी एउटा सिपाहीको जीवन व्याथदेखि लिएर उसले प्रवासमा भोगको पीडा र समूहको समाप्ति आदिको घटना यस उपन्यासको केन्द्रीय कथानक हो । 'म' पात्रको अध्ययन स्थिति, प्रोफेसर, मृदुला, कपिल आदिसँग भएका देशसेवाका कुरा, तर्क वितर्क र घरायसी अवस्थाहरू पनि प्रस्तुत उपन्यासको कथानक बनेर आएका छन् । यिनले प्रत्यक्ष र परोक्ष रूपमा केन्द्रीय कथानकलाई सहयोग पुऱ्याएको देखिन्छ । यस उपन्यासको कथानक रैखिक ढाँचामा प्रस्तुत भएकाले सरल र सुगठित रहेको छ ।

## पात्र वा चरित्र विधान

**सिपाही** उपन्यासमा विभिन्न खाले चरित्रको प्रयोग गरिएको छ । यसमा सिपाही विद्यार्थी, प्रोफेसर, नेपाली मूलका भारतीय व्यक्ति तथा भारतका केही स्थानमा ससाना पेसा गरेर बसोबास गर्ने नेपालीहरू पात्रका रूपमा आएका छन् ।

यस उपन्यासमा प्रमुख एवम् केन्द्रीय चरित्रका रूपमा कमल आले रहेको छ । भारतीय सेनामा भाडाको सिपाही बन्न विवश ऊ पार्वतीको प्रेमी हो । सहृदयी स्वभावको कमल छिट्टै अरूको मित्र बन्दछ । 'म' पात्रसँग घनिष्ट मित्रता कायम गरेको कमल यस उपन्यासको अनुकूल, बद्ध, मञ्चीय, वर्गीय र पुरुष पात्र हो । अर्काको देशमा रगत बगाएर जीवन लीला समाप्त गरेको ऊ असफल प्रेमी समेत हो । उपन्यासको कथयिता बनेर आएको सरोज प्रस्तुत उपन्यासको प्रमुख तथा अनकूल पात्र हो । नेपालबाट अध्ययन गर्न भारत जाने विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने ऊ 'म' पात्रका रूपमा उपन्यासमा उपस्थित छ । आफ्नो राष्ट्र, राष्ट्रियता र माटोप्रति अगाध श्रद्धा गर्ने सरोज लगनशील विद्यार्थी समेत हो । उपन्यासमा प्रस्तुत भूमिकाका आधारमा ऊ बद्ध, मञ्चीय, अनुकूल, वर्गीय र पुरुष पात्र हो । उपन्यासको सम्पूर्ण घटनाको वर्णन गर्ने उसले औपन्यासिक सत्यतालाई प्रकट गरेको छ ।

यसै गरी प्रस्तुत उपन्यासमा सूर्यमान, मृदुला, सानुराज शाक्य आदि सहायक पात्रका रूपमा प्रस्तुत छन् । सूर्यमान भारतीय सेनामा कार्यरत नेपाली सिपाही हो भने सानुराज शाक्य आदि 'म' पात्रका सहपाठी साथीहरू हुन् । सहायक चरित्रका रूपमा उपस्थित सूर्यमान, सानुराज शाक्य, प्रोफेसर आदि अनुकूल, वर्गीय एवम् पुरुष पात्र हुन् भने मृदुला अनुकूल, नारी पात्र हो । मृदुला 'म' पात्रको शिक्षककी छोरी तथा उसकी मूक प्रेमी समेत हो । वर्णनका क्रममा आएकी पार्वती कमलकी प्रेमिका एवम् गौण चरित्र हो । कपिल यस उपन्यासको सहायक खल चरित्र हो भने विजय दाइ गौण पात्र हो । यसरी विभिन्न पात्रका माध्यमले प्रस्तुत उपन्यासको कथानकले गति लिएको पाइन्छ ।

**परिवेश विधान**

प्रस्तुत उपन्यासले ऐतिहासिक घटनाको सन्दर्भ प्रस्तुत गरे पनि त्यो यथार्थमूलक बनेर आएको छ । कालका दृष्टिले यो उपन्यास सन् १९६२ को चिनसँग भएको भारतीय युद्धको घटनासँग सम्बद्ध देखिन्छ । नेपालबाट भारतको ग्वालियरमा अध्ययन गर्न जाने विद्यार्थीको एक शैक्षिक सत्र समाप्त भएको र अर्को सत्रको आधा जति भएकाले जम्मा १ वर्ष

६ महिनासम्मको समयमा यसको मूल कथानक सम्पन्न भएको पाइन्छ । स्थानका दृष्टिले भारतको महाराष्ट्रमा पर्ने ग्वालियर सहर बढी मात्रामा र दिल्ली तथा श्रीनगर आंशिक रूपमा यस उपन्यासमा आएका छन् । त्यसै गरी प्रसङ्गमा आएका काठमाडौं, काभ्रे, पनौती आदि पनि स्थानगत परिवेशमा आएका छन् । विभिन्न अवसरको खोजीमा विदेशीन बाह्य नेपालीहरूको यथार्थलाई समेट्न सफल यस उपन्यासमा युद्ध, प्रेम, राष्ट्रियता प्रणय तथा कारुणिकता जस्ता भावलाई सहज रूपमा परिवेशभित्र उद्बोधन गरिएको छ ।

### दृष्टिविन्दु

प्रस्तुत उपन्यास आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित रहेको छ । यसमा 'म' पात्रले कथयिताका रूपमा समग्र औपन्यासिक घटनाको वर्णन गरेको छ । सम्पूर्ण पात्रहरू को व्यवहार, स्वभाव, जीवन भोगाइ आदि बारे 'म' पात्रले प्रकाश पारेको छ । 'म' पात्र (सरोज) उपन्यासको कथयिता बने पनि उसले मुख्य रूपमा कमलका माध्यमबाट भारतमा रहेका नेपाली सिपाहीको व्यथालाई प्रस्तुत गरेको छ । यसर्थ यस उपन्यासको दृष्टिविन्दु केन्द्रीय नबनेर परिधीय बन्न पुगेको देखिन्छ । 'म' पात्रले आफ्नो र अरूको वर्णन तथा संवाद आदिलाई आत्मकथा जस्तै प्रस्तुत गरेको छ ।

यसरी **सिपाही** उपन्यासमा 'म' पात्र कथयिताका रूपमा रहेको र कमल आले लगायत अरूको चरित्र र घटनालाई बढी प्राथमिकता दिएका कारण प्रथम पुरुष दृष्टिविन्दु अन्तर्गत परिधीय दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### सारवस्तु

प्रस्तुत उपन्यासले नेपालबाट सिपाही पेसाका लागि भारतमा जान बाध्य भएका गरिब र सोझा नेपाली युवाको जीवन व्यथालाई अभिव्यक्त गरेको छ । तिनै पीडा, व्यथा र बाध्यताहरू नै नाटकीकरणका रूपमा उपन्यासभरी सञ्चरित छन् । यस कारण उपन्यासको केन्द्रीय कथ्य वा सारवस्तु पनि तिनै प्रवासी सिपाहीका व्यथासँग सम्बद्ध छ । यस कारण उपन्यासको केन्द्रीय कथ्य वा सारवस्तु पनि प्रवासी सिपाहीका व्यथासँग सम्बद्ध छ ।

यो उपन्यास भारतीय सेनामा भाडाको सिपाही बन्न जाने नेपालीहरूको प्रतिनिधित्व गर्ने रचना हो ।[२४] विदेशी राष्ट्रियताको सुरक्षामा बेचिएका वा भाडामा खरिद गरिएका वीर नेपालीको अर्न्तपीडा यसमा व्यक्त भएको छ । यस उपन्यासमा सिपाहीहरू को जीवन सोचे अनुरूप व्यवस्थित हुन सक्दैन र उनीहरू सर्वदा मृत्युको मुखमा रहेका हुन्छन् । भारतले थोरै तलबका भरमा नेपाली सिपाहीलाई युद्धमा संलग्न गराई भारतीय सेनाको बचावट गरिरहेको कुरा सारवस्तुमा प्रस्तुत भएको छ । नेपालीहरू सोभ्ता, सरल र गरिब भएकाले भारतको शोषणमा तड्पिरहेका छन् । सिपाहीको अनिश्चित जीवन बचाइका कारण उनीहरूको परिवार पनि कारुणिक बनेको छ ।

जस्तो सुकै कठिन समस्या परे पनि सिपाहीले आवश्यकता परेका बेला ज्यान अर्पण गर्न तयार हुनुपर्छ । सबैभन्दा ठुलो, कुरो राष्ट्रियता भएकाले त्यसप्रति सबै नेपाली लागि पर्नु पर्छ । नेपालीहरू विदेशी भूमिमा पनि मिलेर बसेका छन् । यो नै मानवीयताको र राष्ट्रियताको आधार हो भन्ने सारवस्तु पाइन्छ ।[२४] जुनसुकै कठिन परिस्थितिमा पनि मानवीय प्रेम भावनात्मक बनेर अमर रहन्छ । असुविधाका कारण नेपालीहरू विदेशमा अध्ययन गर्न गए पनि आफ्नो कर्तव्यप्रति उनीहरू सजग र सतर्क रहेका छन् । हामीले आफ्नो संस्कृति, स्वजाति प्रेम, स्वाभिमान र राष्ट्रियतामा सँधैभरि संरक्षण गर्नु पर्दछ भन्ने सारवस्तु उपन्यासले प्रस्तुत गरेको छ ।

**भाषाशैली**

प्रस्तुत उपन्यासको भाषाशैली सरल, सहज एवम् प्रभावपूर्ण रहेको छ । बढी मात्रामा सरल वाक्य तथा मिश्र र संयुक्त वाक्यको प्रयोग पाइने यस उपन्यासमा तत्सम र भ्तर्रा शब्दका साथै हिन्दी, उर्दू र अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । वर्णनात्मक शैली तथा रैखिक ढाँचामा लेखिएको प्रस्तुत उपन्यासमा उखान टुक्का तथा निपातको प्रयोगले रोचकता सिर्जना गरेको छ । अघिल्ला उपन्यासहरूमा रहेको नेवारी भाषको प्रभाव र सम्पादनगत शिथिलताले यस उपन्यासमा ठाउँ पाएको पाइँदैन । पात्रानुकूल लामा छोटा संवाद योजनाले

स्वाभावविकता सृजना गरेको उपन्यासको शीर्षक सिपाहीको कथासँग मूल रूपमा सम्बद्ध हुनाले सार्थक बनेको छ ।

### ४.३.५ 'सुन्दर पार्कका सुन्दर फूलहरू' लघु उपन्यासको विश्लेषण

**सुन्दर पार्कका सुन्दर फूलहरू** कन्हैया नासननीद्वारा लिखित प्राकृतिक विषयमा आधारित उपन्यास हो । २०६४ सालमा प्रकाशित प्रस्तुत उपन्यासमा फुलहरूलाई मानवीकरण गरेर सौन्दर्य प्रतियोगिता आयोजना गराइएको छ ।

**संरचना**

प्रस्तुत उपन्यास संरचनाका दृष्टिले लघु उपन्यास हो । ३६ पृष्ठमा संरचित यस उपन्यासमा आठ खण्ड रहेका छन् । परिच्छेद विभाजनका लागि अङ्कद्वारा सङ्केत गरिएको यस उपन्यासमा आठ खण्ड रहेका छन् । पहिलो खण्डको आरम्भभन्दा पहिले नै कथानकको आरम्भ भए पनि खण्ड एकदेखि सातसम्म क्रमशः रहेका छन् भने खण्ड आठ समापन हो । लगभग १४० जति साना ठूला अनुच्छेदहरू रहेको प्रस्तुत उपन्यासको संरचना सबल रहेको छ ।

**कथानक योजना**

प्रस्तुत उपन्यासको कथानक सुन्दर बस्तीमा अवस्थित सुन्दर पार्कमा रहेका फुलहरूका बिचमा सुन्दरताका बारेमा भएको विवादबाट आरम्भ भएको छ । शरद्को समयमा ढकमक्क फुलिरहेका फूलहरूका बिचमा एउटा अनौठो भमरो देखा पर्दछ । पहिले गुलाबको नजिक पुगेर सुन्दरताको बखान गरी उसलाई खुसी पारेको भमरो कनक चम्पा, गोदावरी, सुनाखरी आदिलाई पनि प्रशंसा गरेर खुसी पार्दै एकपछि अर्को फुलमा चाहार्दै हिँड्छ । जीवनभरि साथ दिने वाचा गर्दै भमरोले धोखा दिएकाले दुःखित बनेका फुलहरू

एकअर्कालाई दोष लगाउँदै झगडा गर्न थाल्छन् । कोभन्दा को राम्रो भन्ने विवादमा परेका फुलहरूका बिचमा सौन्दर्य प्रतियोगिता गरेर निर्णयमा पुग्ने सहमति हुन्छ । लाहुरे फूलले उद्घोषणको जिम्मा लिँदै इच्छुक सहभागीहरूलाई दरखास्तका लागि आह्वान गर्छ । विभिन्न आचार संहिताको घोषणा सहित निर्णायकको खोजी गरिन्छ ।

निर्णयक कसलाई छान्ने भन्ने विषयमा विवाद चर्कन्छ । कसैले भमराको प्रस्ताव गर्छन् भने गुलाब विरोध गर्छ । लाहुरे फूलको प्रस्ताव अनुसार छिरेबिरे रङ्गको पुतलीलाई निर्णायक छानिन्छ । प्रतियोगिता हुने दिन फूलहरू पुतलीको प्रतीक्षामा रहन्छ । धेरै बेरको प्रतिक्षापछि पुतली आइ पुग्छ । हरेक फुलहरूले नजिकै आएको पुतलीलाई आफ्नो वैज्ञानिक नाम सहित परिचय दिँदै आफूलाई उत्कृष्ट घोषणा गर्न आग्रह गर्छन् । सबैको कुरा सुनि सकेपछि पनि निर्णय दिनुको सट्टा पुतली यताउता घुमिरहन्छ भने साँझ पर्नासाथ बेपत्ता हुन्छ । धेरै बेरको प्रतीक्षापछि समेत पुतलीको खोज खबर थाहा हुँदैन । एउटा जुनकिरी पिलपिल गर्दै सुन्दर पार्कमा  प्रवेश गर्छ । उत्सुक फुलहरूले पुतलीको खबर सोध्दा आफूसँगै गएको कुरा बताउँछ । पुतलीले सुन्दरी प्रतियोगिता मन नपराएको, सुन्दरतालाई तुलना गर्न नहुने  र आफू ज्ञानको खोजीमा रहेको कुरा बताएको पनि उसले सुनाउँछ । ज्ञानको खोजीमा लागेको पुतली बत्तीमा परेर मरेको कारुणिक खबरले फुलहरू दुःखित बन्दछन् । एक आपसमा झगडा गरेर नभई मेलमिलापले जीवन सुखी बनाउनु पर्ने पुतलीको सन्देशले फुलहरू अब मिलेर बस्ने निर्णयमा पुग्छन् र कथानकको अन्त्य हुन्छ ।

भमराको आगमनसँगै कुतूहलको सिर्जना भएको यस उपन्यासमा फुलहरूका बिचमा झगडा हुनु, पुतली बेपत्ता हुनु जस्ता घटनाले थप जिज्ञासा पैदा गराएका छन् । गुलाब लगायत अन्य फुलहरूका बिचमा भएको भनाभनले आन्तरिक तथा बाह्य द्वन्द्वको सिर्जना भएको छ । फुलहरूका बिचमा भएको सुन्दरी प्रतियोगिताले पनि द्वन्द्वको सिर्जना गरेको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध उपन्यासको कथानक रैखिक ढाँचामा आबद्ध छ ।

**पात्र वा चरित्र विधान**

प्रस्तुत उपन्यासमा गुलावब, कनक चम्पा, बेली, चमेली, इन्द्र कमल, गुन केसरी, लाहुरे, सयपत्री, सूर्यमुखी, कमल जस्ता देशी र विदेशी फुलका साथै भमरो, पुतली, जुनकिरी जस्ता मानवेतर पात्रहरू प्रयोग भएका छन् । मानवीकृत गरिएका यी पात्रहरूले विभिन्न संवाद गरेका छन् । अन्य फुलहरू आआफ्नो स्वभाव अनुसार समान भूमिकामा रहे पनि लाहुरे फुल सहनशील र क्षमतावान पात्र हो । फुलहरूका बिचको झगडा शान्त गर्न र सुन्दरी प्रतियोगिता सञ्चालनमा उसको भूमिका मुख्य रहेको छ । गुलाब घमन्डी चरित्र हो भने धतुरो अल्छी र झगडालु पात्र हो । कमल शान्ति, उदारता र ज्ञानको प्रतीक बनको छ भने कार्यक्रमको मुख्य आकर्षण बनेको पुतलीको भूमिका उल्लेख्य भएर पनि उसले निर्णायकको भूमिका वहन गर्न सकेको छैन । खल चरित्रका रूपमा देखा पर्ने भमरो स्वार्थी र भोगी चरित्र हो भने जुनकिरी सहायक चरित्र हो । सुन्दर पार्कमा घुम्न आउने बनस्पति, विज्ञ, माली तथा पर्यटकहरू मानवीय गौण पात्र हुन् । मानवेतर पात्रको प्रयोग रहेको यस उपन्यासमा भमरो प्रतिकूल पात्रका रूपमा प्रस्तुत छ भने अन्य अनुकूल चरित्र हुन् ।

**परिवेश**

प्रस्तुत उपन्यास सुन्दर बस्ती नामक ग्रामीण इलाकामा अवस्थित सुन्दर पार्कको स्थानगत परिवेशमा आधारित छ । कालगत परिवेशका रूपमा शरद् ऋतुको ढकमक्क फुल फुलेको समयलाई समेटिएको यस उपन्यासमा फुलहरूको सन्दरता, पशुपंक्षीको कलरव आदिको वर्णनले प्राकृतिक परिवेशको चित्रण गरेको छ । फुलहरूलाई मानवीकृत गरिएको यस उपन्यासमा नारीहरूको रूपमो घमन्ड र इर्ष्यालु स्वभाव, पुरुषको भोगवादी चरित्र आदिलाई आन्तरिक परिवेश बनाइएको छ ।

**दृष्टिविन्दु**

मानवेतर फुल, पुतली, भमरा, जुनकिरी आदि पात्रहरूको प्रयोग भएको यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । फुलहरू, भमरा, पुतली आदिको

आन्तरिक र बाह्य अवस्थाको चित्रण भएकाले यस उपन्यासमा तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दु प्रयोग भएको छ ।

**सारवस्तु**

मानिसमा झैं बोटबिरूवा र पशुपंक्षीमा पनि विभिन्न चाहनाहरू रहेका हुन्छन् भन्ने कुरालाई यस उपन्यासले देखाएको छ । फुलहरूका बिचको सुन्दरताको होड र सुन्दरी प्रतियोगिताले मानव समाजमा हुने गरेका यस्ता प्रतियोगिताप्रति उपन्यासले व्यङ्ग्य गरेको छ । धरै गुणले सम्पन्न भएर पनि नारीमा रहने सुन्दरताको घमन्ड, ईर्स्यालु स्वभावका साथै पुरुषको भोगवादी चरित्रलाई फुल र भमराको माध्यमबाट यस उपन्यासमा प्रकट गरिएको छ । समाजमा भमरा जस्ता फटाहा मात्र नभएर कमलको फुल जस्ता ज्ञानी र लाहुरे फुल जस्ता बुद्धिमानहरू पनि रहेका हुन्छन् भन्ने कुरालाई उपन्यासले सङ्केत गरेको छ । निश्चित स्थानमा हुने गरेका सुन्दरी प्रतियोगिताले समाजका सबै नारीहरूलाई समेट्न नसक्ने भएकाले आआफ्नो स्थानमा सम्पूर्ण जीवहरूको आफ्नै प्रकारको सुन्दरता र महत्त्व रहेको हुन्छ ; त्यसलाई छनौट गरेर निर्णय दिने कार्य गलत भएको धारणा उपन्यासले व्यक्त गरेको छ ।

**भाषाशैली**

प्रस्तुत उपन्यासको भाषाशैली सरल, सरस तथा लालित्यपूर्ण रहेको छ । विभिन्न गीत तथा उपमाहरूको प्रयोगले भाषा रोचक बनेको छ । तत्सम शब्दहरूको बहुलता पाइने यस उपन्यासमा झर्रा र आगन्तुक शब्दको पनि प्रयोग पाइन्छ । बाल साहित्यको नजिक पाइने यसको भाषाशैली सरल रहे तापनि उपन्यासले उठाएको विषयवस्तु र संरचनाका आधारमा प्रस्तुत उपन्यास बाल साहित्यभन्दा माथि रहेको छ । वर्णनात्मक शैलीको प्रयोग पाइने यस उपन्यासमा कलात्मक संवाद योजना रहेको छ । सम्पूर्ण कथा तथा उपन्यासिका भनेर नामकरण गरिए तापनि प्रस्तुत उपन्यासलाई विषय वस्तु र संरचनाका आधारमा लघु उपन्यास भन्न सकिन्छ ।

## ४.३.६ 'रातो आँसु' उपन्यासको विश्लेषण

**रातो आँसु** उपन्यासकार कन्हैया नासननीद्वारा लिखित राजनैतिक विषयवस्तुमा आधारित उपन्यास हो । २०६६ सालमा प्रकाशित प्रस्तुत उपन्यामसा २०४६ सालको जन आन्दोलन र त्यसपछिका केही वर्ष (२०५०-५२) सम्मको समयावधिमा नेपाली राजनैतिक वृत्तमा देखा परेका विविध समस्यालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । इतिहासका निर्माता तर इतिहासमा नाम छुटेका वीर वीराङ्गनाको कथालाई यथार्थ रूपमा प्रस्ततु गर्न सफल उपन्यास हो **रातो आँसु** ।

### संरचना

**रातो आँसु** उपन्यास संरचनाका दृष्टिले मध्यम आयामको उपन्यास हो । ३१५ पृष्ठमा संरचित यस उपन्यासमा ५९ परिच्छेद रहेका छन् । परिच्छेद विभाजनका लागि स्पष्ट सङ्केत नगरिए तापनि एउटा प्रसङ्गको अन्त्यपछि(¨) दुई वटा विन्दुको प्रयोग पाइन्छ । पाँचौ र पचपन्नौं परिच्छेदलाई विन्दुको सट्टा (ℓ ℓ) चिन्हले छुट्याइएको छ । कतै एउटै प्रसङ्गले दुई तिन परिच्छेदसम्म स्थान पाएको छ भने कतै एउटा परिच्छेदको समाप्तिपछि अर्को प्रसङ्गले स्थान पाइको छ । राजनैतिक विषयसँग सम्बन्धित उपन्यास भएकाले राजनैतिक प्रसङ्ग र एउटै पात्रको लामा लामा संवादले पाठकलाई केही उदास बनाए पनि पात्रानुकूल संवाद र चित्रात्मक भाषाको प्रयोगले उपन्यास पढ्दै जाँदा जन आन्दोलनका छायाहरू पाठकसामु देखा पर्दछन् । एक हरफदेखि पच्चिस हरफसम्मको अनुच्छेदको प्रयोग गरिएको प्रस्तुत उपन्यासको अनुच्छेद योजनमा भने समानता पाइँदैन । बाह्य संरचनामा केही शिथिलता पाइए तापनि उपन्यासको आन्तरिक संरचना सबल रहेको छ ।

### कथानक योजना

**रातो आँसु** उपन्यासको कथानक प्रमुख पात्र राघवलाई मन्त्री बन्नका लागि प्रस्ताव आएको प्रसङ्गबाट आरम्भ भएको छ । जन आन्दोलनमा सक्रिय भएर राजनीतिमा अलग्गै

हैसियत बनाइ सकेको राघवले आफ्नो जीवनमा घटेका घटनाहरूको स्मृतिकै क्रममा समग्र उपन्यासको कथा भनेको छ । यस उपन्याकसो कथानक करिब ६ वर्षको समय सीमासँग सम्बन्धित छ । वि.सं. २०४६ को जन आन्दोलन सुरु हुनुभन्दा केही वर्ष अगाडि नै राजनैतिक सङ्गठनको सक्रिय सदस्य बनि सकेको 'म' पात्र राघव वि.सं.२०४४ फागुन ४ गते एपेन्डिसाईडले बिरामी परेको आफ्नो बाबुलाई उपचारार्थ काठमाडौं पुऱ्याउँछ । संविधानभन्दा माथिको तर श्रीपेच नलगाउने भनिने व्यक्तिको सवारीका कारण यातायात अवरुद्ध हुँदा अस्पताल पुऱ्याउनु नपाउँदै सिकिस्त बिरामी उसको बाबुको मृत्यु हुन्छ । सडकको किनारामा मृत बाबुको लास राखेर विलाप गर्दै गरेको 'म' पात्रसँग गाउँतिरका केही आफन्त र आफ्नै पार्टीका नेता कार्यकर्ताहरूको सहयोगले बाबुको दाह संस्कार गरेर गाउँ फर्कन्छ । बी.ए. सम्मको अध्ययन गरेको ऊ गाउँकै निम्न माध्यमिक विद्यालयको शिक्षक समेत हो । राजनीतिमा लागेकै कारण शिक्षकको जागिरबाट पनि हात धुनु पऱ्यो । गाउँमा बस्ने आधार नहुनाले ऊ बाँकी पढाइ पुरा गर्न सहरतिर लाग्छ । इतिहास विषयमा एम.ए. अध्ययन आरम्भ गरेको राघव राजनैतिक क्रिया कलापका कारण पढाइलाई निरन्तरता दिन सक्दैन । राजनीतिमा भने पार्टीमा केन्द्रीय सदस्यसम्म बन्न पुग्छ ।

२०४६ सालको जन आन्दोलनमा सक्रिय रूपमा लागेको 'म' पात्र (राघव) आन्दोलनकै क्रममा पक्राउ परेर तिन दीनपछि छुट्छ भने सोही अवधिमा केशव नामक विद्यार्थी सङ्गठनको कार्यकर्तासँग उसको परिचय हुन्छ । सरकारका तर्फबाट बढ्दै गएको दमन र आन्दोलनकारीका सहभागिताका बारेमा समीक्षा गर्दै उत्साहित रूपमा लागेका उनीहरू प्रहरीको खोजीको सूचीमा पर्छन भने केशव छात्रवासबाट समेत निष्काशित हुन्छ । एउटै जिल्लाका निवासी र एउटै राजनैतिक सङ्गठनमा आबद्ध उनीहरूका बिचमा दाजुभाइको सम्बन्ध स्थापित हुन्छ । म पात्रकै कोठामा सुतेको केशव नराम्रो सपना देखेर निद्रामै कहालिन्छ भने भोलिपल्ट उठ्नासाथ उनीहरु आफ्नो मामाघर किलागल पुग्छन् । दिनभर पुनः कर्फ्यु लागेकाले कोठामै रेडियो सुन्दै दिन बिताउँछन् । निश्चित योजना विनाको आन्दोलन सफल हुने नहुनेमा आशङ्का गर्दै राति अबेलासम्म पनि निदाउन नसकेका

उनीहरू १०:४५ बजे राजाद्वारा गरिएको शाही घोषणा रेडियोबाट सुन्छन् । पञ्चायती व्यवस्थाको अन्त्य दलमाथिको प्रतिबन्ध फुकुवा र प्रजातान्त्रिक व्यवस्थाको सुरुवात सम्बन्धी घोषणाका कारण खुसीले पागल बनेको केशव दौडँदै सडकमा पुगेर नारा लगाउन थाल्छ । यत्तिकैमा ड्याङ ड्याङ गोली चल्छ र केशव ढल्छ । राघवको कथाबाट आरम्भ भएको उपन्यासले केशवको मृत्युसँगै उत्कर्षता प्राप्त गर्दछ ।

केशवको दाह संस्कारका क्रममा वर्तमान वास्तविक नाम बद्रीमानसँग राघवको परिचय हुन पुग्छ भने उनीहरु पछि घनिष्ट मित्र समेत बन्दछन् । बहुदलीय व्यवस्थाको आगमनसँगै हर्षोल्लास छाउँछ । अन्तरिम सरकार गठन हुन्छ । मन्त्री बन्न आएको प्रस्तावलाई राघवले अस्वीकार गर्छ । आम निर्वाचन हुनछ । काभ्रे क्षेत्र नं २ बाट उम्मेद्वार बनेको राघव पराजित हुन्छ । प्रजातन्त्रका लागि लडेको तर प्रजातन्त्र घोषणा हुनासाथ पुलिसको गोलीद्वारा मारिएको केशवलाई कसैले सम्झदैनन् ; न त सहिदको कित्तामा उसको नाम पर्छ । केशवको सहादतको मूल्याङ्कनका लागि राघवले पनि कुनै पहल गर्न सक्दैन । केशको मृत्युको खबरले एक मात्र सन्तानकी आमा यशोधरा भाव शून्य बन्दछिन् । उनी रुन समेत सक्दिनन् । केशवको जन्मदिनको अवसरमा छोरो आउँछ भन्दै दुई दिनसम्म जन्मोत्सवको तयारीमा व्यस्त बन्दै असामान्य व्यवहार देखाउने उनी दुई दिनपछि पुनः सामान्य अवस्थामा फर्किन्छिन् । हरेक वर्ष दुई दिन मात्र देखा पर्ने उनको असामान्य अवस्थाले वर्तमान लगायत राघवलाई पनि चिन्तित बनाउँछ । यशोधराको उपचारका लागि विभिन्न डाक्टरहरूको सल्लाह लिएर उनलाई काठमाडौं ल्याउन सकिने आशाले भेट्न पुगेका राघव उनको विद्वत्ता र जीवन कहानी सुनेर छक्क पर्दछ । आफ्नो छोराको बलिदानको उचित मूल्याङ्कन नभएको र २०४६ को परिवर्तनलाई जनताको जित नभई सुनियोजित रूपमा जन आन्दोलनलाई षड्यन्त्रपूर्वक तुहाइएको भन्दै अबको आन्दोलन चारित्रिक सुधारका लागि हुनु पर्ने धारणा यशोधराले राख्छिन् । केशवको घरमा काम गरेर बस्ने केशवकी प्रेमिका जुनूको रूप र स्वभावले आकृष्ट बनेको राघव काठमाडौं फर्कन्छ । जीवन यापनका लागि बोर्डिङ स्कुलमा पढाउन थालेको ऊ राजनीतिबाट मुक्त हुन चाहन्छ तर सक्दैन । पुनः दोस्रो पटक

निर्वाचनमा पहिलेकै क्षेत्रबाट ऊ चुनाव जित्छ । यसै क्रममा जुनू घर छोडेर ब्रह्मयोगमा लाग्छे भने पत्रिकामा काम गर्ने वर्तमान पत्रिका सञ्चालन गर्न नसक्दा लगभग विक्षिप्त जस्तो बनेर रक्सीको कुलतमा फस्छ ।

आफूले बोर्डिङ्ग पढाउँदाकी सहकर्मी शोभासँग विवाह बन्धनमा बाँधिएको राघव मन्त्री बन्ने चर्चा जताततै चल्छ । गाउँमा शिक्षक बनेको वर्तमान पनि राघवकोमा आइ पुग्छ । राति अबेलासम्म दुई मित्रका बिच देशको राजनैतिक अवस्था तथा राघवले मन्त्री पद स्वीकार्ने या नस्वीकार्ने भन्ने विषयमा कुराकानी हुन्छ । वर्तमानसँगको कुराकानीपछि उपन्यासको समग्र कथालाई आफ्नो स्मृतिमा केलाएर रात बिताएको राघवले अन्ततः मन्त्रीपद अस्वीकार गर्ने निर्णय गर्छ । यस निर्णयसँगै कथानकले चरमोत्कर्ष प्राप्त गर्दछ । मन्त्रीपद अस्वीकारको निर्णयसँगै आफ्नो टाउकाको भारी हलुका भएको महसुस गरेको राघव केशवको जन्मदिनको अवसर पारेर उसको घर जान्छ । यशोधरामा दुई दिन मात्र देखा पर्ने असामान्य अवस्थाको अध्ययन गरी उपचार गराउने उसको योजना सफल हुन नपाउँदै केशवको घरमा पुग्दा यशोधराको मृत्यु भइ सकेको हुन्छ भने वर्तमान क्रियापुत्री अवस्थामा भेटिन्छ । यशोधराका मृत्युको कारण मर्माहत बनेको राघव भोलिपल्ट काठमाडौं फर्किन्छ भने उपन्यासको पनि अन्त्य हुन्छ ।

यसरी प्रस्तुत उपन्यासको समग्र कथावस्तुको अध्ययनबाट यस उपन्यासको कथानक कार्य कारण शृङखलामा आबद्ध तथा रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ । उपन्यासको अन्त्यतिर मन्त्रीपद स्वीकार गर्ने वा नगर्ने द्विविधात्मक घटनाहरू राघवको स्मृतिमा आएका प्रसङ्ग हुन् र राघवले मन्त्रीपद अस्वीकार गरेको प्रसङ्ग उपन्यासको अन्त्यतिर देखाइनाले उपन्यासमा रैखिक ढाँचालाई नै अवलम्बन गरेको पाइन्छ । आरम्भदेखि अन्त्यसम्म कथा वाचकका रूपमा रहेको राघवको प्रमुखता झल्कने यस उपन्यासमा केशव, यशोधरा, वर्तमान, जुनू आदिका साथै कर्णाटक नाग सम्बन्धी मिथकीय कथा समेत सहायक कथाका रूपमा आएको छ । एउटा कथाको वर्णनकै क्रममा आउने अर्को कथाको प्रसङ्गले कथानकमा

केही विशृङ्खलता सिर्जना गरे पनि उपन्यासको अध्ययनकै क्रममा पाठकको जिज्ञासा समाधान हुन पुग्छ ।

कथानकको गतिसँगै विभिन्न कुतूहलताको सिर्जना भएको यस उपन्यासमा आन्तरिक तथा बाह्य द्वन्द्वले प्रशस्त ठाउँ पाएको छ । राघवको आन्तरिक द्वन्द्वबाट आरम्भ भएको उपन्यास उसको मन्त्री पद अस्वीकारको निर्णयसँगै अन्त्य भएको छ । यस क्रममा रत्नमान र यशोधरा, केशव र रत्नमान, प्रजातन्त्रवादी र पञ्चायतवादीका बिचमा भएका द्वन्द्व बाह्य द्वन्द्वका उदाहरण हुन् । सगग्रमा **रातो आँसु** उपन्यासको कथानक उत्कृष्ट बनेको पाइन्छ ।

**पात्र वा चरित्र विधान**

**रातो आँसु** घटनाको लामो शृङ्खला भएको उपन्यास भएर पनि चरित्र प्रधान उपन्यास हो । यसमा समाजका विभिन्न वर्गका बहुसङ्ख्यक पात्रहरू प्रयोग भएका छन् । राघव, केशव, यशोधरा, वर्तमान आदि पात्रले समाजका विविध पाटो र वर्गको प्रतिनिधित्व गरेका छन् । 'म' को रूपमा उपस्थित भएर सम्पूर्ण घटनाको भोक्ता र वर्णनकर्ता रहेको राघव यस उपन्यासको प्रमुख एवम् केन्द्रीय चरित्र हो । काभ्रे जिल्लाको ग्रामीण बस्तीमा जन्मिएको ऊ उच्च शिक्षा अध्ययन गर्नका साथै राजनीतिमा अलग्गै स्थान बनाउन सफल भएको छ । २०४६ सालको जन आन्दोलनमा सक्रिय भएर लागेको उसले दुई पटकसम्म मन्त्री बन्न आएको अवसरलाई त्यागेको छ । निष्ठाको राजनीति गर्ने राघव राजनैतिक दलहरूको सत्तामोह, बढ्दो भ्रष्टाचार तथा सहिद र सहिद परिवारप्रति राज्यको बेवास्ताका कारण रानजीतिबाटै पलायन बनेको छ । मिलनसार स्वभावको राघव जो कोहीसँग तुरुन्तै परिचित बन्ने मात्र होइन निकट सम्बन्ध स्थापित गर्न समेत सक्षम हुन्छ । सानो समस्यालाई पनि ठुलो रूपमा लिएर त्यसको केस्रा केस्रो केलाउने ऊ मानसिक रूपमा भने कमजोर पात्र हो । निष्ठावान तथा विभिन्न बाहानामा पछाडि पारिएका राजनैतिक व्यक्तिहरूको प्रतिनिधि

चरित्र हो राघव । उपन्यासको आरम्भदेखि अन्त्यसम्म भोक्ता र द्रष्टा दुवै रूपमा उपस्थित ऊ बद्ध, मञ्चीय, गतिशील, वर्गीय एवम् अनुकूल, पुरुष पात्र हो ।

केशव प्रस्तुत उपन्यासको सहायक चरित्र हो । काभ्रे जिल्लाको बन्देउटारमा जन्मिएको केशब विभिन्न सङ्घर्षको प्रतिमूर्ति एवम् सङ्घर्षशील चरित्र हो । निरङ्कुश व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्ने उसले बहुदलीय व्यवस्था घोषणाको खुसियाली मनाउने क्रममा मृत्यु वरण गर्नु परेको छ । विभिन्न आन्दोलनको मोर्चामा अगाडि भएर ज्यानको बलिदानद्वारा इतिहासको निर्माण गर्ने तर इतिहासको पानामा नाम नलेखिएका तिनै ज्ञात अज्ञात सहिदहरूको प्रतिनिधि पात्र हो केशव । चेतनशील एवम् जुझारु युवा भएर पनि जोसमा होस गुमाउने कमजोरीका कारण उसले अकाल मृत्युको सिकार बन्नुपरेको छ । उपन्यासमा सहायक भूमिकामा देखिएको केशव बद्ध, मञ्चीय, गतिशील, वर्गीय, अनुकूल र पुरुष पात्र हो ।

यशोधरा प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र हो । केशव, राघव र जुनूकी मात्र नभई नेपाल आमाकै प्रतिनिधित्व गर्न सफल उसमा अपार मातृत्व सलबलाएको छ । सम्पन्न परिवारमा जन्मिएकी शिक्षित नारी भएर पनि आफूभन्दा थोरै पढेको गाउँले केटोसँग विवाह गरेर विभिन्न परिस्थितिको सामना गर्ने उसको चरित्र उदाहरणीय देखा पर्दछ । जबान छोराको जन्मदिनको तयारीमा जुटेकी यशोधरा छोरो सहिद बनेको खबर सुन्दा समेत एक थोपो आँसु नचुहाउने धैर्य र त्यागकी नमुना हो । आन्दोलनमा ज्यान गुमाउने सहिदहरू को मात्र नभएर समस्त देशभक्तहरूकी साझा आमा बनेकी ऊ प्रस्तुत उपन्यासकी बद्ध, मञ्चीय, गतिशील, वर्गीय, प्रमुख र नारी चरित्र हो ।

त्यस्तै प्रस्तुत उपन्यासमा वर्तमान, रत्नमान, जुनू आदि सहायक पात्रका रूपमा प्रस्तुत छन् । केशवको काका वर्तमान शिक्षित चेतनशील युवा हो । प्रजातन्त्र प्राप्तिपछि पनि देशमा हुन नसकेको परिवर्तनले ऊ निराश बनेको छ । 'म' पात्र राघवसँग मित्रता कायम गर्न पुगको उसमा असल मित्रका गुण पाइन्छन् । रत्नमान यस उपन्यासको सहायक एवम्

खल चरित्र हो । यशोधराको पति र केशवको बाबु ऊ भ्रष्ट पतित एवम् अनैतिक पात्र हो । घरकी पत्नीलाई त्यागेर अर्कै आइमाई भगाएर हिँड्ने उसको चरित्र प्रतिकूल रहेको छ । जुनू यस उपन्यासमा सामान्य भूमिकामा प्रस्तुत भएकी नारी पात्र हो । यशोधराकी सहयोगी र केशवकी प्रेमिका ऊ केशवसँगको वियोगका कारण आफ्नो जीवनलाई नै बदलेर योग मार्गतिर लागेकी छे । आफ्ना सुन्दर सपनाहरू बिचैमा निमोठ्न विवश नारी हो जुनू । बहुपात्रको प्रयोग भएको यस उपन्यासमा राघवकी पत्नी शोभा, राजनीतिसँग सम्बद्ध पराशर बाबु, एस.पी.प्रधान, अञ्जना राई, कृष्णा गौतम, सरस्वती कर्माचार्य, भवदेव पन्त आदि गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

## परिवेश विधान

राजनैतिक विषय वस्तुसँग सम्बन्धित प्रस्तुत उपन्यास २०४६ सालको जन आन्दोलन र त्यसको आसपासका २,४ वर्षको राजनैतिक परिवेश समेटिएको छ । २०४६ सालको जन आन्दोलन र त्यसपछि देखा परेका असहज राजनैतिक अवस्थाको चित्रणमा पनि उपन्यास सक्षम रहेको छ । कालिक परिवेशका रूपमा २०४४ सालदेखि आरम्भ भई २०५०/५२ सालसम्मको राजनैतिक अवस्थालाई समेटिएको यस उपन्यासमा स्थानिक परिवेशका रूपमा काठमाडौं, काभ्रेको बन्देउटार, पनौती , धुलिखेल, दोलाल घाट, पाँचखाल, लामिडाँडाका साथै वर्णनकै क्रममा अष्ट्रेलियाको केही स्थानलाई समेत समेटिएको छ तर उपन्यासको मूल केन्द्रविन्दु काठमाडौं हुँदै काभ्रेको बन्देउटार नै हो ।

**रातो आँसु** उपन्यास विभिन्न भावका माध्यमबाट पाठकीय अन्तर्मनलाई प्रभाव पार्न सक्षम भएको छ । जन आन्दोलनको वर्णनले विद्रोहमा जुट्नलाई उत्प्रेरित भएको पाठक मन केशवको बलिदान पश्चात् उसको त्यागलाई गरिएको अवमूल्यनले निराश बन्न पुग्छ । जुनूको जीवनदेखि नै पलायनता, यशोधराको सङ्घर्ष र भावशून्यता, वर्तमानको समसामायिक परिस्थितिप्रतिको असन्तुष्टि तथा राघवको त्याग र राजनैतिक पलायनले

पाठकका मनमा विभिन्न भावना जन्माउन पुग्छ । समग्रमा प्रस्तुत उपन्यास कथानक र पात्रको स्तर अनुसारको परिवेश समायोजनमा सक्षम रहेको छ ।

## दृष्टिविन्दु

प्रस्तुत उपन्यास आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । यसमा 'म' पात्रले कथयिताका रूपमा समग्र औपन्यासिक घटनाको वर्णन गरेको छ । सम्पूर्ण पात्रहरूको व्यवहार , स्वभाव, जीवन भोगाई आदिबारे 'म' पात्र (राघव) उपन्यासको कथयिता बने पनि आफ्ना बारेमा भन्दा केशव, यशोधरा र वर्तमानका माध्यमबाट समाजका विविध समस्याको प्रस्तुतिमा रुचि देखाएकाले यस उपन्यासमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

## सारवस्तु

प्रस्तुत रातो आँसु रानजैतिक विषयको केन्द्रीयतामा संरचित उपन्यास हो । यसमा पञ्चायती व्यवस्थाको अत्याचार जन दमनदेखि लिएर २०४६ सालको जन आन्दोलन प्रारम्भ हुनुको पृष्ठभूमि, जनताको सहभागिता र आन्दोलनको सफलताका साथै बहुदलीय व्यवस्थाको आगमनपछि पनि जन चाहनामा भएको बेवास्ता, राजनैतिक विकृति र नेतृत्व वर्गमा देखिएको चारित्रिक पतन प्रमुख विषय बनेर आएका छन् । बहुदलीय व्यवस्थाको आगमनपछि सहिदको साहादतको अवमूल्यन र जन चाहना अनुरूप कार्य नहुँदा सिर्जित निराशा र विद्रोहलाई पनि उपन्यासले समेटेको छ ।

विद्रोह निरन्तर चलिरहने प्रक्रिया हो , एउटा अध्यायको समाप्तिपछि अन्य उद्देश्य र आवश्यकता पूर्तिका लागि मानिस निरन्तर क्रान्तिमा लागि रहन्छ भन्ने अभिव्यक्ति **रातो आँसु** उपन्यासमा पाइन्छ ।[२४] आन्दोलनका नाममा केशव जस्ता होनाहार छोरालाई ढाल बनाएर सडकमा उतार्ने राजनैतिक नेतृत्वले चारित्रिक इमानदारिता नदेखाउँदा यशोधराको रित्तो काख र जुनूको जीवनप्रतिको विरक्ति मात्र होइन वर्तमान जस्ता सचेत युवामा बढेको निराशालाई पनि उपन्यासले औंल्याएको छ । सहिदको सपना अनुरूप राजनैतिक नेतृत्वले

कार्य गर्नु पर्ने सन्देश दिएको यस उपन्यासले राघव जस्ता चरित्रवान र सङ्घर्षशील नेताले राननीतिबाटै पलायन बन्नु पर्ने अवस्थाप्रति असन्तोष प्रकट गरेको छ । मातृभूमिलाई रातो आँसुको प्यास अझ नमेटिएको भन्दै सम्भावित आन्दोलनलाई सङ्केत गरेको यस उपन्यासले अर्को आन्दोलन नेतृत्व वर्गको चरित्र सुधारका लागि हुनुपर्छ भन्ने सार प्रकट गरेको छ ।

**भाषाशैली**

प्रस्तुत उपन्यासमा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग पाइन्छ । हिन्दी, उर्दू र नेवारी भाषाका केही शब्दहरूको प्रयोग पाइने यस उपन्यासमा अङ्ग्रेजी शब्दहरूको प्रयोग भने प्रशस्त पाइन्छ । वर्णन र प्रसङ्गका क्रममा अङ्ग्रेजी भाषाका शब्द र वाक्य मात्र नभई अनुच्छेदलाई समेत यसमा प्रयोग गरिएको छ । उपन्यासको आरम्भ समापन खण्डबाट भएको जस्तो लागे पनि बिचका सबै प्रसङ्ग 'म' पात्रका पूर्वस्मृतिका रूपमा आउनु र प्रारम्भको प्रसङ्गलाई पुनः समापनमा लगेर टुङ्ग्याउनुले उपन्यास रैखिक ढाँचामा संरचित रहेको छ । सरल वाक्यका साथै मिश्र र संयुक्त वाक्यको पनि प्रशस्त प्रयोग पाइने यस उपन्यासमा एकदेखि पच्चिस हरफसम्मको अनुच्छेदको प्रयोग पाइन्छ । पात्रको स्तर अनुरूप पाइने उखन टुक्का र थेगोको प्रयोगले थप रोचकता सिर्जना भएको छ । राघव र यशोधरा जस्ता पात्रको कथनमा काव्यात्मकताको झलक समेत पाइन्छ । सरल भाषाशैलीका माध्यमबाट गहन विषय वस्तुको प्रतिपादन गरिएको प्रस्तुत उपन्यासको उद्देश्य सरलताबाटै सहज र सम्प्रेष्य बनेको छ ।

**४.३.७ निष्कर्ष**

कन्हैया नासननी आफ्नो साहित्य यात्राको प्रथम चरण २०४७ सालमा **क्लियोपाट्रा** उपन्यास लेखेर उपन्यासकारका रूपमा परिचित बनेका हुन् । **क्लियोपाट्रा** अलावा **एउटा सहरको कथा** (२०४८), **सिपाही** (२०५७) **सुन्दर पार्कका सुन्दर फूलहरू** (२०६४) र **रातो आँसु** (२०६६) उपन्यासका माध्यमबाट उनले समाजका विभिन्न विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । **क्लियोपाट्रा** उपन्यासले उठाएको पुरुषको हैकमवादी

प्रवृत्तिको विरोध र नारी विद्रोहको स्वर **एउटा सहरको कथा** उपन्यासमा अझ सशक्त बनेको छ । हाम्रा प्राचीन मूल्य र मान्यतामा आइरहेको ह्रास र ग्रामीण बस्तीमा नारीहरूले खेप्नु परेका समस्याको कथा बनेको छ **एउटा सहरको कथा** । काम र मामको खोजीमा भारतीय सेनामा भाडाको सिपाही बन्न विवश सिपाहीहरूको दु:खपूर्ण जीवन कथा समेटिएको **सिपाही** उपन्यासले नेपालको वर्तमान सामाजिक अवस्था र युवाहरूको विदेश पलायनलाई यथार्थ रूपमा समेटेको छ । २०४६ सालको जन आन्दोलन र त्यसपछि देशको राजनैतिक क्षेत्रमा देखा परेका विकृतिहरूलाई समेटेर लेखिएको **रातो आँसु** उपन्यास जन आन्दोलनका सहिद परिवार तथा निष्ठाको राजनीति गरेका तर अवसरवादीहरूद्वारा पछाडि पारिएका राजनैतिक नेताहरूको अवस्थाको यथार्थ प्रस्तुत गर्न सफल उपन्यास हो । त्यसै गरी **सुन्दर पार्कका सुन्दर फुलहरू** लघु उपन्यासले भने प्रकृतिका विविध फुललाई मानवीकृत गरी सुन्दरी प्रतियोगिता जस्ता कार्यलाई प्रतीकात्मक रूपमा विरोध गरेको छ । यिनै उपन्यासहरूका आधारमा कन्हैया नासननी एक सफल सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

नारी समस्यालाई मुख्य रूपमा उठाउँदै समाजका विभिन्न स्तरका पात्रलाई उपन्यासमा प्रयोग गर्ने नासननी नारीवादी उपन्यासकार समेत हुन् । **क्लियोपाट्रा**की रोजिना, **एउटा सहरको कथा**की रेवती, **सिपाही** उपन्यासका सरोज र श्याम तथा **रातो आँसु**की यशोधरा र राघवका विविध मनोवैज्ञानिक अवस्थाको विश्लेषण ती उपन्यासहरूमा गरिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई समेटिएका उनका उपन्यासमा सरल तथा सरस भाषाशैलीको प्रयोग पाइन्छ । समाजमा भइ रहेका विभिन्न किसिमका विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गर्ने नासननी नेपाली साहित्यका सफल सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

## ४.४ कन्हैया नासननीको कथात्मक कृतिको विश्लेषण

नेपाली साहित्यको आख्यानात्मक विधा अन्तर्गत पाँचवटा उपन्यास रचना गरेका नासननीले कथाहरूको पनि रचना गरेका छन् । उनको हालसम्म **मुटुका व्यथाहरु** (२०५६) कथासङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहभित्रका कथाहरूको अध्ययन यहाँ गरिएको छ ।

### ४.४.१ 'मुटुका व्यथाहरू' कथा सङ्ग्रहभित्रका कथाहरूको विश्लेषण

कन्हैया नासननीद्वारा लिखित **मुटुका व्यथाहरू** (२०५६) कथा सङ्ग्रहभित्र नौ वटा कथाहरू सङ्ग्रहित छन् । 'देवी', 'स्ट्राउसको इम्पर्स वाल्ज', 'मूलपात्र बेइमान र एम्ब्यासेडर जुत्ता', 'च्याँङ्गा', 'अवकाश', 'अजातशत्रु', 'सङ्गीताको विवाह', 'विक्षिप्त सूर्य', 'स्मृति वेदना' शीर्षकका यी कथाहरूमा कथाकारले समाजका विभिन्न विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कथाहरूलाई कथा तत्त्वका आधारमा विश्लेषण गरिएको छ :

#### ४.४.१.१ 'देवी' कथाको विश्लेषण

'देवी' कथा सामाजिक विषय वस्तुमा आधारित कथा हो । यस कथामा पहिले दृष्टि विहीन र उपचार पश्चात् दृष्टि प्राप्त गर्न सफल देवीका साथै देवी र गोरेका बिचको आत्मिक प्रेमलाई वर्णन गरिएको छ ।

**कथानक**

घटनाहरूको शृङ्खलाबद्ध योजनालाई कथानक भनिन्छ । कथामा घटनावलीको योजना अथवा अभिरेखा ढाँचालाई कथानक भनिन्छ ।[२४] वृत्ताकारीय ढाँचामा लेखिएको देवी कथा देवी र गोरेका बिचको आत्मिक र अव्यक्त प्रेमबाट आरम्भ भएको छ । जन्मजात रूपमा दृष्टि विहीन देवी र गोरे एउटै गाउँका युवा युवती हुन् । दृष्टि विहीनताका कारण पारिवारको बोझ बन्न विवश देवीलाई गोरेले साथ मात्र दिएको छैन बाँच्न समेत सिकाएको

छ । गोठालो जाँदादेखि लिएर मेला जात्रामा समेत उनीहरू सँगसँगै हुन्छन् । गाउँमा आएको नेत्र ज्योति सिविरमा देवीको आँखाको अप्रेसन हुन्छ । दृष्टि हीनताका कारण बाँच्न समेत नचाहने देवीलाई सिविरमा भर्ना गरेर गोरे राडीपाखी बेच्न सहर जान्छ । अप्रेसन पश्चात् दृष्टि प्राप्त गरेकी देवी घर फर्कने क्रममा खोलाको पानीमा देखिएको आफ्नो छायाँले खुसी र अचम्मित बन्दै चिच्याउँछे । स्वास्थ्य सिविर सकेर फर्कन लागेका डाक्टर लगायत अन्य मानिसहरूको समूह देवी भएका ठाउँमा पुग्छ । के भयो भन्ने डाक्टरको प्रश्नले लज्जित बनेकी देवी जिब्रो टोक्दै घरतिर लाग्छे भने सहर गएको गोरे पनि त्यही समूहमा मिसिन आइ पुग्छ र कथाको समापन हुन्छ ।

**पात्र**

कथामा पाइने ती व्यक्तिहरूलाई चरित्र वा पात्र भनिन्छ जो नैतिकता र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् ।[२४] 'देवी' कथा देवीको केन्द्रीयतामा आधारित कथा हो । यसमा देवी लगायत गोरे हेड मास्टर, डा.प्रधान, डाक्टरहरूको समूह, देवीका बाबुआमा आदि मानवीय पात्रहरू प्रयोग भएका छन् भने देवीको आन्तरिक अवस्थाको चित्रण गर्न सूच्य रूपमा लोखर्के, भमरो, काग, बाछो आदि मानवेतर पात्रहरू पनि आएका छन् ।

कथामा प्रमुख भूमिकामा रहेकी देवी सुगठित शरीर भएकी १६ वर्षीय सुन्दर युवती हो । जन्मजात रूपमा दृष्टि विहीन ऊ गोरेलाई आत्मीय प्रेम गर्छे । आफ्नो अन्धोपनलाई ईश्वरको खेल ठान्ने देवी पम्परावादी चरित्र हो । हठी र जिद्धी स्वभावकी उसले गोरेको पहलमा दृष्टि प्राप्त गरेकी छे । कथाको आरम्भदेखि अन्त्यसम्म रहेकी देवी केन्द्रीय, प्रमुख, मञ्चीय, बद्ध नारी पात्र हो । गोरे प्रस्तुत कथाको प्रमुख पुरुष पात्र हो । १८ वर्षीय युवक उसले जन्मजात रूपमा दृष्टि विहिन देवीलाई प्रेम गरेर प्रेमको अमरतालाई प्रस्तुत गरेको छ । अनपढ भए पनि रूढिवादी परम्पराको विरोधी उसमा आधुनिक परिर्वतनप्रति सजगता पाइन्छ । प्रेम रूप र गुणसँग नभई आत्मासँग गरिन्छ भन्ने कुराको उदाहरण बनेको गोरे

प्रमुख, मञ्चीय, बद्ध, अनुकूल, वर्गीय र पुरुष पात्र हो । हेड मास्टर र डाक्टर प्रधान कथाका सहायक पात्र हुन् भने अन्यको भूमिका गौण रहेको छ ।

**परिवेश**

कथामा पात्रहरूको कार्य कलाप हुने वा घटनाहरूको घट्ने स्थान र समयलाई परिवेश भनिन्छ । यस अन्तर्गत देश, काल, वातावरण पर्दछन् । कथामा चरित्रले कार्य व्यापार गर्ने र घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ ।[२४] देवी कथा निम्न वर्गीय ग्रामीण समाजमा खास गरी अपाङ्गता भएका मानिसहरूले भोग्नु परेका समस्या र उनीहरूप्रति सामाजिक दृष्टिकोणलाई परिवेशभित्र समेट्न सफल कथा हो । कालिक परिवेशलाई किटान नगरिएको यस कथाले सङ्क्रमण कालीन नेपाली समाजलाई सङ्केत गरेको छ । धामी झाँक्रीप्रतिको विश्वासमा कमी र स्वास्थ्य शिविरहरूको सञ्चालनले त्यसलाई पुष्टि गरेको छ । काठमाडौंदेखिको टाढाको डाँडा गाउँलाई स्थान बनाएको यस कथाले आंशिक रूपमा सहरी परिवेशलाई पनि समेटेको छ । आन्तरिक परिवेशका रूपमा देवीका आन्तरिक मनोद्वन्द्वको चित्रण रहेको यस कथाले दृष्टि विहीन देवी र दृष्टि प्राप्त गरेपछिकी देवीको मानसिक अवस्थालाई परिवेशभित्र समेटेको छ ।

**दृष्टिविन्दु**

दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो; जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष पुऱ्याउँछ ।[२४] प्रस्तुत कथा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित रहेको छ । कथाकारले कथाको घटनाको वर्णनका क्रममा विभिन्न पात्रको प्रयोग गरे तापनि पात्रहरूको आन्तरिक र बाह्य क्रिया प्रतिक्रिया तथा मानसिक

अवस्थाको समेत द्रष्टाका रूपमा कथाको वर्णन गरेकाले 'देवी' कथा तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दु प्रयोग भएको कथा हो ।

## सारवस्तु

कुनै कथाकृति पढि सके पछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँदछौं; त्यही नै सारवस्तु हो ।[२४] देवी कथामा कथाकारले शारीरिक रूपमा अपाङ्ग भएका मान्छेहरूमा पनि अन्य सपाङ्ग सरह चाहनाहरू हुने भएकाले तिनको सम्मान गर्न सक्नु पर्ने कुराप्रति सचेत गराउनका साथै जन्मान्धता जस्ता धेरै रोगको उपचार सम्भव भएकाले धाँमीझाँक्री र भाग्यमा विश्वास गर्नुको साटो स्वास्थ्योपचारमा लाग्न आग्रह गरेका छन् । यस कथामा साथीका रूपमा रहेका दुई पात्रमध्ये देवीको निश्छलता र काम्ला पाखी बेच्ने गोरेको त्याग प्रतिविम्बित छ ।[२४] प्रमेको शाश्वत् पक्षको वर्णन गर्दै प्रेम शारीरिक रूपमा रङ्ग र यौनसँग नभई मनसँग गरिन्छ । आत्मिक प्रेम सफल र अमर बन्न सक्छ भन्ने भाव पनि यस कथामा अभिव्यक्त भएको छ ।

## भाषाशैली

भाषाशैली कथाको रूप विन्यास अन्तर्गत पर्दछ । कथा कस्तो भाषा र कुन शैलीमा लेखिएको छ भन्ने कुरा भाषाशैलीबाट जानकारी पाइन्छ । प्रस्तुत 'देवी' कथामा सरल, सहज सम्प्रेष्य तथा वर्णनात्मक भाषाशैलीको प्रयोग पाइन्छ । आयामगत दृष्टिले लामो भएर पनि घटनाको उचित संयोजन र पात्रानुकूल संवाद योजनाले कथा उत्कृष्ट बनेको छ । तत्सम र झर्रा शब्दको बाहुल्य पाइने यस कथामा हुर्रे, सक्सेस, अप्रेसन, थ्याङ्क्स गड जस्ता अङ्ग्रेजी शब्दको समेत प्रयोग पाइन्छ । वृत्ताकारीय ढाँचामा लेखिएको प्रस्तुत कथा चरित्र प्रधान कथा हो । ग्रामीण परिवेशको चित्रण, सामाजिक समस्याको प्रस्तुति तथा प्रेमको शाश्वत् पक्षलाई अभिव्यक्ति गर्न सफल यस कथाको भाषाशैली पात्रानुकूल सरल, रोचक तथा बोधगम्य रहेको छ । देवी दुई अक्षरे नामिक पदको प्रयोग गरिएको यस कथाको शीर्षक सम्पूर्ण कथानक देवी नामक पात्रसँग केन्द्रित हुनाले सार्थक बनेको छ ।

### ४.४.१.२ 'स्ट्राउसको इम्पर्स वाल्ज' कथाको विश्लेषण

'स्ट्राउसको इम्पर्स वाल्ज' एक जना विदेशी पर्यटकको प्रेम पीडामा आधारित कथा हो । यस कथामा व्यक्तिका मनमा सङ्गीतले पार्न सक्ने प्रभावको वर्णन पाइन्छ ।

**कथानक**

प्रस्तुत कथाको कथानक क्यासेट विक्रेता 'म' पात्रको पसलमा इम्पर्स वाल्ज नामक क्यासेट किन्न एक विदेशी पर्यटक आएको प्रसङ्गबाट आरम्भ भएको छ । विदेशी सङ्गीतज्ञको सो क्यासेटको मूल्य रू. पचास पर्ने सुनेर निराश बनेको ऊ गीत सङ्गीतका बारेमा कुरा गर्न थाल्छ । 'म' पात्र अन्य ग्राहकसँग व्यस्त भएको अवसर पारी उक्त क्यासेट खल्तिमा हालेर सो विदेशी एउटा गल्लितिर लाग्छ । हतार हतार पसल बन्द गरेर उसको पिछा गर्दै गएको 'म' पात्र एउटा दुइतले घरको भऱ्याङ्गसम्म पुग्छ । भऱ्याङ्गबाटै देखिने अस्तव्यस्त सानो कोठामा विदेशी पसेपछि उसले त्यहीँबाट विदेशीको व्यवहार नियाल्न थाल्छ । खल्तीबाट क्यासेट झिकेर बजाउन थालेको ऊ आफ्नी एलिसाको नाम लिंदै विभिन्न बिलौना गरेर रून थाल्छ आफूले बेवास्ता गरेकोले पत्नीको मृत्यु भएको हुनाले तिम्रो हत्यारा मैं हुँ भनेर रोइ रहेको विदेशीको व्यवहारले आफ्नो परिवारलाई पर्याप्त समय दिन नसकेको 'म' पात्र झस्कँदै घर फर्कन्छ । भोलिपल्ट पत्नीलाई पसलमा पठाएर आफू ढिलो गरी पुगेको म पात्रले हिजोको क्यासेट यथास्थानमा देखेर विदेशीका बारेमा सोध्छ । यस घटनाले परिवारलाई पर्याप्त माया दिनु पर्ने अठौटमा पुगेको म पात्र पत्नीलाई फिल्म हेर्न जाने आग्रह गर्छ भने पत्नी अचम्मित बन्दछे । यत्तिकैमा कथानकको अन्त्य हुन्छ । विदेशी पर्यटकको अनौठो व्यवहारले कुतूहलको सिर्जना भएको यस कथामा आन्तरिक द्वन्द्व प्रवल पाइन्छ ।

**पात्र**

प्रस्तुत कथा एक जना विदेशी पर्यटकको व्यवहारमा आधारित कथा हो । प्रमुख एवम् केन्द्रीय चरित्रका रूपमा पर्यटक रहेको यस कथाको 'म' पात्र सहायक चरित्र हो ।

वर्णनका क्रममा आएका 'म' पात्रकी पत्नी निर्मला, विदेशी गायकहरू, बाख, मोजार्ट बिथोबिन आदि गौण पात्र हुन् भने कथामा प्रत्यक्ष उपस्थित नभएर पनि घटनालाई अगाढि बढाउन भूमकिा खेल्ने पर्यटककी पत्नी एलिसालाई सहायक पात्र मान्न सकिन्छ । विदेशी पर्यटक यस कथाको प्रमुख, केन्द्रीय, बद्ध, मञ्चीय तथा गतिशील पात्र हो । सुरुमा क्यासेट चोरेका कारण प्रतिकूल देखिने उसको चरित्र क्यासेट फिर्ता गरे पश्चात् अनुकूल बनेको छ । आफ्नै गल्तीका कारण पश्चात्तापमा पिल्सिएको पर्यटक मानसिक रूपमा विक्षिप्त र पाठकहरूको सहानुभूति पाउन सफल पात्र हो । आफ्नो व्यायसायप्रति उत्तरदायी 'म' पात्र यस कथाको सहायक पात्र हो । कथाको आरम्भदेखि अन्त्यसम्म रहेर सम्पूर्ण कथाको वर्णन गर्ने ऊ बद्ध, मञ्चीय, गतिशील र पुरुष पात्र हो । विदेशीको व्यवहारले ऊ पारिवारिक दायित्वप्रति सचेत  बनेको छ ।

**परिवेश**

'स्ट्राउसको इम्पर्स वाल्ज' कथा प्रेम वियोगले विक्षिप्त बनेको पात्रको मानिसक अवस्थालाई यसै परिवेशभित्र समेट्न सफल कथा हो । कालिक परिवेशको किटान नहुनाले सार्वकालिक बनेको यस कथामा स्थानगत परिवेशका रूपमा काठमाडौंको वसन्तपुर, भूगोल पार्क, हनुमान ढोका आदि रहेका छन् र वर्णनकै क्रममा अस्ट्रियाको राजधानी भियानाका साथै विभिन्न मुलुकका केही स्थानहरू रहेका छन् । आन्तरिक परिवेशका रूपमा पर्यटकको मानिसक विक्षिप्तिका कारण उत्पन्न उसका क्रिया प्रतिक्रियाको वर्णनलाई यस कथाले परिवेशभित्र समेटेको छ ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा प्रथम पुरुष परिधीय दृष्टिविन्दुमा आधारित छ । कथाकारको प्रत्यक्ष उपस्थिति नभए तापनि 'म' पात्र कथा वाचकका रूपमा उपस्थित भएर समग्र कथाको वर्णन गरेको यस कथामा प्रथम पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

**भाषाशैली**

'स्ट्राउसको इम्पर्स वाल्ज' रैखिक ढाँचामा लेखिएको वर्णनात्मक एवम् घटना प्रधान कथा हो । प्रमुख पात्र विदेशी पर्यटक हुनाका साथै अङ्ग्रेजी शब्दहरूको अधिक प्रयोग पाइने यस कथाको भाषा साधारण पाठकका लागि दुर्बोध्य भए तापनि घटनाहरूको वर्णनले कथालाई रोचक बनाएको छ । पात्रहरूको संवादका क्रममा आएका आलङ्कारिक भाषाको प्रयोगले कथामा काव्यात्मक भाषाको सिर्जना भएको छ । समग्रमा कथाको भाषाशैली आलङ्कारिक एवम् रोचक बनेको छ ।

## ४.४.१.३ 'मूल पात्र बेइमान र एम्ब्यासेडर जुत्ता' कथाको विश्लेषण

मूल पात्र बेइमान र एम्ब्यासेडर जुत्ता संस्मराणत्मक शैलीमा लेखिएको कथा हो । हास्यव्यङ्ग्यको प्रशस्त प्रयोग गरिएको यस कथामा नेपालका सडक यातायाको अवस्था, धार्मिक आडम्बर र विकृतिका साथै समाजका विविध विषयप्रति व्यङ्ग्य गरिएको छ ।

**कथानक**

प्रस्तुत कथाको कथानक 'म' पात्रले पनौती देखि काठमाडौसम्म यात्रा गर्दा भोगेको समस्याबाट आरम्भ भएको छ । पनौतीबाट काठमाडौ हिँडेको 'म' पात्र धुले सडक, यात्रुको चाप तथा जबर्जस्त बसमा कोचिएका खसी बाख्राको गन्धले दिक्क बन्दै यात्रा गरिरहेको हुन्छ । धेरै जनाको हुलमा ठेलमेल गर्दै एक जना मानिस गाडीमा चढ्छ र 'म' पात्रको नजिकै उभिन्छ; जसलाई कथाकारले मूल पात्र नाम दिएका छन् । अनौठो किसिमको पहिरन र बोलक्कड स्वभावको मूल पात्र र 'म' पात्रका बिचमा कुराकानी हुँदा दुवै बाल्यकालका सहपाठी मित्र भएको जानकारी हुन्छ । मूल पात्र आफ्नो र परिवारको बारेमा बखान गर्न थाल्छ भने 'म' पात्रको ध्यान उसले लगाएको बाटा कम्पनीको एम्ब्यासेडर जुत्तामा पर्छ । म पात्रको ध्यान जुत्तामा परेको देखेर खुसी भएको मूल पात्रले जुत्ताको बडाई गर्दै काठमाडौंमा प्रवचन सुन्न गएको ठाउँमा आफ्नो थोत्रे जुत्ता छाडेर सो जुत्ता टप्काएको कुरा बताउँछ । उसका कुराले अन्य यात्रुलाई मनोरञ्जन दिए पनि 'म' पात्र भने ७ महिना पहिले हराएका आफ्ना जुत्ताको दुर्दशा देखेर खिन्न बन्छ । जैन मन्दिरमा प्रवचन सुन्न गएका बेला हराएको

एम्ब्यासेडर जुत्ता त्यहि भएको थाहा पाएर समेत केही प्रतिक्रिया जनाउन नसकी 'म' पात्र गन्तव्यमा नपुग्दै कोटेश्वरमा उत्रन्छ । उसका मनमा आएका विभिन्न तर्कनाको वर्णनसँगै कथाको समापन भएको छ ।

यात्राको वर्णनबाट आरम्भ भएको यस कथामा यात्राको आरम्भसँगै कुतूहलको सिर्जना भएको छ । यात्राका गतिविधि, मूल पात्रको आगमन, 'म' पात्रले जुत्तामा हेर्नु आदि कुतूहलका उदाहरण हुन् । बाह्य द्वन्द्वका रूपमा बसका यात्र र कन्डक्टरबीचको भनाभन मूल पात्रले 'म' पात्रको काँधमा हात राख्नु र 'म' पात्रले हटाउनु जस्ता कुरा भए पनि यस कथामा आन्तरिक द्वन्द्व प्रवल रहेको छ । आफ्ना जुत्तादेखे पछि 'म' पात्रका मनमा विभिन्न मनोद्वन्द्व चलेका छन् ।

## पात्र

प्रस्तुत कथा मूल पात्रको केन्द्रीयतामा आधारित छ । कथाको वर्णनकर्ता 'म' पात्र सहायक चरित्र हो । बसको चालक, खलाँसी, यात्रुहरू आदि गौण पात्र हुन् भने नेपालको सडक यातायातको अवस्थालाई व्यङ्ग्य गर्न यसमा मानवेतर पात्र खसी बाखाको प्रयोग गरिएको छ । एम्ब्यासेडर जुत्ता यस कथाको प्रमुख कथ्य हो ।

कथामा खल भूमिकामा प्रस्तुत मूल पात्र प्रमुख, मञ्चीय, गतिशील, व्यक्तिगत पुरुष पात्र हो । आफ्नै बारेमा बडाइँ गर्ने, चोरी गर्ने, नबोलाई भोजमा जाने ऊ धूर्त, कञ्जुस, आडम्बरी, अवसरवादी एवम् समाजको विसङ्गत पात्र हो । सहायक भूमिकामा देखिने 'म' पात्र अनुकूल, मञ्चीय, बद्ध, गतिशील तथा मानसिक रूपमा पीडित पात्र हो । समाजका विकृतिप्रति सुधारको चाहना राख्ने ऊ आफूलाई मन परेको सामान चोर्ने व्यक्ति फेला पार्दा समेत प्रक्रिया देखाउन सक्दैन । वर्णनका क्रममा आएका अन्य पात्रहरूको कथामा खासै भूमिका रहेको पाइँदैन ।

## परिवेश

प्रस्तुत मूल पात्र बेइमान र एम्ब्यासेडर जुत्ता नेपालको यातायात क्षेत्रमा देखिएका विकृति र सामाजिक विसङ्गतिलाई परिवेशमा समेट्न सफल कथा हो । स्थानिक परिवशेका रूपमा पनौतीदेखि काठमाण्डौसम्मका विभिन्न स्थललाई समेटेको यस कथाले खास समयलाई किटान गरेको पाइँदैन । बाह्य परिवशेको विविध पक्षका साथ 'म' पात्रको मानिसक अवस्थालाई आन्तरिक परिवेशमा समेट्न सफल यो कथा सामाजिक विकृतिको प्रस्तुति गर्न सक्षम बनेको छ ।

### दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग पाइन्छ । कथाकार 'म' पात्रका रूपमा प्रस्तुत भए पनि 'म' पात्र मूलपात्रको विभिन्न क्रिया कलापको वर्णनमा केन्द्रित भएकाले यस कथामा प्रथमपुरुष परिधिय दृष्टिविन्दुको प्रयोग रहेको छ ।

### सारवस्तु

प्रस्तुत कथा मुख्य रूपमा मूल पात्रको खराब आचरणको प्रस्तुति गरिएको कथा हो । यस कथामा कथाकारले हास्यात्मक रूपमा नेपालमा सडक यातायातको अवस्था तथा गाडी चालक र यात्रुहरूको व्यवहार प्रति व्यङ्ग्य गरेका छन् । साथै धार्मिक आडम्बर र सामाजिक विकृतिको विरोध गर्नु पनि यस कथाको उद्देश्य हो । यस कथामा ठगी, चोरी र छलछाम गर्ने मूल पात्र बेइमानको कलुषित चरित्रको उद्घाटन भएको छ । मानवेतर वस्तु (एम्बयासेडर जुत्ता) प्रमुख कथ्य बनाउने माध्यमबाट कथामा दुष्कार्यको अभिव्यक्ति रोचक पारामा दिइएको छ ।[२४] कथामा 'म' पात्रको दुर्दशामय अवस्थाको मनोविश्लेषण पनि गरिएको छ ।

### भाषाशैली

मूल पात्र 'बेइमान र एम्ब्यासेडर जुत्ता' हास्यव्याङ्गात्मक शैलीमा लेखिएको संस्मरणात्मक कथा हो । सरल सहज र प्रभावपूर्ण भाषा शैलीको प्रयोग पाइने यस कथामा

पशुपति, चालक, सङ्कल्प, क्या हो, भइ हाल्यो, घर आदि तत्सम र झर्रा शब्दका साथै एम्ब्यासडर, बाटा, ट्रक, मेहरमानी, गठेमङ्गल जस्ता आगन्तुक शब्दको पनि प्रयोग पाइन्छ । पसिनाले तर हुनु, दानादानमा लेखेको हुन्छ खानेवालाको नाम जस्ता मौलिक उखान टुक्काको प्रयोगले रोचक बनेको यस कथामा थेगो र निपातको सहज प्रयोगले भाषाशैलीलाई पात्रानकूल बनाउन सहयोग पुऱ्याएको छ । कथाको शीर्षक वाक्य स्तरको मूल पात्र बेइमान र एम्व्यासेडर जुत्ता राखिनु र जुत्तालाई मूल कथ्य बनाई मूल पात्रको बैमानीको यथार्थ प्रस्तुत गरिनाले कथाको शीर्षक सार्थक बनेको छ ।

## ४.४.१.४ 'च्याङ्ग्रा' कथाको विश्लेषण

'च्याङ्ग्रा' संस्मरणात्मक शैली तथा सामाजिक विषय वस्तुमा आधारित कथा हो । यस कथामा समाजको तिरस्कृत र दिनहीन पात्र च्याङ्ग्राको स्वाभिमानी जीवनको यथार्थ चित्रण पाइन्छ ।

**कथानक**

प्रस्तुत कथाको कथानक प्रमुख पात्र च्याङ्ग्राको मृत्युको प्रसङ्गबाट आरम्भ भएको छ । चार वर्षसम्म जापानमा पढेर फर्किएको 'म' पात्र (श्याम) च्याङ्ग्राको मृत्युको खबरले मर्माहत बन्छ र पूर्वस्मृतिको रूपमा सम्पूर्ण कथाको वर्णन गर्दछ ।

'म' पात्र श्यामको गाउँले व्यक्ति च्याङ्ग्रा अनौठो स्वभावको छ । केटाकेटीहरूलाई कथा सुनाएर खुसी पार्ने ऊ घडी विनाको  हात हेरेर मलाई अवेला भयो भन्ने गर्दछ । बाल्यकालमा 'म' पात्रलाई विभिन्न अवस्थामा सहयोग गरेको उसले बदलामा फटाहा केटाहरूको  लात्ती सहनु परेको छ । 'म' पात्र जापान जाने समयमा एयर पोर्टसम्म पुऱ्याउन आएको च्याङ्ग्रा जेठी मुध, हर्रो र पिपलाको पोको दिंदै बिदाइमा आँसु चुहाउँछ । च्याङ्ग्रालाई घडी र लुगा ल्याइदिने आश्वासन दिएर जापान गएको 'म' पात्र घर फर्कने क्रममा गाउँ नजिकै पुग्दा माथिबाट ल्याइ रहेको लास देखेर सशङ्कित बन्दछ । घर पुगेपछि सम्पूर्ण

आफन्तहरु भेला भइ सक्दा पनि आफ्नो प्रिय पात्र चाङ्गा अनुपस्थित रहँदा उसको शङ्कामा थप वृद्धि हुन्छ । आफ्नी आमाबाट च्याङ्गाको मृत्यको खबर सुनेर मर्माहत बनेको म पात्र आफ्नो भलो चिताउने च्याङ्गाले लास बनेर समेत साइत पारेको अनुभव गर्छ । च्याङ्गाका लागि भनेर ल्याएको हाइनेक र घडी उसलाई दिन नपाएकामा ग्लानि र पीडाले विह्वल बनेको 'म' पात्रको मनोदशाको चित्रणसँगै यस कथाको समापन भएको छ ।

च्याङ्गाको अनुपस्थितिले सृजना भएको कुतूहल उसको मृत्युसँगै समाधान भए पनि प्रसङ्गमा आएका विभिन्न घटनाले प्रशस्त कुतूहलको सृजना भएको छ । च्याङ्गाको विरुद्ध फटाहा केटाहरू तथा समाजको खराब व्यवहारले द्वन्द्वको सृजना गरे पनि यसमा च्याङ्गाको सहभागिता पाइँदैन । आन्तरिक द्वन्द्वका रूपमा 'म' पात्रले छोड्ने बेलाको अवस्थामा च्याङ्गालाई नदेख्दा उठेका भाव र उसको मृत्युको खरबले सिर्जित मानसिक छटपटाहट आदि आएका छन् ।

**पात्र**

'च्याङ्गा' कथा च्याङ्गाको केन्द्रीयतामा संरचित कथा हो । काथका सम्पूर्ण घटना क्रम च्याङ्गासँग सम्बन्धित भएकाले च्याङ्गा यस कथाको प्रमुख पात्र हो । समाजमा कसैका कुभलो नचिताउने ऊ अनुकूल पात्र हो । गरिब र दीनहीन भएर पनि कसैसँग  हात नपासार्ने **च्याङ्गा** स्वाभिमानी पात्र हो । केटाकेटीलाई एउटै कथा सुनाएर उनीहरूको  घेराबाट उम्कने र नारी हेर्दै अवेला भयो भन्ने उसमा व्यक्तिगत चरित्र पाइन्छ । कथाको आरम्भदेखि अन्त्यसम्म प्रमुख भूमिकामा रहेको ऊ प्रमुख, मञ्चीय, बद्ध तथा स्वभावका दृष्टिले व्यक्तिगत चरित्र भए पनि गरिब, निमुखा र दीनहीन वर्गको प्रतिनिधि पात्र समेत हो । जीवनमा कुनै परिर्वतन नभएको च्याङ्गा गतिहीन, च्याप्टो, परम्परावादी र अनपढ पात्र हो । उसले आफ्नो सम्पूर्ण जीवन अर्काकै लागि  समर्पण गरेको छ ।

यस कथामा सहायक पात्रका रूपमा म पात्र (श्याम) आएको छ । बाल्यकालमा फटाहाहरूको  सङ्गतमा लागेर आफूलाई  माया गर्ने च्याङ्गालाई लात्तीले हाने पनि पछि ऊ

च्याङ्गाको आत्मीय पात्र बनेको छ । विदेशमा पढेको शिक्षित युवक उसमा दयालु र भावुक प्रवृत्ति पाइन्छ । च्याङ्गालाई घडी र हाइनेक दिएर खुसी पार्ने उसको रहर रहरमै सीमित बनेको छ । कथाको आरम्भदेखि अन्त्यसम्म देखिने ऊ सहायक, मञ्चीय, व्यक्तिगत तथा अनुकूल र पुरुष पात्र हो । यसका साथै 'म' पात्रका साथीहरू, आमा, दाजु, मेजर बा, हरि प्रसाद बाजे, चिरञ्जीवी कार्की, भुन्टी दमिनी आदि नामोल्लेख भएका र केही सामान्य भूमिकामा देखा पर्ने गौण पात्र हुन् ।

**परिवेश**

'च्याङ्गा' कथा निम्न मध्यम वर्गीय ग्रामीण परिवेशमा आधारित कथा हो । यस कथाले स्थानगत परिवेशका रूपमा खास गरी काभ्रे पनौती तथा त्यसका आसपासका ठाउँहरूका साथै काठमाडौंको एयर पोर्टसम्मलाई समेटेको छ । खोला, पहाड, उकाली, ओराली आदिको वर्णनले ग्रामीण परिवेशलाई समेट्न कथा सफल बनको छ । कालिक परिवेशका रूपमा १५–२० वर्षको समय सीमालाई समेट्न सफल च्याङ्गा कथा आयामका दृष्टिले विस्तृत रहेको छ ।

**दृष्टिविन्दु**

'च्याङ्गा' कथा प्रथम पुरुष परिधीय दृष्टिविन्दुमा संरचित कथा हो । यस कथामा प्रयुक्त 'म' पात्रले आफ्ना बारेमा भन्दा पनि च्याङ्गाको विभिन्न अवस्थाको चित्रणमा आफूलाई संलग्न गराएकाले प्रस्तुत कथामा प्रथम पुरुष परिधीय दृष्टिविन्दु पाइन्छ ।

**सारवस्तु**

'च्याङ्गा' कथामा कथाकारले समाजमा पाइने विभिन्न स्वभाव र जीवनशैलीका पात्रहरूको माध्यमबाट सामाजिक विविधताको प्रस्तुति गरेका छन् । मान्छेले आफूले नचाहँदै पनि कतिपय कामहरू बाध्यतावश गर्नु पर्छ भन्ने कुरालाई पनि यस कथाले देखाएको छ र आत्मीय सम्बन्ध कायम हुनका लागि रूप र गुण भन्दा भावनाको मेल हुनु पर्ने कुरालाई

पनि सङ्केत गरिएको च्याङ्गा कथाले समाजमा उपेक्षाको सिकार बनेको व्यक्तिको मानसिकतालाई चित्रण गर्दै त्यस्ता व्यक्तिहरूको अस्थित्वको कुनै मूल्य नहुने तितो यथार्थलाई  प्रस्तुत गरेको छ ।[२४] समग्रमा दीनहीन च्याङ्गाको जीवनावस्थाको प्रस्तुति र म पात्रसँगको उसको आत्मीय सम्बन्धका बारेमा प्रष्ट पार्नु नै यस कथाको सार हो ।

**भाषाशैली**

'च्याङ्गा' कथा पूर्वदीप्ती तथा वर्णनात्मक शैलीमा लेखिएको कथा हो । यस कथामा 'म' पात्रले आफ्नो बाल्यकालका घटनाहरूलाई वर्तमानमा स्मरण गरेको छ । सरल, सहज एवम् ग्रामीण कथ्यस्तरका पात्रानुकूल भाषा र संवादको प्रयोगले कथा रोचक बनेको छ । पूर्वदीप्तीको प्रयागे भए तापनि मुख्य घटना सहित कथाको आरम्भ र अन्त्यका घटना वर्तमानमा भएकाले कथामो रैखिक ढाँचा नै अवलम्बन गरिएको पाइन्छ । तिन वटा (XXX) चिन्हले खण्ड विभाजनको सङ्केत गरिएको यस कथामा ६ खण्डहरू रहेका छन् । आयागमत विस्तृतताका कारण कथाको सङ्गठन केही खुकुलो बने तापनि विभिन्न उखान, टुक्का र निपातको प्रयोगले रोचकता थपेको छ ।

### ४.४.१.५ 'अवकाश' कथाको विश्लेषण

'अवकाश' सामाजिक तथा मनोवैज्ञानिक विषय वस्तुमा आधारित कथा हो । यस कथामा प्रशासनिक क्षेत्रमा देखा परेका राजनैतिक हस्तक्षेप र त्यसबाट प्रभावित कर्मचारीहरूको मानसिक र सामाजिक अवस्थाको चित्रण पाइन्छ ।

**कथानक**

प्रस्तुत कथाको कथानक भर्खरै अवकाश पाएको कार्यालय प्रमुख शिव बहादुर प्रधानको मानसिक अवस्थाको चित्रणबाट आरम्भ भएको छ । १८ महिना पहिले मात्र महाप्रबन्धक पदमा नियुक्ती भएको उसले मुख्य सचिवको दबाबमा कार्य नगर्दा पदबाटै बर्खास्त हुनु परेको छ । पूर्व सूचना विना अवकाश पत्र थमाइनाले ऊ मानसिक रूपमा पीडित बनेको छ । फोन गरेर सान्त्वना दिन खोज्ने आफन्तहरूको साहानुभूति खप्न नसकेर फोन होल्डमा राख्छ र छटपटीमा दिन बिताउँछ । आफ्नै कार्यालयमा नयाँ प्रमुखको आया भन्ने जिज्ञासाले कार्यालयमा फोन गर्न खोज्दा एक जना कर्मचारी पनि आफू अनुकूल भएको नपाएर ऊ हैरान बन्छ । अचानक अफिसको नम्बर थिच्न पुगे पनि उताबाट फोन  उठाएर त्यक्तिकै छाडिन्छ । नयाँ प्रबन्धकको बडाइँ र उसको बद्ख्वाइँको चर्चा फोनबाटै थाहा पाउँछ । कार्यालयका उपल्लो तहका कर्मचारीहरू घरमै भेट्न आएर विदाइ कार्यक्रमका निम्तो दिन्छन् । बोलाइएको समय अगाबै कार्यक्रम स्थल पुगेको शिव बहादुर आफूप्रति गरिएको बेवास्ता र अपमानजनक व्यवहार तथा नयाँ प्रमुखको प्रशंसा देखेर कार्यक्रम नसकिँदै उठेर हिँड्छ् । भ्रष्ट व्यक्ति जी. एम. बनेको र इमान्दार, कर्तव्य निष्ठ पिउन, ड्राइभर समेत निष्काशित भइसकेको थाहा पाएर दुःखी बन्दछ । इमानदारी र कर्तव्य परायणताको पुरस्कार जागिरबाट अवकाश नै रहेछ  भन्ने ठान्दै घरतिर बढ्दछ । पत्नीको आँखामा देखिएको आँशुलाई आफ्नो जागिरप्रतिको श्रद्धाञ्जली ठान्दै ओछ्यानमा पल्टन्छ र कथाको समापन हुनछ ।

शिव बहादुरको अवकाशको घटनाले जन्मिएको कुतूहल कथाको समापनसँगै अन्त्य भएको छ । बाह्य द्वन्द्वका रूपमा कर्मचारी तन्त्र र शिव बहादुर बीचको द्वन्द्व रहेको यस कथामा उसका मानसिक अवस्थामा आन्तरिक द्वन्द्व प्रवल बनेको छ ।

**पात्र**

'अवकाश' कथामा प्रमुख एवम् केन्द्रीय चरित्रका रूपमा शिव बहादुर प्रधान रहेको छ । अवकाश प्राप्त शिव बहादुर अन्तर्मुखी प्रवृत्तिको पात्र हो । कसैको दबाबमा काम नगर्ने

ऊ अनुकूल चरित्र हो । आफ्ना समस्यलाई मनमै गुम्स्याएर पीडित  बनेको ऊ परिवार र आफन्तहरूसँग समेत खुलेर कुरा गर्न सक्दैन । कथाको आरम्भरदेखि अन्त्यसम्म मुख्य भूमिकामा उपस्थित  शिव बदहादुर मञ्चीय, बद्ध, अनुकूल तथा व्यक्तिगत चरित्र हो । सहायक  चत्रिरका रूपमा मुख्य सचिव नयाँ जी. एम. तथ्याङ्क अधिकृत रहेका छन् । भ्रष्ट र अवसरवादी चरित्रका यिनमा प्रतिकूलताका स्पष्ट सङ्केतहरू पाइन्छन् । वर्णनका क्रममा आएका शिव बहादुरकी  पत्नी,  बहिनी,  छोरी,  आफन्त,  ड्राइभर, पियन आदि गौण पात्रहरू हुन् ।

**परिवेश**

'अवकाश' कथा राजनैतिक हस्तक्षेप खेप्न विवश मध्यम वर्गीय कर्मचारीहरूको जीवनावस्था र उनीहरूको दिनचर्यालाई परिवशेमा समेट्न सफल कथा हो । कालिक परिवेशमा २०४६ को परिर्वतनपछिको कर्मचारी तन्त्रमा देखा परेको राजनैतिक हस्तक्षेपलाई समेटिएको यस कथामा स्थानिक परिवेशका रूपमा काठमाडौंको सहरी परिवेशलाई समेटिएको छ । साथै शिवबहादुर प्रधानको आन्तरिक मनस्थितिको अन्तर्द्वन्द्व, छट्पटी र पीडालाई समेत मनोवैज्ञानिक रूपमा विश्लेषण गरिएकाले यस कथामा आन्तरिक परिवेश पनि सवल बनेको छ ।

**दृष्टिविन्दु**

'अवकाश' कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित कथा हो । रैखिक ढाँचामा लेखिएको यस कथामा कथाकारले प्रमुख पात्र शिब. ब. प्रधानको आन्तरिक र बाह्य द्वन्द्वका साथै समस्त घटनाको विश्लेषण समेत गरेकाले यस कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

## सारवस्तु

'अवकाश' कथा  कर्मचारी तन्त्रमा देखा परेको राजनैतिक हस्तक्षेप र त्यसैले सिर्जना गरेका समस्यामा आधारित कथा हो । यस कथाले राजनैतिक हस्तक्षेपका कारण इमानदार र कर्तव्य निष्ठ कर्मचारीले भोग्नु परेका समस्या तथा तिनका परिवारले सामना गर्नु परेका मनोवैज्ञानिक त्रासलाई मुख्य विषय बनाएको छ । पदमा रहँदा र नरहँदाको संस्कारगत अवस्थाले कसरी चिमोटछ भन्ने कुरा यो कथाले देखाएको छ । जागिरे जीवनमा आउने मानसिक सबलता र दुर्बलताको द्वन्द्व निकै घतलाग्दो छ भने मानवीय चरित्र, प्रवृत्ति तथा मनोवृत्तिको उद्घाटन पनि कथामा भएको छ ।

## भाषाशैली

'अवकाश' सरल, सहज तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग गरिएको कथा हो । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । तत्सम र झर्रा शब्दका साथै जी एम., पी. ए., स्टाफ जस्ता आगन्तुक शब्दको पनि प्रशस्त प्रयोग पाइन्छ । विभिन्न उखान टुक्का र निपातको प्रयोगले संवाद योजनामा स्वाभाविकता सिर्जना गरिएको यस कथामा कतै कतै भाषिक विचलन पाइनुका साथै साले, झुर जस्ता गाली गलौजका शब्दको  पनि  प्रयोग पाइन्छ । तथापि पात्रगत संवाद र विषयवस्तुका बिच सामञ्जस्य पाइनाले कथाको भाषाशैली रोचक बन्नका साथै शीर्षक पनि सार्थक बनेको छ ।

## ४.४.१.६ 'अजातशत्रु' कथाको विश्लेषण

'अजात शत्रु' कथा सामाजिक विषय वस्तुमा आधारित कथा हो । समाजमा आफूलाई अजातशत्रु ठान्नेहरू नै जताततै शत्रुतापूर्ण व्यवहार गर्दै हिंड्छन् भन्ने कुरालाई यस कथाले विषय बनाएको छ ।

## कथानक

प्रस्तुत कथाको कथानक 'म' पात्र र आफूलाई अजात शत्रु ठान्ने शत्रुघ्न बस्नेतका बिचको परिचय आदान प्रदानबाट आरम्भ भएको छ । राष्ट्रिय योजना आयोगको सदस्य तथा भाषा कलामा निपूण 'म' पात्र विभिन्न कार्यक्रममा अतिथि बनेर आउँदा शत्रुघ्न बस्नेत उसको प्रशंसा गर्न आइ पुग्छ । तपाईसँग जरुरी कुरा गर्नु छ भनेर हरेक भेटमा भन्ने उसले 'म' पात्रलाई आफ्नो घरमा आमन्त्रण गर्छ । तोकिएको समसयमा सुन्दरी जलको उकालो हुँदै पैदल हिंडेर शुत्रघ्नका घरमा पुगेको 'म' पात्रलाई कुकुरले घाइते पार्छ भने शत्रुघ्नकी पत्नीको रुखो व्यवहारले खिन्न बनाउँछ । होटेलमा खाएर थोत्रे गोठामा सुतेको उसलाई उपियाँले टोकेर हैरान बनाउँछ । मध्यरातमा रक्सीको नशामा लर्खराउँदै आइ पुगेको शत्रुघ्न बस्नेत आफूलाई खोज्न आउने सबै मानिस बोलाएर आएका हुँदैनन् भन्दै पत्नीसँग झगडा गर्छ ।

शत्रुघ्नको व्यवहार तथा रातभरको अनिद्राले हैरान भएको 'म' पात्र भिसमिसेमै घरतिर फर्कन्छ । ओरालो झर्दै गर्दा अगाडि कट्टु र गन्जी लगाएको शत्रुघ्न बस्नेत एउटा जरुरी कुरा गर्नुथ्यो, अब शहरतिरै गरुँला भन्दै देखा पर्छ । उसलाई बेसोमत भन्न बिर्सिएकोमा पश्चात्ताप गर्दै  घरतिर फर्कन्छ ।

## पात्र

'अजातशत्रु' कथामा प्रमुख पात्रका रूपमा शत्रुघ्न बस्नेत आएको छ भने 'म' पात्र सहायक पात्र हो । शत्रुघ्नकी पत्नी, छोरो, मन्त्री, 'म' पात्रकी पत्नी, आदि गौण पात्रका रूपमा आएका छन् । शत्रुघ्न बस्नेत यस कथाको केन्द्रीय एवम् प्रमुख पात्र हो । मिठो बोलीको जालमा पारेर अरूलाई  ठग्न पल्केको ऊ प्रतिकूल तथा कृतघ्न चरित्र हो । कथाको आरम्भदेखि अन्त्यसम्म उसको  उपस्थिति पाइनाले ऊ मुख्य, बद्ध, मञ्चीय एवम् प्रतिकूल चरित्र हो । समाजका फटाहा र कृतघ्न व्यक्तिहरूको प्रतिनिधित्व गरे तापनि उसमा व्यक्तिगत चरित्र पाइन्छ । प्रस्तुत कथामा सहायक भूमिकामा रहेको 'म' पात्र शिक्षित भएर पनि अरूको कुरामा तुरुन्तै विश्वास गरि हाल्ने कमजोरीले ग्रसित छ । शत्रुघ्नको कपटपूर्ण

व्यवहार खेप्न विवश ऊ बद्ध, मञ्चीय, गतिशील, अनुकूल तथा सहायक पुरुष पात्र हो । शत्रुघ्नकी पत्नी प्रतिकूल गौण पात्र हो भने अन्य अनुकूल चरित्र हुन् ।

**परिवेश**

'अजात शत्रु' कथा खास गरी ग्रामीण एवम् सहरी परिवेशलाई समेटर लेखिएको कथा हो । कालिक परिवेशका रूपमा कुनै खास समयलाई किटान नगरिए पनि कथामा वर्णित घटनाले प्रजातन्त्र पुनर्स्थापन (२०४६) पछिको समयलाई सङ्केत गरिएको छ । सामाजिक रोगका रूपमा रहेका फटाहा प्रवृत्तिका मानिसहरूले सर्व साधारणलाई मात्र होइन शिक्षित र प्रतिष्ठित व्यक्तिहरूलाई पनि आफ्नो जालमा पार्न सकेका हुन्छन् । त्यस्तो जालमा पर्न विवश व्यक्तिहरूको शारीरिक र मानसिक अवस्थालाई समेत कथाले परिवेशभित्र समेटेको छ । काठमाडौं, सुन्दरीजल, शिवपुरी आदि स्थलको चर्चा पाइने यस कथाले आन्तरिक परिवेशका रूपमा शत्रुघ्नको कपटपूर्ण व्यवहार र 'म' पात्रको पश्चात्तापपूर्ण मनोविज्ञानको सफल चित्रण गरेको छ ।

**दृष्टिविन्दु**

'अजात शत्रु' कथा प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको कथा हो । कथाकारले शत्रुघ्ननामक पात्रको चारित्रिक विश्लेषणलाई मुख्य उद्देश्य बनाए पनि 'म' पात्रका रूपमा अर्को पात्रको समेत उपस्थिति तथा विश्लेषण पाइनाले यस कथामा प्रथम पुरुष परिधीय दृष्टिविन्दु पाइन्छ ।

**सारवस्तु**

'अजातशत्रु' कथाले समाजमा आफूलाई अजातशत्रुका रूपमा परिभाषित गर्ने व्यक्तिहरू नै शत्रुतापूर्ण व्यवहारले भरिएका हुन्छन् भन्ने कुरालाई देखाएको छ । साथै अरूका कुरामा तुरून्तै विश्वास गरि हाल्नाले अनपढ र सर्व साधारण मात्र होइन् प्रतिष्ठित, शिक्षित व्यक्तिहरूले समेत सास्ती खेप्नु पर्ने यथार्थप्रति सचेत गराउँदै समाजका फटाहाहरूलाई चिन्न सक्नु पर्ने विचार यस कथाले प्रस्तुत गरेको पाइन्छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सहज, सरल तथा प्रभावपूर्ण भाषाशैली प्रयोग पाइन्छ । रैखिक ढाँचामा लेखिएको यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । उखान, टुक्का तथा निपातको प्रयोगले संवादलाई रोचक बनाएको यस कथामा डुल्नु पर्छ गाउँ गाउँमा, तर्नु पर्छ खोलानाला आदि जस्ता विचलनयुक्त वाक्यको प्रयोगले काव्यात्मककताको समेत सिर्जना भएको छ । पात्रानुकूल संवादले युक्त यस कथाको भाषाशैली सरल तथा विनोदपूर्ण बनेको छ । आफूलाई अजातशुत्र ठान्ने शत्रुघ्नको विपरीत व्यवहारले कथाको शीर्षक व्याङ्ग्यात्मक रूपमा सार्थक बनेको छ ।

## ४.४.१.७ 'सङ्गीताको विवाह' कथाको विश्लेषण

'सङ्गीताको विवाह' सामाजिक तथा मनावैज्ञानिक विषयमा आधारित कथा हो । यस कथामा कथाकारले घरकी पत्नीलाई बेवास्ता गरी चलचित्रकी नायिकाको रूपमा लट्ठिँदै हिँड्ने पतिको मनोवैज्ञानिक अवस्थाको चित्रण गरेका छन् ।

**कथानक**

प्रस्तुत कथाको कथानक मदन नामक पात्रको मानसिक अवस्थाको चित्रणबाट आरम्भ भएको छ । ट्राभल्स एन्ड टुर्स कम्पनीमा कार्यरत ऊ एक छोरीको पिता हो । सङ्गीता नामक नायिकाको रूपमा लट्ठिएको मदन आफ्नी पत्नीमा त्यस्तो सुन्दरता नपाई दिक्क बनेको छ । रुखो स्वभावकी पत्नीको शङ्कालु बानीले उसलाई हैरान पारेको छ ।

अचानक एक दिन सङ्गीताको विवाह सम्बन्धी खबर पत्रिकामा पढेपछि ऊ मानसिक रूपमा असामान्य बन्दछ । असमयमै अफिसमा छड्के गर्नेदेखि लिएर आफ्नो मित्रसँग विना कारण झगडा गर्न पुग्छ । मानसिक पीडा र छट्पटीमा दिन बिताएको ऊ घर पुग्नासाथ विभिन्न निहुँ झिकेर श्रीमतीसँग झगडा गर्न खोज्छ भने अचेतनमै 'आज त खसी काटेर खा, सङ्गीताले तेरो के बिगारेकी छे' जस्ता कुराहरू फलाक्न पुग्छ । सानी छोरीसँग समेत रुखो व्यवहार गर्दै ओछ्यानमा पल्टिएको मदन मध्य रातमा व्युँझन्छ । आफ्नो व्यवहारका कारण खाना समेत नखाई बसेका पत्नी र छोरीका अगाडि अपराध बोधले लज्जित बनेको मदन सिनेमाको दुनियाँ र वास्तविक दुनियाँ समान नभएकाले पारिवारिक जीवनलाई सिनेमाको कथासँग दाँज्न नहुने निष्कर्ष सहित भान्सातिर लाग्छ र कथानकको अन्त्य हुन्छ । सङ्गीताको चर्चा र मदनको अनौठा व्यवहारले कुतूहलको सृजना भए पनि कथानकको समापनसँगै त्यसको समाधान भएको छ । बाह्य द्वन्द्वका रूपमा पत्नी र कर्मचारीसँग मदनले गरेको रुखो व्यवहार आए पनि यस कथामा आन्तरिक द्वन्द्व प्रवल छ । मदनको अचेतनको चाहना र त्यसका क्रिया प्रतिक्रियालाई कथाले समेटेको छ ।

**पात्र**

'सङ्गीताको विवाह' कथामा प्रमुख पात्रका रूपमा मदन रहेको छ भने कथालाई अगाडि बढाउन अप्रत्यक्ष रूपमा भए पनि सङ्गीताको भूमिका सहायक देखा पर्दछ । मदनकी छोरी अफिसका कर्मचारी, साथी आदि गौण पात्रका रूपमा आएका छन् । कथाको सुरुदेखि अन्त्यसम्म प्रमुख भूमिकामा देखा पर्ने मदन प्रमुख एवम् केन्द्रीय चरित्र हो । प्रवृत्तिका आधारमा सुरुमा प्रतिकूल देखिने मदन कथाको अनत्यमा भने अनुकूल बनेको छ । मञ्चीयताका आधारमा मञ्चीय पात्र मदन बद्ध, व्यक्तिगत तथा गतिशील चरित्र हो । घरमा पत्नी र छोरी भएर पनि सिनेमाकी नायिकाको रूपमा लट्ठिने मदन पारिवारिक दायित्यबाट विमुख भएको पात्र हो । मनावैज्ञानिक रूपमा अचेतनमा बग्ने मदनमा स्त्रीको रूपमा लट्ठिने प्रवृत्ति पाइन्छ । कथामा प्रत्यक्ष रूपमा उपस्थित नभएकी सङ्गीता स्त्री सुलभ गुणले युक्त

सहायक नारी पात्र हो । मदनकी पत्नी, छोरी, अफिसका कर्मचारीहरू आदि यस कथाका गौण पात्र हुन् ।

## परिवेश

'सङ्गीताको विवाह' कथाले मध्यम वर्गीय सहरी पारिवारिक परिवेशलाई बाह्य रूपमा समेटेको छ भने आन्तरिक परिवेशका रूपमा प्रमुख पात्र मदनको मनोविकृतिको अध्ययनलाई समेटेको छ । कालगत परिवेशका रूपमा स्पष्ट समय सङ्केत नगरिएको यस कथामा चलचित्र र नायिकाका बारेमा चर्चा हुनु, कथा नायिकासँ सम्बन्धित हुनु तथा ट्राभल्स एन्ड टुर्स कम्पनिको चर्चाले स्थानगत परिवशेका रूपमा सहरलाई केन्द्रविन्दु बनाएको छ । कथानक अनकूल परिवेश संयोजनमा कथा सफल बनेको छ ।

## दृष्टिविन्दु

'सङ्गीताको विवाह' कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचिता कथा हो । कथाकारले विभिन्न पात्रको प्रयोग गरे तापनि मुख्य रूपमा मदन नामक पात्रको आन्तरिक र बाह्य क्रिया प्रतिक्रियाको विश्लेषणमा केन्द्रित भएकाले यस कथामा तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## सारवस्तु

प्रस्तुत कथाले पुरुषहरूको भोगवादी प्रवृत्तिप्रति मनोवैज्ञानिक रूपमा व्यङ्ग्य प्रहार गरेको छ । घरमा पत्नी र सन्तान भएर पनि चलचित्रका पर्दामा देखिने नायिकाको रूप र यौवनमा लट्ठिने पुरुषहरू र पत्नीलाई सोही रूपमा हेर्न खोज्ने प्रवृत्तिले पारिवारिक जीवनमा आइ पर्ने समस्यालाई औँल्याउनु यस कथाको मुख्य उद्देश्य हो ।[२४] आँगन छेउको फुलको महत्त्व नबुझ्ेर आकाशको फुलको कल्पनामा डुब्ने प्रवृत्तिप्रति विरोध गर्दै वास्तविक प्रेम रूपमा भन्दा गुणमा हुन्छ भन्ने कुरा यस कथाले देखाएको छ ।

## भाषाशैली

'सङ्गीताको विवाह' कथामा सरल एवम् सरस भाषाशैलीको प्रयोग पाइन्छ । रैखिक ढाँचामा लेखिएको यस कथामा प्रयुक्त उखान, टुक्का र निपातले भाषाशैलीलाई पात्रानुकूल र स्वाभाविक बनाउन मद्दत पुऱ्याएका छन् । अन्य कथामा झैँ आयामगत विस्तृतताले कथानकमा केही शिथिलताको आभास पाइए पनि पात्रनुकूल संवादले रोचकता थपेको छ ।

## ४.४.१.८ 'विक्षिप्त सूर्य' कथाको विश्लेषण

'विक्षिप्त सूर्य' क्यान्सर रोगले पीडित श्यामकाजी नामक कलाकारको मानसिक अवस्थाको विश्लेषणमा आधारित कथा हो ।

**कथानक**

प्रस्तुत कथाको कथानक श्यामकाजी नामक पात्रको मानसिक अवस्थाको चित्रणबाट आरम्भ भएको छ । श्यामकाजी आफ्नो शरीरमा पलाएको ट्युमरमा क्यान्सर भएको आशङ्कामा उपचारार्थ भारतको दिल्ली पुगको छ । उत्कष्ट चित्रहरूको निर्माता ऊ विक्षिप्त सूर्यले पृथ्वीमाथि चक्कुले केक काटेझै चिरा चिरा पारेको कल्पना गर्छ । रिपोर्टमा क्यान्सर भइ सकेको कुरा आउनेमा विश्वस्त श्यामकाजी आफू मर्नु अगावै एउटा उत्कृष्ट चित्र बनाउन चाहन्छ । झ्यालबाट सडकको दृश्य हेरि रहेको ऊ पत्रिका बेच्ने केटालाई आफ्नो चित्रको विषय बनाउन चाहन्छ । गाडीको बिचमा पसेर पत्रिका बेच्दा उसको ज्यान जान सक्ने कुरामा सशङ्कित श्यामकाजी दुर्घटनामा केटाको मृत्यु हुनु भनेको क्यान्सरका कारण आफ्नो पनि मृत्यु हुनु हो भन्ने अठोटमा पुग्दछ । अन्ततः केटो गाडीले किचिएर मर्छ भने श्यामकाजीकी पत्नी आँसु रित्ति सकेको आँखा लिएर रिपोर्ट सहित देखा पर्छे । पत्नीले रोग निको हुने कुरा बताए पनि मानसिक रूपमा क्यान्सरबाट मृत्यु वरण गरिसकेको ऊ आफू बाँच्न सक्नेमा आशावादी बन्न सकदैन । आफ्नो हात समातेर निदाएकी पत्नीलाई हेर्दै आफू सत्यवान र उनी सावित्री हुन नसक्ने अठोटमा श्यामकाजी पुग्छ र कथाको अन्त्य हुन्छ । कथाको आरम्भदेखि उत्पन्न भएको कुतूहल, पत्रिका बेच्ने केटाको अवस्था तथा श्यामकाजीको रिपोर्टको जानकारी पाउनका लागि अझ बढ्दै जान्छ भने केटाको मृत्युसँगै

त्यो समाधान भएको छ । बाह्य रूपमा समाज तथा रोग विरुद्धको द्वन्द्व पाइने यस कथामा श्यामकाजीका मनमा रहेको विभिन्न मानसिक द्वन्द्वले आन्तरिक द्वन्द्वको स्थान लिएका छन् ।

### पात्र

प्रस्तुत कथा श्यामकाजी नामक चित्रकारको कथा भएकाले श्यामकाजी यस कथाको प्रमुख एवम् केन्द्रीय चरित्र हो । शारीरिक रूपमा क्यान्सरको आशङ्कामा रहेको ऊ मानसिक रूपमा भने आत्मवल कमजोर भएको पात्र हो । मर्छु भन्ने निश्चयमा पुगेर पनि राम्रो चित्र बनाउन खोज्ने उसमा अस्तित्ववादी चिन्तन पाइन्छ । कथाको आरम्भदेखि अन्त्यसम्म प्रमुख भूमिकामा देखिने श्यामकाजी प्रमुख, बद्ध, मञ्चीय तथा व्यक्तिगत पात्र हो । कथालाई अगाडि बढाउन सहायक भूमिका भएको पत्रिका बेच्ने केटो सहायक चरित्र हो भने श्यामकाजीकी पत्नी शोभा गौण चरित्र हो ।

### परिवेश

'विक्षिप्त सूर्य' कथा मध्यम वर्गीय चित्रकारको पारिवारिक परिवेशमा आधारित कथा हो । कालगत परिवेशको स्पष्ट सङ्केत नपाइने यस कथाले स्थानगत परिवशेका रूपमा भारतको दिल्ली र त्यहाँका सडकलाई समेटेको छ । आन्तरिक रूपमा श्यामकाजीको मानसिक अवस्थालाई समेट्न सफल यस कथामा कथानक अनुसरा परिवेश संयोजन भएको पाइन्छ ।

### दृष्टिविन्दु

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित कथा हो । कथाकारले श्यामकाजी नामक पात्रको आन्तरिक र बाह्य अवस्थाको चित्रणमा रुचि देखाए तापनि पत्रिका बेच्ने केटो, पत्नी शोभा आदिको पनि समग्र वर्णन गरेकाले यस कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

### सारवस्तु

'विक्षिप्त सूर्य' कथा एक कलाकारसँग सम्बन्धित कथा हो । स्वस्थ हउन्जेल अमूल्य सिर्जनाका स्रष्टा कलकारहरू क्यान्सर जस्ता रोगका कारण असमयमै मर्न बाध्य भएको यथार्थलाई यस कथाले औंल्याएको छ । कुनै पनि व्यक्ति आफूलाई प्राण घातक रोग लागेको थाहा पाए पछि आफ्ना दिनहरू कसरी छट्पटीमा बिताउन थाल्छ भन्ने कुरालाई पनि यस कथाले देखाएको छ । त्यस्तै कलाकारहरूले आफ्ना कलाका विषय वस्तु जुनसुकै स्थान र परिवशेबाट ग्रहण गर्न सक्छन् भन्ने कुरालाई देखाउनु पनि यस कथाको सार हो । जतिसुकै आत्मीय प्रेम भए पनि आजका पतिपत्नी सावित्री र सत्यवान बन्न नसक्ने यथार्थलाई कथाले प्रकट गरेको छ ।

**भाषाशैली**

'विक्षिप्त सूर्य' कथामा सरल तथा सरस भाषाशैलीको प्रयोग पाइन्छ । विभिन्न उखान टुक्का र निपताको प्रयोगले भाषामा रोचकता थपिएको यस कथामा रैखिक ढाँचालाई अवलम्बन गरिएको छ । आलङ्कारिक तथा चित्रात्मक भाषाको प्रयोगले कथालाई काव्यात्मकताको निकट पुऱ्याएको पाइन्छ । पात्रानुकूल संवादले कथा रोचक र प्रभावपूर्ण बनेको छ ।

## ४.४.१.९ 'स्मृतिवेदन' कथाको विश्लेषण

'स्मृतिवेदना' सामाजिक तथा मनोवैज्ञानिक विषयमा आधरित कथा हो । यसमा पत्नी वियोगको वेदनामा पीडित सोहन नामक पात्रको मनोवैज्ञानिक अवस्थाको चित्रण गरिएको छ ।

**कथानक**

सर्बेयरको काम गर्ने सोहन आफ्नी पत्नी सहित काठमाडौंमा डेरा भाडा लिएर बस्छ । विभिन्न दुर्घटनाको छानविनका क्रममा बढाई चढाई क्षतिपूर्तिको सिफारिस नगरेका कारण उसको पेसामा नै सङ्कट पैदा हुन्छ ।  उसको इमानदारी र कार्य प्रणालीको सबैले प्रशंसा

गरे पनि काम दिन भने कोही चाहँदैन । आर्थिक अभावका कारण समयमा भाडा तिर्न नसक्दा डेराबाट अपमानपूर्वक निकालिनु पर्छ भने उपचारको अभावमा पत्नीको मृत्यु हुन्छ । सोहन आफ्नो इमानदारी र नैतिकता नै खुसीको बाधक बनेको ठानेर व्यापरीहरूको इच्छा अनुसरा विमा रकम सिफारिस गर्दै जाँदा सात वर्षमा दुई रोपनी जग्गामा तिनतले घर ठड्याउन सफल हुन्छ । बाँचुन्जेल पत्नीलाई सुख दिन नसकेकाले आत्मग्लानिमा बाँचेको ऊ हरेक वर्ष 'गोरखापत्र'मा स्मृति वेदना छपाएर पत्नीको यादलाई ताजा बनाउने गर्छ । पत्नीको चाहना अनुसार सबै थोकले सम्पन्न घर निर्माण गरेर पनि उनको अभावमा सोहन खुसी हुन सक्दैन । ऊ घर प्रवेशको अवसरमा भव्य पार्टीको आयोजना गर्छ तर आफू खुसी हुन सक्दैन । पार्टीमा सबै मस्त भइ रहेको अवसरमा सारा सम्पत्ति छाडेर सोहन पत्नीको फोटो लिएर वेपत्ता हुन्छ र कथाको  समापन हुन्छ । कथाको आरम्भबाट सुरु भएको कुतूहल डेराबाट निकालिदा र सोहनकी पत्नीको मृत्युपछि अझ सक्रिय बन्छ भने उसको पलायनसँगै समाधान हुन्छ । बाह्य द्वन्द्वका रूपमा कम्पनी र सोहन तथा सोहन र घर मालिकबिच द्वन्द्व रहेको पाइन्छ भने सोहन आन्तरिक द्वन्द्वको सिकार भएको छ ।

**पात्र**

प्रस्तुत कथा सोहन नामक पात्रमा आधारित भएकाले ऊ यस कथाको प्रमुख एवम् कन्द्रीय  चरित्र हो । इमानदारीपूर्वक काम गर्दा सम्मानको सट्टा अपमान र आर्थिक अभाव खेप्न विवश उसले इमानदारी त्यागेपछि प्रशस्त धन आर्जन गरेको छ । धन सम्पत्तिले सम्पन्न भएर पनि आत्मिक सुखको अभावमा पिल्सिएको ऊ कारुणिक चरित्र हो । मनावैज्ञानिक रूपमा विक्षिप्त ऊ पत्नीको स्मृति वेदना छपाएर तथा फोटो छातीमा टाँसेर सन्तुष्ट बन्दछ । कथाको आदिदेखि अन्त्यसम्म रहने सोहन प्रमुख, केन्द्रीय, बद्ध, मञ्चीय, अनुकूल, व्यक्तिगत र पुरुष पात्र हो । सोहनकी पत्नी शोभा सहायक, अनुकूल तथा कारुणिक नारी पात्र हो भने घर मालिक खल चरित्र हो । प्रभा, नोकर, विभिन्न पाहुना, व्यापारी आदिको भूमिका यस कथामा गौण रहेको छ ।

## परिवेश

प्रस्तुत कथा मध्यम वर्गीय सामाजिक परिवेशमा आधारित मनौवज्ञानिक कथा हो । यस कथाले कालगत परिवशेका रूमपा सात वर्षको समयलाई समेटेको छ भने स्थानगत परिवेश अन्तर्गत काठमाडौं, नेपालगञ्ज, भैरहवा, आदि रहेका छन् । आन्तरिक परिवशेमा पत्नी वियोगले व्यथित  सोहनका विभिन्न मनोवैज्ञानिक अवस्थाको चित्रण गरिएको यस कथाको परिवेश घटना अनुरूप सहज रहेको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित कथा हो । यसमा कथाकारले सोहन नामक पात्रको आन्तरिक तथा बाह्य अवस्थाको चित्रणमा बढी केन्द्रित भए तापनि अन्य पक्षको वर्णनमा समेत त्यक्तिकै रुचि देखाएकाले तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको  प्रयोग पाइन्छ ।

## सारवस्तु

'स्मृतिवेदना' कथा पत्नी वियोगमा पीडित बनेको पतिको कथा हो । यस कथाले निम्न र मध्यम वर्गका व्यक्तिहरूले जीवनका सपना र कल्पनाहरूलाई निमोठनु पर्ने मात्र होइन उचित उपचारको अभावमा अकालमै मर्नु पर्ने यथार्थलाई पनि समेटेको छ । नैतिकवान र कर्तव्यनिष्ठ कर्मचारीहरूको गिर्दो आर्थिक अवस्था तथा भ्रष्टहरूको सान र रबाफको चित्रणमा पनि कथा सफल बनेको छ । कसैको यादमा बाँच्नेहरूको जीवन कति कष्टकर र पीडादायी हुन्छ भन्ने यथार्थलाई मनोवैज्ञानिक रूपमा केलाउनु यस कथाको मख्य सार हो ।

## भाषाशैली

'स्मृतिवेदना' कथामा सरल तथा सरस भाषाशैलीको प्रयोग पाइन्छ । पूर्वदीप्ति शैलीमा लेखिएको यस कथामा भाषिक विचलनका नमुना भने प्रशस्त पाइन्छन् । अन्य

कथामा झैं आयाममा पाइने विस्तृतताले सङ्गठन पक्ष कमजोर बने तापनि शीर्षक र घटना बिचको सामञ्जस्यले कथालाई सबल बनाएको छ । तत्सम र भर्रा शब्दका साथै आगन्तुक शब्दको पनि प्रशस्त प्रयोग पाइने प्रस्तुत कथा पात्रानुकूल संवादले रोचक बनेको छ ।

### ४.४.१.१० निष्कर्ष

कन्हैया नासननीको **मटुका व्यथाहरु** कथा सङ्ग्रहमा नौ वटा कथाहरू समेटिएका छन् । आयमगत रूपमा विस्तृत यी कथाहरूमा समाजमा घट्ने विविध घटनाहरू विषय बनेर आएका छन् । खास गरी अन्धा, गरिब, माग्ने, आफन्तको वियोगले मर्माहत, नियतिको दास बनेका उनका कथाका पात्रहरू समाजका प्रतिष्ठित व्यक्तिदेखि निम्न स्तरका सम्म रहेका छन् । राष्ट्रियदेखि अर्न्तराष्ट्रिय परिवेशलाई समेत समेटेको उनका कथामा मानव जीवनका हाँसो र रोदन समेटिएको पाइन्छ । अरूले उल्लेख गर्न नचाहेका विषय र पात्रले नासननीका कथामा प्रशस्त स्थान र सहानुभूति पाएका छन् । सरल, सहज एवम् ग्रामीण भाषाशैलीको प्रयोग तथा पात्रनुकूल संवाले उनका कथा रोचक र रसिला बनेका छन् । पात्रगत मनोविज्ञानको समेत चित्रण पाइने नासननीका कथामा वर्तमानमा देखा परेका घात, प्रतिघात, प्रशासनिक भ्रष्टता, राजनैतिक हस्तक्षेप आदिका कारण सर्व साधारणमा आइ पर्ने समस्या र त्यसबाट उत्पन्न मनोद्वन्द्वलाई समेटिएको छ । समाजमा देखिएका विकृति र विसङ्गतिप्रति विरोध गर्दै समतामूलक समाज स्थापनाको चाहना राख्नु उनको कथा लेखनको उद्देश्य मान्न सकिन्छ ।

“कन्हैया नासननीका कथाको सङ्गठन दह्रो छ । ……… उनको कथा सिर्जनाले आफ्नै किसिमका डोब छाडेको छर्लङ्ग हुन्छ । त्यसैले के भन्न मन लाग्छ भने कन्हैयाका कथा काँचा कटमेरा फल होइनन् ; ती कथा भरेली भएर पाकेका फल हुन् अम्बा र नास्पाती हुन्, मेवा र सुन्तला हुन् ।”[२४] कन्हैया नासननीको कथाहरूको अध्ययन गर्दा समाजका विविध समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्न सफल उनी एक सामाजिक यर्थार्थवादी

कथाकार हुन् । नेपाली कथाका क्षेत्रमा उनको अलग्गै स्थान र पहिचान कायम हुन सक्ने सम्भावना अझै बाँकी नै छ ।

## ४.५ कन्हैया नासननीको आख्यानेतर कृतिको विश्लेषण

नेपाली साहित्यको आख्यानात्मक विधा अन्तर्गत कथा र उपन्यास सिर्जना गरेका नासननीले आख्यानेतर विधा अन्तर्गत संस्मरणात्मक निबन्धहरू लेखेका छन् । उनको हालसम्म **संस्मरण यात्रा संस्मरण** (२०६१) निबन्ध सङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहभित्रका निबन्धहरूको अध्ययन यहाँ गरिएको छ ।

### ४.५.१ 'संस्मरण यात्रासंस्मरण' निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूको विश्लेषण

**संस्मरण यात्रासंस्मरण** (२०६१) कन्हैया नासननीद्वारा लिखित संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह हो । विभन्न शीर्षकका एघार वटा निबन्धहरू सङ्ग्रहित यस सङ्ग्रहलाई संस्मरण र यात्रा संस्मरण गरी दुई खण्डमा विभाजन गरिएको छ । संस्मरण अन्तर्गत 'पियानोमा एउटा सङ्गीत', 'हिउँका कुरा', 'लाउराको आँसु', 'एउटा चित्र', 'प्रसङ्गै प्रसङ्गमा अल्झिएको प्रसङ्ग' र 'अतीतको क्यानभासकामा मेरो छात्राबास' निबन्धहरू समेटिएका छन् भने यात्रा संस्मरण खण्डमा 'रोस्टक सहर स्यामस्वेत पर्दामा', 'एउटा अर्को नरक', 'स्टालिन र पट्सडाम सम्मेलन', 'पश्चिम वर्लिनको यात्रा', 'संस्मरण यात्राको तासकन्द बुखरा समरकन्दको' शीर्षक निबन्धाहरू समेटिएका छन् । यस सङ्ग्रहभित्रका निबन्धहरूलाई  विषय वस्तु, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

#### ४.५.१.१ 'पियानोमा एउटा सङ्गीत' निबन्धको विश्लेषण

'पियानोमा एउटा सङ्गीत' निबन्धमा निबन्धकारले आफू विद्यार्थी अवस्थामा छँदा आफ्ना साथीहरूका कारण खेप्नु परेको अपमानलाई  विषय बनाएका  छन् ।

## विषय वस्तु

विषय वस्तु निबन्धको यस्तो पहिलो मुख्य तत्त्व हो ; जसका आधारमा निबन्ध सिर्जित र विषय वस्तु प्रतिष्ठित हुन्छ । निबन्धकार सबभन्दा पहिले के लेख्ने ? के को बारेमा लेख्ने ? विषय छान्छ । यसको अभावमा दिशा नै हुँदैन, बाटो नै हुँदैन । यसैले यसलाई निबन्धको प्राण भनिन्छ । यस अन्तर्गत लेखकले प्रस्तुत गरेको विषय, चिन्तन र तर्कहरू पर्दछन् ।[२४] आफू बस्ने छात्राबासको दोस्रो तल्लाबाट आउने पियानोको सङ्गीतले लेखकलाई लोभ्याउँछ र उनी उक्त कोठाको ढोकासम्म तानिन्छन् । किम नामक पियानो बजाउने केटो र लेखकबिच परिचयका साथै सङ्गीतका बारेमा कुराकानी हुन्छ । किमको सल्लाह अनुसार रसियन भाषा शिक्षिका समक्ष सङ्गीत सिक्ने चाहना व्यक्त गरेका लेखक लगायतको समूहलाई सङ्गीत सिकाउने व्यवस्था गरिन्छ ।

एक जना अपाङ्ग शिक्षकले सङ्गीत सिकाउन थाल्छ । सङ्गीतको कक्षामा पुग्नासाथ पियानो बजाउन जानि हालिन्छ भन्ने ठानेका विद्यार्थीहरूलाई सिद्धान्तका कुराले निराश बनाउँछ । २ दिनको कक्षा समाप्तिपछि तेस्रो दिन कक्षा चलेकै अवस्थामा एक जना छात्र कक्षाबाट बाहिरिन्छ र केही समय पश्चात् ग्रामोफोन बजाउँदै कक्षाभित्र प्रवेश गर्छ । ग्रामोफोनको सङ्गीतमा नाच्न थालेको उसलाई अन्य ६ जना साथीहरूले साथ दिन्छन् भने सङ्गीत शिक्षक निराश बन्दै बाहिरिन्छ । लाजले टेबुलमा मुन्टो गाडेर बसेका लेखक सोही घटनाकै कारण कोरियन साथी र भाषा शिक्षिकासँग पनि टाढिन पुग्छन् । यसरी सङ्गीत सिक्न चाहने लेखकले आफ्ना साथीहरूका कराण लज्जित बन्नु परेको घटनालाई यस निबन्धमा संस्मरण गरेका छन् ।

## उद्देश्य

निबन्धका मूख्य उद्देश्य वा काम व्यक्तित्वको प्रकाशन हो । आफूलाई जस्ताको तस्तै प्रस्तुत गर्नु, जगत् र जीवनप्रतिका आफ्ना मान्यता, आस्था र विश्वासाहरू व्यक्त गर्नु निबन्धकारको कर्म हो ।[२४] व्यक्तिले कतिपय चाहनाहरूलाई अवसर र अनुकूल परिस्थितिको

अभावमा अपूर्ण नै छाड्नु पर्दछ भन्ने यथार्थलाई देखाउनु पस्तुत निबन्धको उद्देश्य हो । परिस्थितिको गम्भीरतालाई नबुझि दिने साथीहरूका कारण विदेशी भूमिमा लज्जित बन्नु परेको घटनालाई  निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**भाषाशैली**

विषयवस्तु रोजि सके पछि निबन्धकारले त्यसलाई जुन तरिकाले प्रस्तुत गर्छ, त्यो ढङ्ग र प्राण–प्रतिष्ठाको लागि आवश्यक शरीरलाई शैली भनिन्छ । [२४] प्रस्तुत निबन्धमा सरल, सरस एवम् प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइन्छ । मस्को स्थित विदेशी भूमिमा घटित घटनालाई विषय बनाइएको यस निबन्धमा सङ्गठन सबल हुनका साथै आत्मपरक शैलीको प्रयोग पाइन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित यस निबन्धमा विषय वस्तु र शीर्षकबिच सामन्जस्य पाइन्छ ।

## ४.५.१.२ 'हिउँका कुरा' निबन्धको विशलेषण

'हिउँका कुरा' निबन्धमा निबन्धकारले हिउँसँगको आफ्नो साक्षात्कार र त्यसले पारेको मानसिक प्रभावलाई विषय बनाएका छन् ।

**विषय वस्तु**

अटो मोवाइल अध्ययनार्थ मस्को पुगेका निबन्धकार हिउँसँगको खेल्ने आफ्नो बाल्यकालदेखिको चाहना पुरा भएकामा खुसी बनेका छन् । इन्स्टिच्युटका तर्फबाट म्युजियम डुल्न जाने क्रममा पहिलो पल्ट हिउँसँग खेल्न पाएका उनले  मस्कोमा रहँदा हिउँदमा खेलिने विभिन्न खेलहरू सिक्ने अवसर पाए । रसियनहरूको हिउँप्रतिको मोह र हिउँमा खेलिने खेलले लेखकलाई लोभ्याउँदा रसियन महाकवि पुस्किनको नामसँग जोडेर पुस्किन्काया ओसेन (पुस्किनको शरद्) भन्ने भनाइले हिउँप्रतिको पुस्किनको मोह र त्यसले  रसियनहरूमा पारेको प्रभावका बारेमा पनि उनलाई थाहा हुन्छ । स्केटिङ अभ्यासका क्रममा सँगालेका विभिन्न अनुवभ र दृश्यलाई निबन्धकारले यस निबन्धको विषय बनाएका छन् । बाल्यकालमा

फुलचोकी डाँडालाई सेतो हिउँले ढाकेको दृश्यले हिउँसँग खेल्ने सपना सजाएका उनले मस्कोमा सो सपना पूर्ण गरेको घटनाको स्मरण यस निबन्धमा गरेका छन् ।

**उद्देश्य**

निबन्धकारले प्रस्तुत निबन्ध लेख्नुको उद्देश्य आफ्नो जीवनमा घटित घटनाको पूर्वस्मृति गर्नु हो । हिउँले आफूलाई लोभ्याएका कारण हिउँमा बिताएका तिता मिठा अनुभवको प्रस्तुति यस निबन्धमा भएको छ । विदेशी सभ्यता, सँस्कृति, जीवन शैली र प्राकृतिक सुन्दरताको सजीव चित्र उतार्न समेत निबन्ध सफल बनेको छ ।

**भाषाशैली**

प्रस्तुत निबन्धमा निबन्धकारले आत्मपरक शैलीका माध्यमबाट सरल तथा सरस भाषाशैलीको सिर्जना गरेका छन् । वर्णानात्मकतालाई अपनाइएको यस निबन्धको सङ्गठन सुगठित रहेको छ । तत्सम र झर्रा शब्दका साथै आगन्तुक शब्दको प्रशस्त प्रयोगले निबन्ध रोचक बनेको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको प्रस्तुत निबन्धको शीर्षक सार्थक बनेको छ ।

### ४.५.१.३ 'लाउराको आँसु' निबन्धको विश्लेषण

'लाउराको आँसु' निबन्धमा निबन्धकारले आफू विद्यार्थी अवस्थामा रहँदा लाउराको आँसु नामक स्थलको भ्रमणका क्रममा सँगालेका अनुभवलाई विषय बनाएका छन् ।

**विषय वस्तु**

जर्जिया कृष्ण सागरको तटमा अवस्थित बुरेबेस्टनिक आराम गृहमा ग्रीष्मकालीन छुट्टी मनाइ रहेका निबन्धकार लगायतको समूह लाउराको आँसु नामक स्थलको यात्रामा निस्कन्छ । आआफ्ना जोडी सहितका रसियनहरूको समेत संलग्नता रहेको त्यस समूहमा एक जोडीका बिचमा खटपट पैदा हुन्छ र बर्षौंदेखिको प्रेम सम्बन्ध अन्त्य भएको घोषणा

केटीले गर्छे । मान्छेको गाला आकारको चट्टानबाट बगि रहेको आँसुको धर्सो जस्तो पानीले विदेशीहरूको मन लोभ्याए पनि हजारौं झरना र छाँगा भएको देशका निवासी लेखकलाई भने त्यस दृश्यले खासै प्रभाव पार्न सक्दैन । उक्त स्थलको नामकरणका सम्बन्धमा पथ प्रर्दशकले वर्णन गर्ने क्रममा एक प्रेम जोडीको कथा सुनाउँछ । सोही गाउँको निवासी एक युवकले आफ्नी प्रेमिका गुमाउनु परेको चोटमा उक्त स्थलबाट हाम फालेर प्राण त्याग गरेको र जबर्जस्ती अर्कैसँग विवाह गराइएकी उसकी प्रेमिकाले चट्टानको माथि बसेर आँसु बगाएकाले लाउरा नामक त्यस युवतीको नामबाट त्यस ठाउँको नाम रहन गएको कुरा बताउँछ । कथाको समापन हुनु अगाबै बाटामा झगडा गर्ने केटी चिच्याउँदै आफ्नो प्रेमीलाई अँगाल्न पुग्छे । कथाको कारण प्रेमी जोडीको पुनर्मिलन भएको उक्त रमाइलो यात्राको स्मरण लेखकले यस निबन्धमा गरेका छन् ।

## उद्देश्य

प्रस्तुत निबन्धमा कुनै कुनै स्थान र कथा कहानीका माध्यमबाट समेत मानिसको जीवनमा परिवर्तन आउन सक्छ भन्ने तथ्यको प्रस्तुतिलाई मूल उद्देश्य बनाएको पाइन्छ । साथै हाम्रो जस्तो प्राकृतिक सम्पदाले सम्पन्न मुलुकका पर्यटकीय स्थलहरूसँग सम्बन्धित यस्ता कथाहरूको खोजी र प्रचार गर्न सके पर्यटक भित्र्याउन सहयोग पुग्ने कुरालाई पनि निबन्धले औंल्याएको छ ।

## भाषाशैली

प्रथम पुरुष दृटिविन्दुको प्रयोग गरिएको प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् सरस रहेको छ । आत्मपरक, वर्णनात्क शैलीको यस निबन्धमा कथानकको समेत सिर्जना भएको छ । सामान्य स्तरको भषाको प्रयोगले बोधगम्य बनेको यस निबन्धको शीर्षक विषय वस्तुसँग सम्बन्धित तथा सार्थक रहेको छ ।

### ४.५.१.४ 'एउटा चित्र' निबन्धको विश्लेषण

'एउटा चित्र' आत्म संस्रमणात्क निबन्ध हो । यसमा आफूलाई अत्यन्तै मन परेको चित्र गुमेको प्रसङ्गलाई निबन्धकारले  विषय बनाएका छन् ।

**विषय वस्तु**

प्रस्तुत निबन्धको विषय वस्तु रुसको ट्रेच्याकोब ग्यालरीमा अवस्थित इभान चतुर्थ र उनको मृत पुत्रको चित्रसँग सम्बन्धित छ । ट्रच्याकोब ग्यालरी भ्रमणमा गएका लेखकलाई इभान चतुर्थको आँखाबाट खसि सकेको र नाकको डिलमा अडेको आँसुको चित्रले अत्यन्तै प्रभावित पार्दछ । जारशाहीका रूपमा समेत परिचित इभान चतुर्थले आफ्नै बिरुद्धमा उत्रने पुत्रलाई लट्ठी प्रहार गर्दा अचानक पुत्रको मृत्यु भएपछि पश्चात्तापमा खसालेको आँसुको दृश्यलाई  स्वाभाविक रूपमा चित्रले समेटेको छ । आँखा झिम्क्याउँदा पनि आँसु खसि हाल्ने हो कि भन्ने भान पैदा गर्ने सो  चित्रले लेखकलाई धेरै दिनसम्म झस्काउँछ । आफ्नो मन छुन सफल उक्त चित्रको पनि विनाश भएको खबरले लेखकका मनमा चोट पुऱ्याएको प्रसङ्ग यहाँ विषय बनेर आएको छ ।

**उद्देश्य**

कुनै पनि विषयसँग आकृष्ट हुनका लागि त्यसलाई  हेर्ने विशेष आँखा र ग्रहण गर्ने मुटु हुनु पर्दछ भन्ने भाव जाहेर गर्नु यस निबन्धको उद्देश्य हो । धेरै अवलोकन कर्ता र चित्रका माझमा लेखकलाई सोही चित्रले प्रभाव पार्नु चित्र र भावनाबिचको सामन्जस्य नै हो । मानवीय स्वभाव जस्तोसुकै क्रूर व्यक्तिमा पनि हुन्छ भन्ने कुरा देखाउन सफल उक्त चित्रलाई कुनै विक्षिप्त युवकले चक्कुद्वारा छियाछिया पाऱ्यो भन्ने खबरले  लेखकलाई दुःखी तुल्याएको छ ।

**भाषाशैली**

प्रस्तुत निबन्धमा सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग  पाइन्छ । विभिन्न उपमाको प्रयोगले आलङ्कारिक बनेको यस निबन्धको भाषा काव्यात्मक बनेको छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित यस निबन्धको सङ्गठन सबल रहेको छ । आत्मपरक एवम् वर्णानात्मक शैलीमा लेखिएको यस निबन्धमा कथानकको समेत प्रयोगले थप रोचकता सृजना गरेको छ ।

## ४.५.१.५ 'प्रसङ्गै प्रसङ्गमा अल्झिएको प्रसङ्ग' निबन्धको विश्लेषण

'प्रसङ्गै प्रसङ्गमा अल्झिएको प्रसङ्ग' आत्म संस्मरणात्मक निबन्ध हो । एक मित्रसँगको अनौठो मित्रतालाई निबन्धकारले यसको विषय बनाएका छन् ।

**विषय वस्तु**

रुसमा अध्ययनरत निबन्धकार आफ्नो  एक नेपाली  साथीका  माध्यमबाट त्यहीँको नेपाली दूतावासको कर्मचारीसँग परिचित हुन पुग्छन् । परिचय  भएकै दिन कर्मचारीको कोठामा  भएको विदेशी महङ्गो मदिरा र रसियन सुन्दरी सहितको खानपानले लेखकलाई लोभ्याइ रहन्छ । बिदाको  दिन पारेर उनी फोन गर्छन् र दुबै भेला भएर खानपान गर्छन् । हरेक पटकको भेटमा औपचारिक शिष्टाचारका रूपमा हात मिलाउने बाहेक सन्चो  बिसन्चो सोध्ने समेत आवश्यकता महसुस गरिँदैन । हरेक पटक बङ्गुरको  कलेजो र मटर कोसा लिएर पुग्ने लेखक आफूले लगेको सामाग्री आफैँ पकाउँछन् भने अन्य  खानपानको व्यवस्था मित्रले नै गर्दछ । तिन चार घन्टासम्म एक साथ बसेर खानपान गरे पनि कुनै कुराकानी हुँदैन । खानपानमा मात्र सीमित सो मित्रताका बारेमा लज्जित निबन्धकार नेपाल फर्किए पछि सोधखोज गर्दै उनको घरसम्म पुग्छन् तर मित्रको मृत्युको खबरले स्तब्ध बन्दछन् । यही अनौठो मित्रताको संस्मरण नै यस निबन्धको विषय हो ।

## उद्देश्य

विगतका रमाइला घटनालाई वर्तमानमा अरूलाई सुनाएर मनोरन्जन प्रदान गर्दै आफू पनि आन्नदित बन्ने मानवीय स्वभाव अनुसार लेखकले आफ्नो जीवनको रमाइलो घटनालाई यस निबन्धमा प्रस्तुत गरेका छन् । कुनै पनि कार्यलाई बाँकी राख्नाले पश्चात्ताप गर्नु पर्ने हुन सक्छ भन्ने तथ्यलाई मित्रसँग वास्तविक परिचय र भला कुसारी गर्ने रहर अपुरै छाड्न विवश लेखकको बाध्यात्मक स्थितिबाट निबन्धले प्रष्ट पारेको छ ।

## भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् सरस रहेको छ । आत्मपरक तर विवरणात्मक शैलीमा लेखिएको यस निबन्धमा लेखकले विगतका घटनाको विवरण प्रस्तुत गरेका छन् । विदेशी परिवेशलाई नेपालका विभिन्न स्थानसँग जोडेर तुलना गर्नु लेखकको मौलिक शैली यस निबन्धमा पनि पाइन्छ । मित्रताको विषयसँग सम्बन्धित जुजुमान घटेरो र पुड्के गँजडीको प्रसङ्गले निबन्धलाई अझ रोचकता प्रदान गरेको छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित यस निबन्धको सङ्गठन सुगठित हुनका साथै शीर्षक पनि सार्थक बनेको छ ।

## ४.५.१.६ 'अतीतको क्यानभासमा मेरो छात्राबास' निबन्धको विश्लेषण

'अतीतको क्यानभासमा मेरो छात्राबास' कन्हैया नासननीद्वारा लिखित अर्को आत्म संस्मरणात्मक निबन्ध हो । आफू विद्यार्थी छँदा छात्राबासमा बिताएका तिता मिठा अनुभव र छात्राबसको मायालाई लेखकले यस निबन्धको विषय बनाएका छन् ।

## विषय वस्तु

सन् १९६५ मा अटो मोवाइल अध्ययनार्थ मस्को पुगेका लेखकले सन् १९७१ सम्म ६ वर्षको अवधि छात्रावासमा बिताउँछन् । आफ्नो ठाउँ र कोही आफन्त नहुँदा नहुँदै पनि त्यस छात्रावास छाड्नु पर्दा भएको पीडाले लेखकलाई सताएको छ । विश्वका विभिन्न मुलुकका

साथीहरूसँगको परिचय र सामीप्यताले विश्व परिवेशलाई बुझ्ने अवसर पाएका उनलाई छात्राबासका कर्मचारी, चिकित्सक तथा वार्डेनबाट पाएको आत्मीय व्यवहारले नतमस्तक बनाएको छ । यसरी कुनै पनि स्थानप्रतिको मोहलाई कस्तो मायाका रूपमा परिभाषित गर्ने भन्ने समस्या लेखकका मनमा उब्जिएको छ । आफ्नो जीवनकै महत्त्वपूर्ण क्षणहरू बिताएको त्यस छात्राबासलाई अतीतको क्यानभासबाट वर्तमानमा स्मरण गरेको प्रसङ्ग नै प्रस्तुत निबन्धको विषय बनेको छ ।

**उद्देश्य**

आफ्ना अतीतका स्मरण र अनुभूतिलाई वर्तमानमा संस्मरणका माध्यमबाट प्रस्तुत गर्नु नै यस निबन्धको उद्देश्य रहेको पाइन्छ । स्वेदश अथवा विदेश जहाँ भए पनि मानिसले वास्तविक रूपमा आफूलाई सुरक्षित महसुस गर्ने स्थल आफ्नो निवास नै हो, त्यस्ता स्थलप्रति अलग्गै नाता र माया गाँसिएको हुन्छ भन्ने कुराको प्रस्तुति पनि यस निबन्धको उद्देश्य हो ।

**भाषाशैली**

प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् सरस रहेको छ । आत्म संस्मरणात्मक रूपमा प्रस्तुत यस निबन्धमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित यस निबन्धको सङ्गठन सुगठित रहेको छ । तत्सम र झर्रा शब्दका साथै आगन्तुक शब्दको प्रयोग पनि यसमा प्रशस्त पाइन्छ । विभिन्न प्रसङ्गको वर्णनका क्रममा हास्यात्मकताको पनि सिर्जना भएको छ ।

## ४.५.१.७ 'रोस्टक सहर श्यामश्वेत पर्दामा' निबन्धको विश्लेषण

'रोस्टक सहर श्यामश्वेत पर्दामा' यात्रा संस्मरणात्मक निबन्ध हो । निबन्धकारले पूर्वी जर्मनी भ्रमणका क्रममा देखेका स्थान र सँगालेका अनुभवलाई यस निबन्धको विषय बनाएका छन् ।

## विषय वस्तु

सन् १९६७ मा अटोवमाइल हाइवे इन्स्टिच्युट मस्कोमा तीस जना विद्यार्थीको समूहमा निबन्धकार पनि एकमैने गर्मी छुट्टि मनाउन रोस्टक सहर पुग्छन् । पूर्वी जर्मनी अन्तर्गत बाल्टिक समुद्रको किनारमा अवस्थित रोस्टक सहरलाई पाश्चात्य सभ्यताले झपक्क ढाकेको अनुभव लेखकको छ । एउटा छात्राबासमा  बसोबासको व्यवस्था गरिएको उनीहरूको बसाइ अत्यन्तै रमाइलो बन्छ । छात्राबासका कर्मचारीहरूको आत्मीय व्यवहार तथा रात्रीमा गरिने साङ्गीतिक कार्यक्रमले सबैलाई खुसी तुल्याउँछ । रोस्टक बसाइका क्रममा ६ दिनसम्म अनिवार्य श्रम गर्नै पर्ने कुराले लेखक त्रसित बन्दछन् । तिन दिनसम्म श्रम गरेपछि बिरामी भएको बहानाले काम ठगेका लेखक फर्कने क्रममा श्रम बापतको पारिश्रमिक बितरण गरिँदा भने पछुताउन पुग्छन् । जर्मनहरूको परिश्रमी जीवन शैली, कला र संस्कतिप्रतिको मोह र द्रूततर विकासले लेखकलाई प्रभावित पार्दछ । भ्रमणकै क्रममा समुद्रको किनारमा भेटिएको भारतीय जहाजको नेपाली कर्मचारी कालुसिंहसँगको भेट र आतिथ्यले आफन्त मिलनको आभास दिलाउँछ । यही पूर्वी जर्मनी बसाइको प्रस्तुति नै यस निबन्धको विषय वस्तु हो ।

## उद्देश्य

निबन्धकारले पूर्वी जर्मनको यात्राका क्रममा  सँगालेका  यात्रानुभवको प्रस्तुति  नै प्रस्तुत निबन्धको उद्देश्य हो । नेपाली पाठकलाई  विश्वका विभिन्न स्थानको  मानसिक यात्र गराउन सफल निबन्धकारले यसमा रोस्टक सहरको यात्रा गराएका छन् । कुनै राष्ट्र विकसित हुनका पछाडि त्यहाँका जनताको श्रमले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने कुराको प्रस्तुति पनि यस निबन्धको उद्देश्य हो ।

## भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् सरस रहेको छ । व्यक्तिगत यात्रानुभवलाई विषयका रूपमा प्रस्तुत गरिएको यात्रा संस्मरणात्मक आत्मपरक शैलीको यस निबन्धमा

मिथक र उपमा प्रयोगले रोचकता थपिएको छ । तत्सम र झर्रा शब्दको आधिक्य पाइने यस बिन्धमा आगन्तुक शब्दको प्रयोग पनि औचित्यपूर्ण रहेको छ । प्रथम पुरुष दृटिविन्दुमा संरचित यस निबन्धको सङ्ठन सबल रहेको छ । पुराना स्मृतिलाई श्यामश्वेत पर्दामा टेलिभिजन हेरेकोसँग तुलना गरिएकाले यसको शीर्षक सार्थक बनेको छ ।

## ४.५.१.८ 'एउटा अर्को नरक' निबन्धको विश्लेषण

'एउटा अर्को नरक' यात्रा संस्मरणात्मक निबन्ध हो । निबन्धकारले पूर्वी जर्मनी अन्तर्गत बुखेन बाल्डको यातना सिबिर अवलोकनका क्रममा सँगालेका अनुभवलाई यस निबन्धमा समेटेका छन् ।

### विषय वस्तु

पूर्वी जर्मनीको यात्रामा निस्किएको लेखक लगायतको भ्रमण टोली रोस्टक सहर हुँदै बुखेन बाल्डको यातना सिबिरमा पुग्छ । रोस्टक सहरले बढाएको जर्मनहरूप्रतिका श्रद्धाभाव हिटलरको यातना सिबिरको अवलोकन पश्चात् घटेर गएको अनुभव लेखकको छ । वर्तमान अवस्थामा समेत भयानक प्रतीत हुने ती श्रम सिबिरहरूका भग्नावशेष तथा हिटलरको मावनाता विरोधी कार्यले जर्मन जातिका अनुहारमा कालो पोति दिएको लेखकको ठहर छ । विभिन्न इतिहासमा पढेका र सोही स्थानमा देखिएका दृश्यका आधारमा लेखक उक्त स्थललाई गरुड पुराणमा वर्णित कुनै एक नरकसँग तुलना गर्न पुग्छन् । दोस्रो विश्वयुद्धका क्रममा बन्दी बनाइएका मानिसहरूलाई गरिएको क्रूर व्यवहारको वर्णन पनि निबन्धमा गरिएको छ । मानवता विरोधी दोस्रो विश्वयुद्धको केन्द्र बुखेन बाल्ड बन्दी सिबिर र त्यसको अवलोकन पश्चात् आफूमा परेको मानसिक प्रभावलाई लेखकले यस निबन्धमा विषय वस्तु बनाएका छन् ।

## उद्देश्य

दोस्रो विश्वयुद्ध कालीन हिटलरको यातना सिबिरको जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । दोस्रो विश्वयुद्धले सिर्जना गरेको मानवता विरोधी कार्यको विरोधका साथै वर्तमानको मान्छेलाई युद्धका बिरुद्ध खबरदारी गर्नु पनि यस निबन्धको उद्देश्य हो ।

## भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल र सरस एवम् प्रभावपूर्ण रहेको छ । आत्मपरक एवं वर्णनात्मक शैलीको प्रयोग पाइने यस निबन्धमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । तत्सम तथा झर्रा शब्दका साथै आगन्तुक शब्दको पनि संयमित प्रयोग रहेको छ । दोस्रो विश्वयुद्धका कारण सिर्जित मानवता विरोधी कार्यको चित्र प्रस्तुत गर्न सफल निबन्ध ऐतिहासिक घटना र उपमाको प्रयोगले रोचक बनेको छ । हिटलरको बन्दी सिबिरलाई अर्को नरकको संज्ञा दिँदै त्यसको वर्णनमा केन्द्रित भएकाले शीर्षक समेत सार्थक बनेको छ ।

## ४.५.१.९ 'स्टालिन र पट्सडाम सम्मेलन' निबन्धको विश्लेषण

'स्टालिन र पट्सडाम सम्मेलन' यात्रा संस्मरणात्मक निबन्ध हो । सन् १९४५ को जुलाइ सत्रदेखि अगस्त २ सम्म पट्सडाममा भएको शिखर सम्मेलन र त्यसका प्रमुख व्यक्तित्व स्टालिनलाई यस निबन्धको विषय बनाइएको छ ।

## विषय वस्तु

पूर्वी जर्मनीको भ्रमण सकेर रुस फर्कने क्रममा लेखक लगायतको समूह पट्सडाम सम्मेलन स्थल पुगको छ । दोस्रो विश्वयुद्धका प्रमुख शक्ति राष्ट्रहरू रुस, बेलायत र अमेरिकाका बिच भएको यस सम्मेलनले महत्त्वपूर्ण घोषणा गरेको थियो । यस ऐतिहासिक सम्मेलनको तयारी तत्कालीन सोभियत संघले गरेको थियो । उक्त बैठकमा सहभागी अन्य प्रतिनिधिको कोठा भव्य रूपमा सजाइएका थिए भने रुसी राष्ट्रपति स्टालिनको कोठा सबैभन्दा साधारण थियो । सङ्ग्रहालयको रूप दिइएको उक्त स्थलको स्टालिन बसेको भनिने

कुर्सी ठाउँ ठाउँमा खुर्किएको थियो । जसका कारण भ्रमणमा आएका अमेरिकी पर्यटकले उक्त कुर्सीको चोइटा खुर्केर लगी लाखौं मूल्यमा बेचेका थिए । यसबाट उक्त सम्मेलनमा स्टालिनको भूमिका स्वतः स्पष्ट हुन्छ । यसै सम्मेलनको परिणाम स्वरूप अमेरिकाले जापानका हिरोसिमा र नागासाकीमा बमबारी गरेको थियो भने यस्ता धेरै निर्णय भएका थिए । स्टालिनको ऐतिहासिक जीवन कहानीका साथै उनले देशमा ल्याएका विभिन्न क्रन्तिको वर्णन समेत निबन्धमा पाइन्छ ।

**उद्देश्य**

प्रस्तुत निबन्धको उद्देश्य द्वितीय विश्वयुद्धको अन्तिम चरणमा सम्पन्न ऐतिहासिक पट्सडाम सम्मेलन स्थल र त्यसका प्रमुख व्यक्तित्व स्टालिनका बारेमा जानकारी दिनु र उनीप्रति श्रद्धा प्रकट गर्नु रहेको पाइन्छ । साथै द्वितीय विश्वयुद्ध, त्यसका प्रमुख शक्ति राष्ट्रहरू र सोभियत सङ्घको विकासमा स्टालिनको योगदानका बारेमा प्रष्ट पार्न निबन्ध सफल भएको छ ।

**भाषाशैली**

प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् सरस रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धकमा प्रथम पुरुष दृष्टिविन्दु पाइन्छ । सुगठित सङ्गठन योजना भएको यस निबन्धमा तत्सम र झर्रा शब्दका साथै आगन्तुक शब्दको पनि अनुकूल प्रयोग पाइन्छ । इतिहासका विभिन्न घटनाको वर्णनले निबन्धमा कल्पनाको भन्दा यथार्थकै मात्रा बढी रहेको छ । समग्रमा यस निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण बनेको छ ।

### ४.५.१.१० 'पश्चिम बर्लिनको यात्रा' निबन्धको विश्लेषण

पश्चिम बर्लिनको यात्रा निबन्धमा निबन्धकारले पश्चिम बर्लिनको यात्राका क्रममा देखेका दृश्य र सँगालेका अनुभूतिलाई विषय बनाएका छन् ।

## विषय वस्तु

आफ्नो एक जना नेपाली मित्रका साथ पश्चिम बर्लिनको यात्रामा निस्किएका लेखक रेलमा अन्य दुई नेपाली मित्रहरू भेटेपछि यात्रा रमाइलो हुनेमा विश्वस्त बन्दछन् । बेलारुसको बेस्ट सहर हुँदै अगाडि बढेको रेल विभिन्न स्टेसनमा रोकिँदै पोल्यान्ड भएर पश्चिम बर्लिन पुग्छ । अत्यधिक झिलिमिली रङ्गीन पश्चिम बर्लिन देख्दा लेखक धर्मग्रन्थमा वर्णित मय दानवको त्रिपुरको कल्पना गर्न पुग्छन् । यात्राका क्रममा भएका विभिन्न रमाइला प्रसङ्गको वर्णन पनि निबन्धमा भएको छ । तिन दिनसम्म पश्चिम जर्मनमा पर्ने बर्लिन सहरमा बिताएका लेखक पूर्वी बर्लिन र पश्चिम बर्लिनका बिच श्यामश्वेत र रङ्गीनको अन्तर रहेको निष्कर्षमा पुग्दछन् । दोस्रो विश्वयुद्धबाट ध्वस्त बर्लिन सहरले पुनर्निर्माणद्वारा आफूलाई परिवर्तन गरि सकेको अनुभव गर्दै त्यहाँका रङ्गीन दुनियाँलाई आँखा भरि हेरेर उनीहरू मस्को फर्कन्छन् । यसरी पश्चिम बर्लिनको यात्रा नै यस निबन्धको  विषय बनेको छ ।

## उद्देश्य

आफूले यात्रा गरेका विदेशका विभिन्न स्थलहरूको जानकारी दिनु नै नासननीका निबन्धहरूको उद्देश्य हो । जर्मनीको प्रसिद्ध सहर बर्लिन र त्यसको भ्रमणका क्रममा सँगालेका यात्रानुभवको प्रस्तुति नै यस निबन्धको उद्देश्य रहेको पाइन्छ । विकसित भनिने देशका नागरिकहरू अत्यधिक व्यस्त हुनाले सामान्य मानवीय व्यवहार पनि भुल्दै गएको ठहर निबन्धकारको छ ।

## भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल सरस एवम् प्रभावपूर्ण रहेको छ । तत्सम र झर्रा शब्दहरूका साथै अङ्ग्रेजी तथा अन्य भाषाका आगन्तुक शब्दको प्रयोगले निबन्धलाई स्वाभाविक बनाएका छन् । आत्मपरक वर्णनात्मक शैली तथा तृतीय पुरुष दृष्टिविन्दुमा

संरचित यस निबन्धको सङ्गठन सबल रहेको छ । मिथक र उपमाको प्रयोगले रोचक बनेको यस निबन्धको भाषाशैली चित्रात्मक समेत बनेको छ ।

### ४.५.१.११ 'संरमरण यात्राको : तासकन्द बुखारा, समरकन्दको' निबन्धको विश्लेषण

'संस्मरण यात्राकोः तासकन्द, बुखारा, समरकन्दको' निबन्धमा निबन्धकारले उजबेकिस्तानका तिन सहर तासकन्द, बुखारा र समरकन्दको यात्राका क्रममा देखेका दृश्य र सँगालेका अनुभूतिलाई समावेश गरेका छन् ।

**विषय वस्तु**

अटो मोबाइल हाइवे इन्स्टिच्युट मस्कोका छात्रहरूको भ्रमण दल उज्बेकिस्तानको तासकन्द सहर पुग्छ । सोही दलमा सहभागी लेखक तासकन्दको न्यानो वातावरण र मनोरम दृश्यले आनन्दित बन्दछन् । १९६५ मा भूकपम्ले ध्वस्त तासकन्द सहर पुनर्निमाणद्वारा सम्पन्न भएको लेखकको ठहर छ । त्यहाँ रहेका पुस्तकालय, सङ्ग्रहालय, लेलिनको प्रतिमा आदिको अवलोकन गरी च्याइखाना भनिने चिया पसलमा तातो चियाको स्वाद लिँदै भ्रमण दल बुखारा तर्फ प्रस्थान गर्दछ । तासकन्दको तातो बिर्सन नपाउँदै बुखारामा परिरहेको चिसो हिउँले मुटु कमाउँछ । इस्लाम शिक्षालय, मस्जिद, पोखरी तथा त्यहाँका हाट बजारको अवलोकन गर्दै भ्रमण दल समरकन्दतर्फ प्रस्थान गर्दछ । बुखाराका प्राचीन शासक तैमूरलङ्गसँग सम्बन्धित इतिहासको प्रसङ्ग पनि निबन्धमा वर्णित छ । तीव्र रूपमा आधुनिकतातिर लम्किरहेको समरकन्दमा च्याइखाना, ठुला ठुला भवन तथा हिन्दी गीतको लोकप्रियता रहेको पाइन्छ । त्यस्तै तैरमूलङ्गसँग सम्बन्धित इतिहासको प्रसङ्ग पनि निबन्धमा वर्णित छ । त्यस्तै तैरमूलङ्ग र चङ्गेज खानका ऐतिहासिक वर्णन पनि निबन्धभित्र समेटिएका छन् । यसरी उजबेकिस्तानका तिन सहर तासकन्द, बुखारा र समरकन्दको यात्रानुभव नै यस निबन्धको विषय बनेको छ ।

**उद्देश्य**

यात्रा संस्मरणका माध्यमबाट आफूले यात्रा गरेका विभिन्न स्थलको जानकारी दिने निबन्कारले यस निबन्धमा उजबेकिस्तानका तिन सहरका बारेमा जानकारी दिनु नै मुख्य उद्देश्य बनाएको पाइन्छ । उजबेकिस्तानका प्राचीन शासक तैमूरलङ्ग र चङ्गेज खानको ऐतिहासिक प्रसङ्ग पनि रोचक बनेको छ ।

**भाषाशैली**

प्रथम पुरुष दृष्टिविन्दुमा संरचित प्रस्तुत निबन्धको भाषाशैली सरल, सरस एवम् प्रभावपूर्ण रहेको छ । आयामगत रूपमा विस्तृत यस निबन्धमा तत्सम र झर्रा शब्दका साथै आगन्तुक शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । आत्मपरक तथा वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा विभिन्न मिथक, इतिहास तथा उपमाको प्रयोगले रोचकता थपेको छ । शीर्षक र विषय वस्तुबिच तालमेल पाइनाले शीर्षक सार्थक र औचित्यपूर्ण भएको छ ।

### ४.५.१.१२ निष्कर्ष

निबन्धकार कन्हैया नासननी आत्मपरक निबन्धका स्रष्टा हुन् । आफू विद्यार्थी अवस्थामा रहँदा देखेका स्थान र संगालेका अनुभूतिलाई संस्मरणात्मक रूपमा उनले आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । विदेशका विभिन्न स्थान, तिनीहरूको साँस्कृतिक र ऐतिहासिक महत्त्व तथा विकासमा अवलम्बन गरेका पद्धतिहरू उनका निबन्धका विषय हुन् । मन छोएका घटना वा परिवेशलाई संस्मरणात्मक निबन्धमा समावेश गरेका उनले यात्रानुभवहरूलाई यात्रासंस्मरणमा समावेश गरेका छन् । विभिन्न स्थानसँग सम्बन्धित ऐतहासिक घटना तथा मिथकको प्रस्तुतीद्वारा निबन्धमा रोचकता सिर्जना गरिएको छ । सोभियत सङ्घ र जर्मनीलाई मुख्य परिवेश बनाइएका उनका निबन्धमा द्वितीय विश्वयुद्धले निम्त्याएका जटिलता र मानवता विरोधी कला, संस्कृति र सम्पदाको जानकारीद्वारा नेपली पाठकमा आफ्ना साधन र स्रोतको संरक्षणमा जुट्न, आह्वान समेत निबन्धमा गरिएको छ ।

सरल, सरस एवम् कलात्मकता उनका भाषाशैलीगत विशेषता हुन् । तत्सम र झर्रा शब्दको प्रयोगमा विशेष रुचि देखाउने नासननी आगन्तुक शब्दको पनि सन्तुलित प्रयोक्ता हुन् । विभिन्न उपमा र मिथकको प्रयोगले रोचकता सिर्जना गरिएका उनका निबन्धमा उखान, टुक्का र निपातको पनि प्रशस्त प्रयोग पाइन्छ । आयामगत रूपमा विस्तृत आकारका उनका निबन्धमा विषय वस्तु र शीर्षकबिच सामाञ्जस्य पाइनाले शीर्षक पनि सार्थक बनेका छन् ।

समग्रमा कन्हैया नासननी आत्मपरक शैलीका संस्मरणात्मक निबन्धकार हुन् । मानवतावाद र विश्वबन्धुत्व उनका निबन्धमा पाइने मुख्य विशेषता हुन् ।

**परिच्छेद पाँच**

# कन्हैया नासननीका बाल साहित्यिक कृतिहरूको विश्लेषण

नेपाली साहित्यमा प्रौढ साहित्य अन्तर्गत उपन्यास, कथा र संस्मरणात्मक निबन्ध लेखेर सङख्यात्मक र गुणात्मक रूपमा विशिष्टता पाइ सकेका कन्हैया नासननीले बाल साहित्यको पनि रचना गरेका छन् । बाल साहित्यका बालकथा तथा बाल जीवनी रचना गरेका नासननीका पुस्तकाकार बाल साहित्यिक कृतिहरूको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## ५.१ 'चराहरूको पर्यटन मेला' बाल कथा सङ्ग्रहको विश्लेषण

**चराहरूको पर्यटन मेला** २०६४ सालमा प्रकाशित बालकथा सङ्ग्रह हो । यस सङ्ग्रहमा पशुपंक्षीसँग सम्बन्धित ६ वटा बाल कथाहरू रहेका छन् । यसमा रहेका 'चराहरूको पर्यटन मेला', 'डाँफे र पानीहाँस', 'रानी वनका काग र कोइली', 'मृगिणी र गधा', 'ढाडे बिरालो र मुसाहरू', 'धर्मसाग बकुल्ला र माछाहरू' शीर्षकका यी कथाहरूलाई

कथानक, पात्र, परिवेश, दृष्टिविन्दु, सारवस्तु र भाषाशैलीका आधारमा निम्नानुसार अध्ययन गरिएको छ ।

### ५.१.१ 'चराहरूको पर्यटन मेला' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक सगरमाथा राष्ट्रिय निकुञ्जका चराहरूले पर्यटन मेला आयोजना गरेको प्रसङ्गसँग सम्बन्धित छ । पर्यटनका लागि भव्य तयारी गरेका चराहरू पर्यटक चराहरू नआउनाले चिन्तित बनदछन् । खबरका लागि पठाइएको परेवाले देशमा अशान्ति भएकाले असुरक्षाका कारण पर्यटक नआएको खबर ल्याउँछ भने घाइते बनेको परेवाको पनि मृत्यु हुन्छ । यसरी देशमा व्याप्त अशान्ति यस कथाको कथानक बनेको छ ।

मानवेतर पात्रहरू डाँफे, लाटो कोसेरो, कोइली, मैना, सुगा, पानीहाँस, परेवा जस्ता चराको साथै जुन किरी र लोखर्के पनि यस कथामा पात्र रहेका छन् । प्रमुख भूमिका निर्वाह गर्ने परेवा प्रमुख पात्र हो भने अन्य सहायक एवम् गौण पात्र हुन् । अशान्तिले व्याप्त सगरमाथा राष्ट्रिय निकुञ्जको परिवेश समेटिएको यस कथामा तृतीय पुरूष दुष्टिविन्दुको प्रयोग पाइन्छ । शान्ति, भ्रमण, वसन्त, ठुङ मार्नु, चाहें, पुलुक्क जस्ता तत्सम र झर्रा शब्दको प्रयोगले रोचक बनेको यस कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ ।

बाल बालिकाहरूलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले लेखिएको यस कथामा अशान्त वातावरणमा पशुपंक्षी समेत बाँच्न नसक्ने सन्देश पाइन्छ । नेपालको अशान्त राजनैतिक अवस्थाको चित्रण नै प्रस्तुत कथाको सार हो ।

### ५.१.२ 'डाँफे र पानीहाँस' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक वसन्त ऋतुको आगमन र चराहरूको खुसीयालीसँग सम्बन्धित छ । वसन्तको आगमनसँगै डाँफेको नाचले अन्य चराहरूलाई लोभ्याउँछ भने पानी हाँस डाँफेलाई फसाउन षड्यन्त्र रच्छ । एउटा प्वाँख बराबर एउटा किरो दिने सहमति

बनाउन सफल पानीहाँसले डाँफेलाई सबै प्वाँख विनाको नाङ्गो बनाउँछ । आफ्नो प्वाँखको मूल्य नबुझ्ने डाँफे अन्त्यमा नाङ्गो र निरीह बन्छ भने पानीहाँस बेपत्ता हुन्छ ।

मानवेतर पात्रको मात्र प्रयोग पाइने यस कथामा डाँफे, पानीहाँस, कोइली, कालिज तथा वनका अन्य पशुपक्षी प्रयोग भएका छन् । यसमा रहेका डाँफे र पानीहाँस प्रमुख पात्र हुन् भने अन्यको भूमिका गौण रहेको छ । प्रस्तुत कथाले वसन्तकालीन जङ्गलको प्राकृतिक सुन्दरतालाई परिवेशभित्र समेटेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथामा मानवीकृत गरिएका पात्रहरूको रोचक संवाद पाइन्छ । तत्सम र झर्रा शब्दका साथै 'लङ टाइम नो सी' जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइने यस कथाको भाषाशैली सरल तथा सरस बनेको छ ।

प्रस्तुत कथाको उद्देश्य बाल बालिकालाई मनोरञ्जन प्रदान गर्नका साथै धेरै लोभ गर्न नहुने नैतिक सन्देश प्रदान गर्नु रहेको पाइन्छ । खाने कुरामा लोभिएको डाँफेले आफ्नो प्वाँखको महत्त्व बनुझ्दा नाङ्गो बन्नु परे जस्तै समयमै होस नपुऱ्याउँदा दुःख पाइने कुराको प्रस्तुति नै कथाको मूल सार हो ।

### ५.१.३ 'रानी वनका काग र कोइली' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक रानी वनका कोइलीका भाले पोथीको गाँस वासको समस्यासँग सम्बन्धित छ । वसन्त बित्न लाग्दा पनि गुँडको व्यवस्था गर्न नसकेका कोइलीका भालेपोथी कागको गुँडमा पुग्छन् । शिष्टाचारपछि चिन्तित कागले भरखर पारेको फुल छोडेर खबर सुनाउन बस्तीतिर जान समस्या परेको कुरा बताउँछ । चलाख कोइलीले असल छिमेकीको भूमिका निभाउँदै गुँड आफूहरूले हेरि दिने वाचा सहित कागका भाले पोथीलाई बिदा गर्छन् । कागका भालेपोथीले डाँडो काट्नासाथ कोइलीका भालेपोथीले कागको फुल फोरेर खान्छन् । पोथी कोइलीले त्यसै गुँडमा आफ्नो फुल पारेर गुँडको समस्या हल गर्दथे । कागका भालेपोथी फर्कनासाथ उनीहरूको गुँड सुम्पेर कोइलीका भालेपोथी स्यालको बिहेतिर लाग्छन् ।

प्रस्तुत कथामा काग र कोइलीका भालेपोथी प्रमुख पात्रका रूपमा आएका छन् । स्याल, बिरालो, कुकुर आदि गौण पात्रका रूपमा रहेको यस कथामा, बालिका, उसकी आमा, परदेशी बाबु, तराइकी गृहिणी आदि मानवीय गौण पात्रको पनि प्रयोग पाइन्छ । यस कथाले रानीवनको प्राकृतिक परिवेशका साथै सुन्दर बस्ती र तराईको हवेलीलाई पनि परिवेशमा समेटेको छ । सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइने यस कथामा तत्सम र झर्रा शब्दहरूको बाहल्य पाइन्छ भने उपमाहरूको प्रयोगले आलङ्कारिकताको सिर्जना भएको छ । यसमा मानवीकृत पात्र काग र कोइलीको संवाद शिष्ट र मर्याहित रहेको छ ।

बाल वालिकालाई मनोरञ्जनका साथै नैतिक उपदेश दिने उद्देश्यले लेखिएको यस कथामा 'कागभन्दा कोइली चङ्ख' भन्ने उखानलाई चरितार्थ गरिएको छ । चलाखीपूर्वक काम गर्न सके जुनसुकै समस्याबाट मुक्ति पाइने तथा कसैमाथि तुरून्तै विश्वास गर्नाले धोका पाइने कुरा कोइली र कागका माध्यमबाट व्यक्त भएको छ ।

## ५.१.४ 'मृगिणी र गधा' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक गधाको मुक्तिको चाहनासँग सम्बन्धित छ । पिठ्युँमा भारी बोकेर हिँडि रहेको गधा आफ्नो जीवन र गायन कला बेकारमा गएको सोच्छ । पिठ्युँको भारी एकातिर पल्टाइ दिए । 'बाइ बाइ धोबी दाइ अर्को जुनीमा भेटौंला है' भन्दै जङ्गलतिर लाग्छ । नाच्दै चरि रहेको मृगिणीको नजिक पुगेको गधाले परिचय गर्नका साथै प्रशंसका गीत गाउन थाल्छ । प्रशंसा मन परे पनि गधाको स्वर सुनेर हिंस्रक जनावर आउने आशङ्काले मृष्णी त्यहाँबाट भाग्छे । आँखा चिम्ले र गीत गाइ रहेको गधा चितुवाको टोकाइमा पर्छ । गधा अर्को जुनी छिटै आएको भन्दै प्राण त्याग गर्छ ।

प्रस्तुत कथामा गधा, मृगिणी, चितुवा तथा जङ्गलका अन्य पशुपक्षी पात्रका रूपमा आएका छन् । यसमा रहेका गधा प्रमुख पात्र हो भने मृगिणी र चितुवा सहायक पात्र हुन् । मानवीय पात्रका रूपमा धोबी र गाउँ सहरका मानिसहरूको उल्लेख गरिएको छ । यो कथा विभिन्न पशुपक्षीको निवास रहेको जङ्गलको परिवेशमा घटित भएको छ । तृतीय पुरूष

दृष्टिविन्दुको प्रयोग पाइने यस कथाको भाषाशैली सरल एवम् सरस रहेको छ । छोटा छोटा संवादका साथै गीतको प्रयोगले कथालाई रोचक बनाएको छ ।

प्रस्तुत कथाको मुख्य उद्देश्य बाल बालिकालाई मनोरञ्जन प्रदान गर्नु हो । आफ्नो कर्तव्यबाट विचलित भएर सुखको कल्पनामा डुब्दा अझ दुःखको सामना गर्नु पर्ने तथ्य कथाले प्रस्तुत गरेको छ । ठुलो हुँ भन्ने भावना त्यागेर कर्मपथमा जुट्न आग्रह गर्नु नै यस कथाको सार हो ।

## ५.१.५ 'ढाडे बिरालो र मुसाहरू' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक ढाडे बिरालो ज्यादती विरूद्ध मुसाहरूले सङ्घर्ष गरेको प्रसङ्गसँग सम्बन्धित छ । ढाडे बिरालोको अत्याचार आजित मुसाहरू सङ्गठन निर्माण गरेर सङ्घर्षमा उत्रन्छन् । नायिके बनेका मुसाहरू भाषण गर्दै पछाडि लाग्छन् भने सर्व साधारण मुसाहरू अगाडि लगाइन्छन् । बिरालाको सम्मुख नपरून्जेल आक्रोशित मुसाहरू बिरालो देख्नासाथ चेपचापति र ज्यान बचाउन लाग्छन् । फेटा र पटुकाले रबाफिला बनेका नायिकेहरू चेपमा पस्न सक्दैनन् र एक एक गरी ढाडे बिरालोका सिकार बन्दछन् ।

प्रस्तुत कथामा ढाडे बिरालो र मुसाका नायिकेहरू प्रमुख पात्रका रूपमा प्रस्तुत छन् । अन्य विभिन्न सानाठुला मुसाहरू सहायक र गौण चरित्र हुन् । मानव समाजको प्रतिबिम्ब पाइने यस कथामा ढाडे बिरालो निरङ्कुश व्यवस्थाको प्रतीक र मुसाहरू सर्व साधारण जनताको प्रतीकका रूपमा प्रस्तुत छन् । मुसा र बिरालोको निवास रहेको घरलाई परिवेश बनाएको यस कथामा अन्यायमा परेकाहरूको आक्रोश र मुक्तिको चाहनालाई पनि समेटिएको छ । सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइने यस कथामा छोटा छोटा संवादहरू रहेका छन् ।

प्रस्तुत कथाको मूल उद्देश्य बाल वालिकालाई मनोरञ्जन प्रदान गर्नु हो । अन्याय अत्याचार बढेपछि त्यसका विरूद्ध सङ्गठित बन्नु पर्ने सन्देश कथाले दिएको छ । अन्यायका

विरूद्ध व्यापक सोच विचार र तयारीका साथ आबाज उठाउनु पर्छ भन्ने कुरा नै यस कथाको सार हो ।

### ५.१.६ 'धर्मसागर बकुल्ला र माछाहरू' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक चलाख बकुल्लाले सोझा माछाहरूलाई आफ्नो आहारा बनाएको प्रसङ्गसँग सम्बन्धित छ । खोलको किनारमा आँखा चिम्लेर ध्यानमग्न बकुल्लोलाई देख्दा माछाको समूहमा खलबल पैदा हुन्छ । यस्तो सुन्दर प्वाँख भएको अद्भूत जीव के होला माछाहरूको कुरा सुनेर बकुल्लाले आफ्नो परिचय प्रस्तुत गर्छ । आफू धर्म सागर नाम गरेको स्वर्गको मार्ग देखाउने अहिस्रक बकुल्लो भएका कुरा बताएर पुनः आँखा चिम्लिएको बकुल्लाको नजिक छिरबिरे लगायताका माछाहरू पुग्छन्  योगीको भेषमा आएको जाली हुन सक्ने बुढो माछाको कुरालाई बेवास्ता गर्दै बकुल्लाको उपदेश सुन्न पुगेका माछामध्ये छिरबिरेलाई चुच्चोले चेपेर बकुल्लो गुँडतिर लाग्छ ।

प्रस्तुत कथामा धर्मसागर बकुल्लो र छिरबिरे माछो प्रमुख पात्रका रूपमा प्रस्तुत छन् । अन्य माछाहरू सहायक एवम् गौण पात्र हुन् । बकुल्लोले जाली फटाहाको प्रतिनिधित्व गरेको छ भने छिरबिरे लगायतका माछाहरू बेहोसी युवाको प्रतिनिधि पात्र हुन् । बकुल्लाको चारे ढुक्ने स्वभाव र माछाहरूको चञ्चलतालाई प्रस्तुत गरिएको प्रस्तुत कथा नदीको प्राकृतिक परिवेशमा आधारित छ । बालवालिकाको स्तर अनुसारको उखान छुक्का तथा निपातको प्रयोग गरिएको प्रस्तुत कथाको भाषाशैली सरल तथा सरस रहेको छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको यस कथामा छोटा छोटा संवादहरू रहेकाछन् ।

प्रस्तुत कथाको मूल उद्देश्य बालवालिकालाई मनोरञ्जन प्रदान गर्नु हो । चलाखीपूर्वक कार्य गरेमा जस्तो सुकै अप्ठ्यारोबाट मुक्ति पाउन सकिने तथा धेरै चञ्चलताले दुर्घटना निम्त्याउन सक्ने सन्देश बकुल्लो र माछाका माध्यमबाट पाउन सकिन्छ । कुनै निर्णय लिनु भन्दा पहिले व्यापक सोचविचार पुऱ्याउनु पर्छ भन्ने यस कथाको सार हो ।

## ५.२ 'टिन टिन गोल्टिन' बालकथा सङ्ग्रहको विश्लेषण

**टिन टिन गोल्टिन** २०६५ सालमा प्रकाशित बाल कथा सङ्ग्रह हो । केही धातु सम्बन्धी कथाहरू भनिएको यस सङ्ग्रहमा विभिन्न शीर्षकका दश वटा कथाहरू रहेका छन् । रूसी लेखक एस.आई. बेनेत्स्कीको धातुहरू बारेका कथा नामक पुस्तकलाई सामग्री साभारका रूपमा अपनाइएको यस सङ्ग्रहका कथालाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ५.२.१ 'चाँदी जस्तो चमक भएको धातु' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक आलमुनियम धातुसँग सम्बन्धित छ । रोम साम्राज्यका सम्राट जुलियस सिजरलाई एउटा किसानले अनौठो धातुको कचौरा उपहार दिन्छ । चाँदी जस्तो भए पनि चाँदीभन्दा हलुका उक्त धातुको कचौरो पाएर सम्राट् खुसी हुन्छन् र किसानलाई अर्को दिन बोलाउँछन् । रात्रीभोजमा त्यसै कचौरामा सुरापान गरेका सम्राट्को मनमा  त्यस नयाँ धातुको प्रचलन बढेमा आफ्नो दरबारमा रहेका सुनचाँदीको मूल्य घट्ने आशङ्का लाग्छ । त्यस धातुलाई प्रचारमा आउन नदिने उपायका रूपमा किसानलाई मृत्युदण्ड दिइन्छ । बिस्तारै मानिसले त्यस धातुलाई प्रचलनमा ल्याउँछन् ; जुन धातु आलमुनियम हो ।

प्रस्तुत कथामा रोम साम्राज्यका सम्राट् जुलियस सिर्जर र किसान बुढो मुख्य पात्र हुन भने सिपाही र अन्य भारदार गौण पात्रका रूपमा आएका छन् । मानवेतर जड वस्तु कचौरा कथालाई आगाडि बढाउने मूल कथ्य बनेको छ । तत्कालीन रोम साम्राज्यको राज प्रसाद परिवेशका रूपमा रहेको प्रस्तुत कथाको भाषाशैली सरल, सरस तथा बाल बालिकाको स्तर अनुरूप रहेको छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको यस कथामा वर्णनात्मक शैली तथा पात्रानुकूल संवाद पाइन्छ ।

प्रस्तुत कथाको उद्देश्य आलमुनियम धातुका बारेमा जानकारी दिनु हो । परमाणु सङ्ख्या १३ र परमाणु तौल २६.९८१५ रहेको यस धातु सम्बन्धी पुरानो कथाका माध्यमबाट बाल बालिकालाई मनोरञ्जनका साथै धातुबारे जानकारी दिन कथाकार सफल भएका छन् ।

## ५.२.२ 'सबैभन्दा उपयोगी धातु' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक जेरूसेलमका राजा सोलोनले बनाउन लगाएको मन्दिरको प्रसङ्गसँग सम्बन्धित छ । राजा सोलोनले बनाउन लगाएको मन्दिर अत्यन्त सुन्दर बनेपछि त्यसको श्रेय कसलाई दिने भन्ने प्रश्न उठ्छ । सिकर्मी, डकर्मी आदिका नाइकेहरूलाई बोलाएर सोध्दा सबैले आफैंले मात्र राम्रो काम गरेको भन्दै पुरस्कारको दाबी गर्छन् । नाइकेहरूको कुरा सुनि सकेपछि राजाले उनीहरूका औजार र त्यसका निर्माताका बारेमा सोध्दा एउटै जबाफ पाउछन्; उपयोगी धातु फलाम र त्यसको निर्माता कामी यस कार्यबाट मन्दिर बन्नुका पछाडि उपायोगी धातु र त्यसको र्मिाता कामीको भूमिका रहेको निष्कर्षमा राजा पुग्छन् ।

प्रस्तुत कथामा राजा सोलोन, सिकर्मी, डकर्मी तथा औजारका निर्माता कामीहरू पात्रका रूपमा प्रयोग भएका छन् । उपयोगी धातु फलाम यसको मूल कथ्य हो । प्रस्तुत कथा प्राचीन जेरूसेलमको परिवेशमा आधारित छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग पाइने यस कथाको भाषाशैली सरल एवम् सरस हुनाका साथै पात्रानुकूल संवादको प्रयोग पाइन्छ ।

उपयोगी धातु फलामका बारेमा बाल बालिकाहरूलाई जानकारी दिनु यस कथाको उद्देश्य हो । संसारमा प्रशस्त पाइने फलामको परमाणु सङ्ख्या २६ र परमाणु तौल ५५.८४६ रहने कुरा यहाँ बताइएको छ । फलाम सम्बन्धी रहेको यस ऐतिहासिक कथाले मनोरञ्जन प्रदान गरेको छ ।

## ५.२.३ 'हानिकारक किटाणु नष्ट गर्ने धातु' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक मेसेडोनियाका राजा सिकन्दरको विजय यात्रासँग सम्बन्धित छ । विजय यात्रामा निस्किएका सिकन्दरका तल्लो तहका सिपाहीहरू बिरामी पर्छन् । वैद्यहरूको उपचारले काम गर्न नसक्दा कति मर्छन् भने कतिले विद्रोह गर्छन् ; जसका कारण उनको विजय यात्रा रोकिन्छ । क्राइस्ट जन्मनुभन्दा ३२७ वर्ष पहिलेको उक्त घटनाका कारण धेरै पछि आएर मात्र खुल्छ । तत्कालीन सिपाहीहरूलाई टिनका थालमा खान दिइन्थ्यो भने सेनापतिहरूका थाल चाँदीका थिए । चाँदीमा रहेको हानिकारक किटाणु नष्ट गर्ने गुणले सेनापतिहरू स्वस्थ रहेको रहस्य पत्ता लाग्छ र चाँदीको महत्त्व प्रष्ट पार्दै कथा समाप्त भएको छ ।

प्रस्तुत कथामा मेसेडोनियाका राजा सिकन्दर, उनका सेनापति, सिपाही तथा वैद्यहरू पात्रका रूपमा प्रयोग भएका छन् । चाँदी यसको मूल कथ्य हो । प्राचीन मेसेडोनियाको परिवेशमा आधारित यस कथामा तृतीय पुरूष दृष्टिविन्दुका साथै सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइन्छ । पात्रानुकूल छोटा छोटा संवादले कथामा रोचकता थपेको छ ।

प्रस्तुत कथाको उद्देश्य चाँदीका बारेमा बाल बालिकालाई जानकारी दिनु हो । परमाणु सङ्ख्या ४७ र परमाणु तौल १०७.८७० रहेको यस धातुमा निहित किटाणु नष्ट गर्ने क्षमताका बारेमा सिकन्दरको कथाले प्रष्ट पार्नुका साथै मनोरञ्जन प्रदान गरेको छ ।

### ५.२.४ 'सुनको माया' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक युनानी देवता डायोनिससले फ्राजिया नामक देशमा भ्रमण गरेको प्रसङ्गसँग सम्बन्धित छ । आफ्ना गुरू साइलेनस सहित डायोनिसस फ्राजिया पुगेका हुन्छन् । त्यहाँको प्राकृतिक सुन्दरताले मोहित साइलेनसले मदिरा पान गरी भौंतारिन थाल्छन् । मदिराले मस्त साइलेनसलाई किसानहरूले पाता कसेर राजाकहाँ पुऱ्याउँछन् । देवता भन्ने थाहा पाएका राजाले सत्कारपूर्वक साइलनेसलाई डायोनिससकहाँ पुऱ्याइ दिन्छ ।

आफ्ना बेपत्ता भएका गुरु ल्याइ दिएकाले खुसी बनेका डायोनिससले राजालाई वरदान माग्न आग्रह गर्दछन् । सुनका लोभी राजाले जे छोयो त्यही सुन बनोस् भनेर वरदान मागे पनि खाने खाना पनि सुन नै बनेपछि पुनः वरदान फिर्ता गर्दछन् । यसरी सुनको सिर्जना गरेको समस्या र सुनको महत्त्व यस कथाको कथानक बनेको छ ।

युनानी देवता डायोनिसस, उनका गुरू साइलेनस, राजा मिडास तथा किसानहरू पात्रको रूपमा प्रयुक्त यस कथामा प्राचीन धार्मिक, फ्राजिया नामक देशको परिवेशलाई समेटिएको छ । तृतीय पुरूष दृष्टिविन्दुमा आधारित यस कथाको भाषाशैली सरल, सरस तथा बाल बालिकाका निम्ति बोधगम्य रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा पात्रानुकूल संवादले रोचकता थपेको छ ।

प्रस्तुत कथाको उद्देश्य सुनको महत्त्वका बारेमा जानकारी दिनु हो । संसारमै सबैभन्दा लोकप्रिय यस धातुको परमाणु सङ्ख्या ९९ र परमाणु तौल १९६.९६७ रहेको छ । सुनको मोहले सिर्जना भएको समस्याका बारेमा जानकारी दिँदै मनोरञ्जन प्रदान गर्न यो कथा सफल भएको छ ।

## ५.२.५ 'टिन टिन गोल्टिन' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक टिन धातुसँग सम्बन्धित रहेको छ । इङ्गल्यान्डका आविष्कारक क्याप्टेन रबर्ट फल्कोन स्कट विभिन्न चुनौती सहँदै १९१२ मा दक्षिणी ध्रुवमा पुग्न सफल भएका थिए । फर्कने क्रममा पहिले बाटामा राखिएका इन्धन र खाद्यान्न अत्यधिक चिसोले नष्ट भइ सकेको थिए । टिनका बट्टामा राखिएका ती सामग्री शून्य डिग्री तापक्रममा  टिन आफैँ पग्लिन भएकाले नष्ट भइ सकेका थिए । टिनको यही कमजोरीका कारण यात्रा टोलीले ज्यान गुमाउनु परेको थियो । त्यसैगरी रूसी सिपाहीहरूका पोसाकका बटम धुलो बनेको प्रसङ्ग पनि कथामा वर्णित छ ।

प्रस्तुत कथामा क्याप्टेन रबर्ट फाल्कोन उनको यात्रा टोली रूसका सिपाहीहरू आदि पात्रका रूपमा प्रयोग भएका छन् । १९१२ मा गरिएको दक्षिणी ध्रुवको यात्राको परिवेशमा आधारित यस कथामा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग पाइन्छ । सरल, सरस एवम् बाल बालिकाको स्तर अनुरूपको भाषाशैलीको प्रयोग पाइने यस कथामा पात्रानुकूल संवाद पाइन्छ ।

प्रस्तुत कथाको उद्देश्य टिन धातुका बारेमा जानकारी प्रदान गर्नु हो । परमाणु सङ्ख्या ५० र परमाणु तौल ११८.६९ रहेको यस धातुमा रासायनिक प्रतिक्रियाका कारण आउन सक्ने परिवर्तनका बारेमा जानकारी दिन विभिन्न घटनाको उल्लेख गरेर मनोरञ्जनका साथै ऐतिहासिक तथ्यको  जानकारी दिन यो कथा सफल भएको छ ।

### ५.२.६ 'कथा सुहाउँदो नाम भएको धातु' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक टन्टालम धातुको नामकरणसँग सम्बन्धित छ । प्राचीन युनानी कथाका पात्र टन्टालमले देवताहरूलाई मानिसको मासु खुवाउने प्रायस गरेको आरोपमा कठोर सजाय गरिएको थियो । पानीको सतहभन्दा माथि र फलको बोटभन्दा मुनि झुन्ड्याइएका राजा तिर्खाले पानी पिउन खोज्दा पानीको लहर टाढा पुग्थ्यो भने फल खान खोज्दा हावाले फलको हाँगो टाढा पुऱ्याउँथ्यो । सफलताको नजिक पुगेर पनि असफल बनेका राजा टन्टालम जस्तै धातु पत्ता लगाउने क्रममा धेरै पटक सफलताको नजिक पुगेर असफल बनेका स्विडेनका रसायन शास्त्री एन्डर्स इकेबर्गले आफूले पत्ता लगाएको धातुको नाम टन्टालम राखेको प्रसङ्ग कथामा उल्लेख छ ।

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा आविष्कारक एन्डर्स इकेबर्ग प्रस्तुत छन् भने युनानी राजा टन्टालम, देवगण आदि अन्य पात्र हुन् । सन् १८०२ मा टन्टालम धातु पत्ता लगाएको ऐतिहासिक परिवेशलाई समेटेको यस कथाले युनानी कथाको धार्मिक परिवेशलाई पनि समेटेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथाको भाषाशैली सरल, सरस

तथा प्रभावपूर्ण रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको कथा भएर पनि पात्रानुकूल संवादको प्रयोगले यसमा रोचकता प्रदान गरेको छ ।

प्रस्तुत कथाको उद्देश्य टन्टालम धातुका बारेमा जानकारी दिनु हो । युनानी कथाका माध्यमबाट मनोरञ्जनका साथै नराम्रा कर्मको परिणाम नराम्रै हुने नैतिक उपदेश पनि कथाले प्रस्तुत गरेको छ ।

### ५.२.७ 'स्मरण शक्ति भएको धातु' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक निकेल धातुको आविष्कारसँग सम्बन्धित छ । तामाको खोजी गर्ने प्राचीन जर्मन जातिहरूले तामा खोज्ने क्रममा नयाँ धातु फेला पार्दछन् । उक्त धातुका बारेमा अनभिज्ञ उनीहरूले भूतका कारण तारमा त्यस्तो भएको भनी खोजी कार्य छोड्छन् । सन् १७५१ मा स्विडेनका खानी विशेषज्ञ तथा वैज्ञानिक फ्रेडरिक क्रोन्स्टेडले उक्त धातुलाई तामा नभई निकेल नाम राखेर अलग्गै धातुका रूपमा परिचित गराएको प्रसङ्ग प्रस्तुत कथामा वर्णित छ । निकेल धातुको तारलाई सोझ्याएर तताउँदा पुनः तारमा नै परिणत भएकाले यसलाई स्मरण शक्ति भएको धातु भनिन्छ ।

प्रस्तुत कथामा प्राचीन जर्मन जाति, फ्रेडरिक कोन्स्टेड तथा केही वैज्ञानिकहरू पात्रका रूपमा प्रयोग भएका छन् । १७५१ मा निकेल धातु पत्ता लागेको र सोभन्दा पहिलेका विभिन्न प्रसङ्गलाई समेटेको प्रस्तुत कथा ऐतिहासिक परिवेशमा आधारित छ । तृतीय पुरूष दृष्टिविन्दुमा आधारित यस कथाको भाषाशैली सरल र सरस रहेको छ । तत्सम र झर्रा शब्दका साथै यस कथामा अङ्ग्रेजी शब्दको पनि समुचित प्रयोग पाइन्छ ।

प्रस्तुत कथाको उद्देश्य निकेल धातुका बारेमा जानकारी प्रदान गर्नु हो । निकेलको उत्पत्ति बारेमा ऐतिहासिक तथ्य समेत प्रस्तुत गरिएको यस कथामा परमाणु सङ्ख्या २८ र परमाणु तौल ५८.७१ रहेको निकेलको उपयोगिताका बारेमा समेत जानकारी दिइएको छ ।

### ५.२.८ 'चाँदी जस्तो तर सुनभन्दा महँगो धातु' कथाको विश्लेषण

प्रस्तुत कथामा प्लाटिनम धातुलाई कथ्य विषय बनाइएको छ । सत्रौं शताब्दीमा स्पेन निवासीहरूले कोलम्बियाको नदी किनारमा नयाँ धातु फेला पार्छन् । चाँदी जस्तो उक्त धातु चाँदी नभएकाले खिन्न बनेका उनीहरू भेटेजति जहाजमा हालेर आफ्नो देशतिर फर्कन्छन् । धातु पगाल्न नसक्दा दु:खित बनेका उनीहरू तताइएको सुनमा भने पगाल्न सफल हुन्छन् । सुनमा मिसाएर विभिन्न प्रयोग गरिन्छ भने कति समुद्रमा फ्याँकिन्छ । धेरै वर्षपछि वैज्ञानिकहरूले उक्त धातु प्लाटिनम भएको तथ्य पत्ता लगाउँछन् । पछि गएर स्वास्थ्य , सञ्चार र अन्य क्षेत्रमा प्रयोग गरिएको प्लाटिनम सुनभन्दा महङ्गो धातु मानिन्छ । सुनभन्दा महङ्गो प्लाटिनमको उत्पत्तिको इतिहास नै यस कथाको कथानक हो ।

प्रस्तुत कथामा सत्रौं शताब्दीका स्पेनी धातु खोजीकर्ता, राजा तथा वैज्ञानिकहरू पात्रका रूपमा प्रयोग भए पनि सबैको प्रयोग प्लाटिनम धातुको इतिहास र महत्त्व प्रष्ट पार्न गरिएको छ । सत्रौं शताब्दीको ऐतिहासिक परिवेशमा आधारित यस कथामा स्पेन, कोलम्बिया आदिको वर्णनका साथै धातु खोजीकर्ताको जीवन शैली पनि प्रस्तुत गरिएको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथामा वर्णनात्मक शैली अपनाइएको छ । सरल र सहज भाषाको प्रयोगले कथा रोचक र जानकारीमूलक बनेको छ ।

प्रस्तुत कथाको उद्देश्य प्लाटिनम धातुका बारेमा जानकारी दिनु हो । परमाणु सङ्ख्या ७ र परमाणु तौल १९५.०९ रहेको यस धातुको इतिहास, खोज तथा वर्तमानमा यसको उपयोगिता र महत्त्वका बारेमा जानकारी दिन कथा सफल बनेको छ ।

### ५.२.९ 'सुनका कुरा' कथाको विश्लेषण

प्रस्तुत कथाको कथानक सुनको अतिशय चाहना गर्ने राजा मिडासको प्रसङ्गबाट आरम्भ भएको छ । सन् १६०६ तिर पेरिसको एक चर्चमा काम गर्ने उच्च अधिकारीले आफ्नो

सरूवासँगै प्रशस्त सुन पनि लिए र अर्को चर्चका गएको प्रसङ्ग तथा सराइबाटु नामक स्थानका मङ्गोल शासक खान बाटुले सुनका घोडा निर्माण गरेको र ती घोडाका लाीग धेरै पुस्तासम्म विभिन्न युद्ध भएका र अन्त्मा कसैले बेपत्ता बनाएको प्रसङ्ग कथामा उल्लेख छ । त्यसै गरी फ्रन्सिस पिजारो नामक स्पेन निवासीले सुनका निम्ति इन्काहरूको प्रमुखको हत्या गरेको प्रसङ्गका साथै बैङ्ककमा अवस्थित बुद्धमूर्तिभित्र पाँच टन सुन रहेको प्रसङ्ग पनि कथामा उल्लेख छ । यसरी कथामा सुनका निम्ति भएका विभिन्न ऐतिहासिक घटनालाई कथानको शृङ्खलामा उनिएको छ ।

प्रस्तुत कथामा सुनको महत्त्व र सुनका निम्ति मरि मेट्ने विभिन्न पात्रहरू प्रयोग भएका छन् । यस क्रममा राजा मिडास, चर्च अधिकारी, ज्याक्स डे मोले, फ्रान्सिस पिजारो जस्ता बहुल पात्रको प्रयोग भएको छ । यस कथाको परिवेश सुन प्राप्तिका निम्ति भाएका विभिन्न ऐतिहासिक घटनामा आधारित रहेको छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग पाइने यस कथाको भाषाशैली सरल, सरस एवम् रोचक रहेको छ ।

प्रस्ततु कथाको उद्देश्य सुनका बारेमा जानकारी दिनका साथै सुन प्राप्त गर्न मानिसले गरेका विभिन्न सङ्घर्षको वर्णन गर्नु हो । ऐतिहासिक प्रसङ्गको माध्यमबाट इतिहासप्रतिको चासो जगाउन पनि कथा सफल बनेको छ ।

## ५.२.१० 'चाँदीका कुरा' कथाको विश्लेषण

प्रस्तुत कथामा चाँदीको महत्त्व र चाँदी प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक घटनालाई कथाको शृङ्खलामा उनिएको छ । सन् १५७७ तिर ब्रिटेनका नागरिक फ्रान्सिस ड्रेकले तत्कालीन महारानी एलिजाबेथबाट एडमिरलको उपाधि प्राप्त गरेपछि स्पेनका सुनचाँदी वाहक जहाज लुटेको प्रसङ्ग कथामा वर्णित छ । त्यसै गरी सन् १९९३ तिर एक जना माझीले फ्लोरिडाको किनारमा फेला पारेका इँट आकारका ढुङ्गा चाँदी भएको तर नचिनेर उसले पानीमै फ्याँकेको प्रसङ्गका साथै ब्रिटेनका राजा जेम्स द्वितीयले गोताखोरको सहयोगले समुद्रमा डुबेको स्पेनी जहाजबाट तिन टन चाँदी फेला पारेको र स्विडेनको

गटल्यान्ड टापुमा खरायोले खनेको खाडलमा चाँदीका सिक्का भेटिएका चाँदी सम्बन्धी रोचक प्रसङ्गहरू यस कथामा समावेश भएका छन् ।

प्रस्तुत कथामा चाँदीसँग सम्बन्धित घटनामा संलग्न फ्रान्सिस ड्रेक, माझी, जेम्स द्वितीय गोताखोरहरू आदि पात्रको रूपमा प्रयोग भएका छन् । पन्ध्रौं सोह्रौं शताब्दीमा युरोपमा भएका सुनचाँदी प्राप्तिका विविध कार्यलाई कथाको परिवेशभित्र समेटिएको छ । तृतीय पुरूष दृष्टिविन्दु पाइने यस कथामा सरल तथा सरस भाषाशैलीको प्रयोग पाइन्छ । तत्सम र झर्रा शब्दका साथै आगन्तुक शब्दको प्रयोग पनि यसमा औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत कथाको उद्देश्य चाँदीका बारेमा जानकारी दिनु हो । चाँदीका लागि मानिसले गरेका विभिन्न प्रयास र सङ्घर्षका बारेमा जानकारी दिँदै वर्तमानमा यसको महत्त्वबारे प्रष्ट पार्न समेत कथा सफल बनेको छ ।

## ५.३ 'बुलबुल चरा र गुलाफको फूल' बाल कथा सङ्ग्रहको विश्लेषण

**बुलबुल चरा र गुलाफको फूल** २०६७ सालमा प्रकाशित बाल कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा विविध विषयलाई समेटेर लेखिएका ६ वटा कथाहरू सङ्ग्रहित छन् । 'मायाका रङहरू', 'लाटो कोसेरोलाई वसन्त ऋतु', 'मने र मुन्नी', 'सूर्य र बादल', 'पहलमान अर्ना' र 'बुलबुल चरा र गुलाफको फूल' शीर्षकका यी बालकथाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ५.३.१ 'मायाका रङहरू' कथाको विश्लेषण

बुढो भएपछि आफैले माया गरी पालेका पशुपक्षीलाई पनि बेवास्ता गर्ने मानवीय प्रवृत्तिलाई विषय बनाइएको प्रस्तुत कथाको कथानक जब्बर साँढे र कैली गाईको संवादबाट आरम्भ भएको छ । पशुपति क्षेत्रको छाडा जब्बर साँढे दुब्लाएर मर्न लागेकी कैलीलाई देखेर दुःखित बन्दछ । कैली गाई आफू बुढी भएकै कारण माया गरेर पाल्ने मालिकले पनि बेवास्ता गरेर गोठबाट निकालि दिएको गुनासो सुनाउँछे । सन्तानसँगको बिछोडले मर्माहत बनेकी

कैली र बाल्य अवस्थामै गोठबाट निकालिएको जब्बर उपयुक्त बासको खोजीमा बृद्धाश्रमको प्राङ्गणमा पुग्छन् । सन्तानको मायाले पीडित कैलीलाई आफ्नै सन्तानको अवहेलनाले बृद्धाश्रम पुगेका बुढाबुढी देखाउँदै जब्बरले सान्त्वना दिन्छ र कथानकको अन्त्य हुन्छ ।

मानवेतर पात्रको प्रमुखता रहेको प्रस्तुत कथामा जब्बर साँढे र कैली गाई मुख्य पात्रका रूपमा प्रस्तुत भएका छन् ।[२४] प्रसङ्गमा आएका बाच्छाबाच्छी, पाल्ने मान्छे आदि गौण पात्र हुन् । प्रतीकात्मक रूपमा जब्बर एवम कैली मानव समाजमा तिरस्कार खेप्न विवश बृद्धबृद्धाको प्रतिनिधि पात्र समेत हुन् । काठमाडौंको पशुपति क्षेत्र आसपासको परिवेश समेटिएको प्रस्तुत कथामा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग रहेको छ । तत्सम र झर्रा शब्दहरूको अधिकता पाइने प्रस्तुत कथाको भाषाशैली सरल तथा सरस रहेको छ । यस कथामा मानवीय रूप दिइएका साँढे र गाईको संवाद रोचक एवम विनोदपूर्ण रहेको छ ।

बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै आफूले पालेका पशुपक्षीलाई माया गर्न सिक्नु पर्ने सन्देश दिनु यस कथाको उद्देश्य हो । पशुपक्षीलाई मात्र नभई बृद्धावस्थामा पुगेका बाबुआमालाई समेत हेला गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न कथा सफल रहेको छ । बृद्धबृद्धालाई श्रद्धा गर्नु पर्ने पाठ सिकाइएको प्रस्तुत कथामा बाबुआमा र सन्तानले गर्ने मायामा भिन्न रङ रहेको भन्दै शीर्षक सार्थक बनाइएको छ ।

## ५.३.२ 'लाटो कोसेरोलाई वसन्त ऋतु' कथाको विश्लेषण

वसन्त ऋतुको आगमनले अन्य चराहरूमा छाएको खुसियाली र लाटो कोसेरोको असन्तुष्टि प्रस्तुत कथाको विषय बनेको छ । भाले जुरेलीले गीत गाउँदै वसन्त आगमनको घोषणा गर्छ भने अन्य पशुपक्षी पनि खुसीले चञ्चल बन्छन् । सम्पूर्ण जगत् वासन्तिक सुन्दरतामा मस्त बन्दै सुन्दर संसारको प्रशंसा गर्छ भने दिनभर निदाउने लाटो कोसेरो निद्रा बिग्रिएकामा भुतभुताउन थाल्छ । चमेरोको समर्थन पाएको लाटो कोसेरोले कोइली र कागलाई क्रमशः बोलाएर खुसी हुनुको कारण सोध्छ । कोइली आफूलाई फुर्सद नभएको भन्दै बाटो लाग्छ भने कागले वसन्त ऋतु आउनाले खुसीयाली छाएको कुरा गर्छ । मानव

समाजमा आफूले पुऱ्याएको सेवा र त्यस बापट पाएको सम्मानका बारे व्याख्यान गरि रहेको कागको कुरा नसकिँदै लाटो कोसेरो निदाइ सक्छ र कथाको अन्त्य हुन्छ ।

प्रस्तुत कथामा लाटो कोसेरो, जुरेली, कोइली, चमेरो, काग जस्ता चराहरूलाई पात्र बनाइएको छ र तिनलाई मान्छे जस्तै सोच विचार गर्न र आफ्ना मनका भावहरू व्यक्त गर्न सक्ने तुल्याइएको छ । वसन्त ऋतुको आगमनमा चराहरूमा देखिने चञ्चलतालाई समेटिएको यस कथाको परिवेश वन जङ्गलको प्राकृतिक सुन्दरतामा आधारित छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग पाइने यस कथाको भाषाशैली सरल, सरस एवम् रोचक रहेको छ ।

प्रस्तुत कथाको उद्देश्य बाल बालिकालाई नैतिक उपदेशका साथै मनोरञ्जन प्रदान गर्नु रहेको पाइन्छ । समयको सदुपयोग गर्न नसक्ने अल्छीहरूलाई ऋतु परिवर्तनको कुनै मतलब हुँदैन भन्ने कुरा बताउँदै कोइलीको चतुरता, कागप्रतिको मानव समाजको परम्परागत विश्वास तथा लाटो कोसेरो र चमेराको अल्छी स्वभावको बारेमा बाल बालिकालाई परिचित गराउन समेत कथा सफल भएको छ । उचित समयमा निर्णय लिन नसक्ने हाम्रो देशको नेतृत्व वर्गप्रति प्रतीकात्मक रूपमा व्यङ्ग्य प्रहार गर्न पनि कथा सक्षम बनेको छ । लाटो कोसेरोलाई वसन्त आउनुको कुनै अर्थ नभएको आशय प्रकट गर्न सफल यस कथाको शीर्षक सार्थक बनेको छ ।

### ५.३.३ 'मने र मुन्नी' कथाको विश्लेषण

प्रस्तुत कथा बाख्राका पाठापाठी मने र मुन्नीको मानवीकृत प्रेम सम्बन्ध र मनेको सहर पस्ने निर्णयसँग सम्बन्धित रहेको छ । गाउँमा पालिएका मने र मुन्नी एक आपसमा प्रेम गर्छन् । शरद् ऋतुको आगमनसँगै आफ्नो मालिकले सहर लाने कुरा गरेको सुनेर खुसी बनेको मने मुन्नीलाई छाड्नु पर्ने चिन्ताले भने निराश बन्छ । मुन्नीको सहर नजाने आग्रहलाई बेवास्ता गर्दै बाटामा आँसुको तगारो नहाल्न भन्छ र एकदिन मालिकको पछिपछि तानिएर सहरतिर लाग्छ । बस स्टेसनमा पुग्नासाथ त्यहाँको कोलाहलमय वातावरणले गाउँमै फर्कन पाए हुन्थ्यो भन्ने सोचाइमा पुगेको मने आफ्नै गाउँका दुई युवतीलाई देखेपछि केही

आश्वस्त बन्छ । एक फूर्तिलो मान्छेका साथ आएका ती युवतीहरू गाडीबाट उत्रिएर गाउँतिर फर्कन थालेपछि मने पनि उफ्रिएर उनीहरूको नजिक पुग्छ । ती युवतीसँग गाउँतिरै फर्कने मनेको अठोटलाई खलाँसीको कठोर मुन्ट्याइले पुरा हुन दिँदैन । सहरको रमाइलोमा लोभिएर सहर पस्न लागेका युवतीहरू सचेत बनेर गाउँ फर्कन्छन् तर मने गाडीमा कोचिएर सहरतिर लगिन्छ र कथाको समापन हुन्छ ।

प्रस्तुत कथामा मानवेतर पात्र मने र मुन्नीलाई मानवीकरण गरी उपस्थित गराइएको छ । बाख्राका पाठापाठी मने र मुन्नी यस कथाका प्रमुख पात्र हुन् भने मानवीय पात्रका रूपमा गाउँको युवती, मालिक, फुर्तिलो युवक, खलाँसी आदि आएका छन् ।[२४] स्थानगत रूपमा गाउँ तथा सहरको परिवेशलाई समेटिएको यस कथामा शरद् ऋतु कालगत परिवेश बनेको छ । आन्तरिक रूपमा डोरी लाएर सहरतिर घिस्याइने खसीबाख्राको मानसिक अवस्थालाई चित्रण गर्न समेत परिवेश सफल बनेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथामा सरल तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइन्छ । मने र मुन्नीबिचको प्रेमपूर्ण संवादले स्वाभाविकता थपेको यस कथामा तत्सम र झर्रा शब्दका साथै इमेल, वेलकम, बाई बाई जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ ।

प्रस्तुत कथाले बाल बालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै आफ्नो स्वार्थका लागि अन्य पशुहरूलाई मानिसले गरेको अत्याचारको विरोध गरेको छ । रङ्गीन सपना सजाउँदै सहर पसेका युवाहरूको व्यथा प्रस्तुत गर्नुका साथै गाउँका सोझा युवतीलाई विदेशको सपना देखाएर धोखा दिने दलालहरू गलत वृत्तिप्रति सचेत बन्नु पर्ने सन्देश कथाले प्रस्तुत गरेको छ ।

## ५.३.४ 'सूर्य र बादल' कथाको विश्लेषण

पृथ्वीमा वर्षा हुनाको वैज्ञानिक कारणलाई विषय बनाइएको प्रस्तुत कथाको कथानक गर्मीका कारण उत्पन्न समस्याको चित्रणबाट आरम्भ भएको छ । खोला नदी सुक्दै गएको, बोट बिरूवा ओइलाउन थालेको र ग्रामीण बालाहरू एक गाग्री पानीका लागि घन्टौ हिँड्न

विवश बनेको देखेर सूर्यले बादलहरूलाई बोलाउँछन् । आफूहरूलाई बोलाएको तर कुनै स्वागतको तयारी नगरेको भन्दै बादलहरू रिसाउँछन् । सूर्यलाई छोपि दिने उद्देश्यका साथ दौडिएका बादलहरू एक आपसमा ठोक्किन पुग्छन् र वर्षा बनेर पृथ्वीमा झर्छन् । यसरी वर्षा हुनाको वैज्ञानिक कारण रोचकता पूर्वक प्रस्तुत कथानकमा उनिएको छ ।

मानवेतर पात्रको प्रमुखता रहको प्रस्तुत कथामा सूर्य र बादल प्रमुख पात्र हुन् । मानिस लगायत पृथ्वीका समस्त जीवहरूको समेत उल्लेख गरिएको यस कथामा सूर्य अनुकूल र बादल प्रतिकूल चरित्रका रूपमा प्रस्तुत भएका छन् । स्थानगत परिवेशमा पृथ्वी र आकाशलाई समेटेको यस कथाले गर्मी यामलाई कालगत परिवेश बनाएको छ । गर्मी तथा वर्षाका कारण पृथ्वीमा देखा पर्ने विभिन्न अवस्थाको चित्रणमा परिवेश सफल बनेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचति यस कथामा सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइन्छ । सूर्य र बादललाई मानवीकरण र सहज संवाद गराइएको यस कथामा तत्सम र झर्रा शब्दको बाहुल्य पाइनाका साथै वैज्ञानिक तथ्य लाई सरल र रोचकतापूर्वक प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा वर्षाका लागि सूर्य र बादलको भूमिका र तिनको वैज्ञानिक कारणका साथै बाल बालिकालाई मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखेको पाइन्छ । धेरै घमन्ड गर्नाले आफ्नै विनाश हुने नैतिक सन्देश पनि प्रवाहित गर्न कथा सफल बनेको छ ।

### ५.३.५ 'पहलमान अर्ना' कथाको विश्लेषण

बल र बैंसले उन्मत्त बनेको अर्नाको घमन्डी स्वभावका कारण ज्यान गएको प्रसङ्ग प्रस्तुत कथाको विषय बनेको छ । अर्नाले आफूलाई सबैभन्दा बलियो जनावर ठान्दै पहलमान घोषणा गर्छ । जङ्गलका अन्य जनावरलई त्रसित बनाउँदै हिलोमा लडीबडी खेलेपछि जिउ सुकाइ रहेको अर्नाले आफूलाई हिलो छ्यापेको आरोपमा मृगिणीको बाटो छेक्छ । मृगिणीले

भाग्नका लागि गरेको प्रयास असफल हुन्छन् भने अर्ना मृगिणीलाई अपहरण गरेको बताउँदै फिरौतीमा उसैलाई माग्ने कुरा गर्छ । अर्नाको व्यवहारले त्रसित मृगिणी उसको जिउ धोइ दिन सहमत बन्छे । निरीह मृगिणीलाई त्रास देखाएर आफ्नो स्वार्थ पुरा गरि रहेको अर्नाले थाहै नपाई गोहीले उसको खुट्टामा आक्रमण गर्छ भने चलाख मृगिणी भागेर ज्यान बचाउँछे । पहलमानको ज्यान जोगाउने प्रयास निरर्थक बन्छ । अन्त्यमा गोहीको ऊ आहार बनेको प्रसङ्ग सहित कथानको अन्त्य हुन्छ ।

मानवेतर पात्रको प्रमुखता रहेको प्रस्तुत कथामा पहलमान अर्ना प्रमुख पात्रका रूपमा रहेको छ भने मृगिणी र गोही सहययक पात्र हुन् । जङ्गलका अन्य पशुपक्षीको भूमिका गौण रहेको छ । अर्नाको निवास रहेको नेपालकै पूर्वी तराइको जङ्गललाई परवेश बनाएको यस कथामा अन्य पशुपक्षीको त्रासपूर्ण अवस्था र अर्नाको घमन्डी स्वभावलाई स्वाभाविक रूपमा परिवेशभित्र समेटिएको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथामा वर्णनात्मक शैली तथा भाषागत सरलता पाइन्छ । मानवीकृत अर्ना र मृगिणीका बिचमा भएका छोटा छोटा संवादले स्वाभावतिकता पाएको यस कथामा गीतका टुक्राको प्रयोगले अझ रोचकता थपेको छ ।

प्रस्तुत कथाले बल र बैंस छ भन्दैमा कसैले पनि अहङ्कार र अभिमान गर्नु हुँदैन भन्ने शिक्षा त दिएकै छ ; यस बाहेक समकालीन नेपाली राजनीतिमा आफ्ना बथान छोडेर हुङ्कार गर्दै एक्लाएक्लै हिँड्ने जनबलको तुजुक देखाउने खल नायकहरू एक दिन अर्नाकै हालतमा पुग्ने यथार्थ पनि यस कथा मार्फत ध्वनित हुन्छ ।[२४] बल र बैंसभन्दा अक्कल ठुलो हुने भएकाले बुद्धिमतापूर्वक कार्य गर्नुपर्छ भन्ने सन्देशका साथै बाल बालिकालाई प्रशस्त मनोरञ्जन दिन कथा सफल भएको छ । नेपाली रानजीतिमा देखा परेका विकृतिप्रति सचेत बन्न आव्हान गर्नु पनि यस कथाको उद्देश्य रहेको पाइन्छ ।

### ५.३.६ 'बुलबुल चरा र गुलाफको फूल' कथाको विश्लेषण

बुलबुल चरा र गुलाफको फूल कथा यस सङ्ग्रहमा सङ्ग्रहित अन्तिम तथा छैटौं कथा हो । सङ्ग्रहको नाम समेत यसै कथाबाट राखिएको छ । प्रणयमा समर्पित बुलबुल चराको अवसान र गुलाफको सुन्दरतालाई यस कथाको विषय बनाइएको छ ।

प्रस्तुत कथाको कथानक गुलाफको सुन्दरताको वर्णनबाट आरम्भ भएको छ । बैंसले उन्मत्त बनेको गुलाफमा उत्पन्न प्रणय चाहना बुझेर हावाले गिज्याउँदै जीवन साथी खोजि दिने कुरा गर्छ । हावाको कुराले बाहिर रिसाए जस्तो गरे तापनि भित्रभित्रै खुसी बनेको गुलाफ गीत गाउन सक्ने जीवन साथी खोजि दिन आग्रह गर्छ । आफ्नै सुन्दरतामा लठिएर कल्पनामा डुबेको गुलाफको सामु छिरबिरे रङ्गको पुतली आइ पुग्छ । मिठो गाउन नसक्ने पुतलीलाई गुलाफले अस्वीकार गर्छ भने प्रणय चाहना पुरा गर्न नपाएको पुतली बत्तीमा गई आत्महत्या गर्छ । एक दिन मध्यरातमा सुन्दर बुलबुल चरो आइ पुग्छ र गीत गाउन थाल्छ । बुलबुलको गीतमा लठ्िएको गुलाफ प्रणयमा समर्पित बन्दछ भने बुलबुल चराले स्नेहको आलिङ्गनमा बाँध्न पखेटा फिजाउँछ । प्रणयमा समर्पित बुलबुल चरो गुलाफको काँडाले घोच्दा समेत वास्ता गर्दैन् र त्यसै काँडाले मुटु समेत छेडिनाले उसको मृत्यु हुन्छ । बुलबुलको रगतले गुलाफको फूल रातो भएको प्रसङ्ग सहित कथानको अन्त्य हुन्छ ।

प्रस्तुत कथामा गुलाफको फुल र बुलबुल चरालाई प्रमुख पात्रका रूपमा प्रस्तुत गरिएको छ । पुतली, हावा, भमरा र अन्य फूलहरू प्रसङ्गमा आएका पात्र हुन् । गुलाफमा सुन्दरताको मद पाइन्छ भने बुलबुल चरो प्रणयका लागि ज्यानको बलिदान गर्ने समर्पित पात्र हो ।[२४] स्थानगत परिवेशका रूपमा फुलबारीलाई लिइएको यस कथामा वसन्त ऋतुलाई कालगत परिवेश बनाइएको छ । गुलाफको सुन्दरता, हावाको चञ्चलता, पुतलीको त्याग, तथा बुलबुल चराको समर्पणलाई कथाले स्वाभाविक रूपमा परिवेशभित्र समेटेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा संरचित यस कथामा सरल, सरस तथा प्रभावपूर्ण भाषाशैलीको प्रयोग पाइन्छ । मानवीकृत हावा, गुलाफ र बुलबुलको संवादले स्वाभाविकता पाएको यो कथा रोचक बनेको छ । तत्सम र झर्रा शब्दको अधिकता पाइने यस कथामा वर्णनात्मक शैली तथा अलङ्कारपूर्ण प्रस्तुति पाइन्छ ।

प्रस्तुत कथाको उद्देश्य प्रेमको अमरता र समर्पणका बारेमा जानकारी दिँदै मनोरञ्जन प्रदान गर्नु रहेको पाइन्छ । गुलाफको रातो रङका सम्बन्धमा किम्बदन्तीमा आधारित सत्यको उदघाटन गर्दै गुलाफलाई सुन्दरता र बुलबुललाई आत्मिक प्रेमको प्रतीकका रूपमा प्रस्तुत गरिएको पाइन्छ । समर्पणले नै प्रेमलाई अमर बनाउन सक्छ भन्ने कुराको अभिव्यक्ति दिनु पनि यस कथाको उद्देश्य रहेको छ ।

## ५.४ बाल जीवनी सङ्ग्रहको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाएका कन्हैया नासननीले बाल साहित्य अन्तर्गत बाल कथाका साथै बाल जीवनीको पनि रचना गरेका छन् । उनका हालसम्म **विज्ञानका ताराहरू** (२०५८) र **अन्तरिक्ष यात्रीहरू** (२०५९) बाल जीवनी सङ्ग्रह प्रकाशित रहेका छन् । ती सङ्ग्रहभित्रका जीवनीहरूको परिचयात्मक अध्ययन यस शोधपत्रमा गरिएको छ ।

### ५.४.१ 'विज्ञानका ताराहरू' बाल जीवनी सङ्ग्रहको विश्लेषण

**विज्ञानका ताराहरू** २०५८ सालमा प्रकाशित बाल जीवनी सङ्ग्रह हो । यस सङ्ग्रहमा विज्ञान क्षेत्रका विश्व प्रसिद्ध  सात जना व्यक्तिहरूको जीवनी प्रस्तुत गरिएको छ । 'अल्बर्ट आइन्स्टाइन', 'चार्ल्स डार्बिन', 'म्याडम क्युरी', 'टमस एल्बा एडिसन', 'निकोलस कपर्निकस', 'जोन डाल्टन' र 'अलेक्जेन्डर ग्राहम बेल' शीर्षकका जीवनीहरूको परिचयात्मक विश्लेषण निम्नानुसार गरिएको छ ;

#### ५.४.१.१ 'अल्बर्ट आइन्स्टाइन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको जीवनका विविध पक्षसँग सम्बन्धित छ । १४ मार्च सन् १८७८ मा जर्मनीको बुटैम्बर्गमा जन्मिएका आइन्स्टाइनले सन् १९१९ मा सापेक्षताको सिद्धान्त तथा भारशक्ति समीकरण जस्ता सिद्धान्त प्रतिपादन गरेका थिए । सन् १९२१ मा विज्ञानतर्फको नाबेल पुरस्कार पाउन सफल आइन्स्टाइनलाई परमाणु

बमका पिता भनिन्छ । उनको जन्म, बाल्यकाल, शिक्षादीक्षा, युवावस्थाको चर्चा गर्दै विज्ञानका क्षेत्रमा उनले पुऱ्याएको योगदान तथा जीवनका उत्तरार्द्ध अवस्थाको चित्रण प्रस्तुत जीवनीमा पाइन्छ ।

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत जीवनी बालोपयोगी र रोचक बनेको छ । यथार्थका साथै कल्पनाको मिश्रण गरी कथात्मकता प्रस्तुत गरिनु जीवनीको विशिष्टता हो । विश्व प्रसिद्ध महान् वैज्ञानिक आइन्स्टाइनका साथै विज्ञान क्षेत्रमा उनको योगदानका बारेमा जानकारी प्रदान गर्न जीवनीकार सफल भएका छन् ।

### ५.४.१.२ 'चार्ल्स डार्बिन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी महान वैज्ञानिक चाल्स डार्विनको जीवनका विविध पक्षसँग सम्बन्धित छ । सन् १८०९ मा इङ्ल्यान्डको स्युजबरीमा जन्मिएका डार्विन विद्यालयको पढाइमा भन्दा प्रकृतिमा रूचि राख्ने स्वभावका थिए । पाँच वर्षसम्म जहाजबाट समुद्रको यात्रा गरेको डार्विनले यात्रामा सँगालेका विविध सामग्रीको अध्ययन र विश्लेषणबाट 'प्रकृतिको छनौटमा जीवहरूको उत्पत्ति' नामक पुस्तक लेखेको उल्लेख यस जीवनीमा पाइन्छ । प्राकृतिक वातावरणसँग समन्वय गर्न सक्ने जीवहरू मात्र अस्तित्वमा रहने , वातावरण अनुसार जीव र वनस्पतिका विभिन्न प्रजातिमा फरक गुणहरू विकसित भए पनि वंशानुगत केही गुण कायमै रहने विकासवादी सिद्धान्तको परिचय पनि यहाँ पाइन्छ । डार्विनको बाल्यकाल, युवावस्था, वैवाहिक जीवन, उनले गरेका योगदान तथा जीवनका उत्तरार्द्ध अवस्थाको वर्णन जीवनीमा पाइन्छ ।

बाल बालिकालाई लक्ष्य गरी लेखिएको प्रस्तुत जीवनीको भाषाशैली सरल तथा कलात्मक रहकौ छ । यथार्थका साथै कल्पनाको मिश्रण गरी कथात्मक प्रस्तुति रहेकाले जीवनी रोचक बनेको छ । बन्द कोठाको शिक्षाभन्दा प्रकृतिबाट मानिसले अथाह ज्ञान आर्जन गर्न सक्छ भन्ने कुरा चार्ल्स डार्विनको जीवनीबाट प्रकट गरिएको पाइन्छ ।

### ५.४.१.३ 'म्याडम क्युरी' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी महान वैज्ञानिक म्याडम क्युरीको जीवनका विविध पक्षसँग सम्बन्धित छ । पोल्यान्डको राजधानी वार्सामा १८६७ मा जन्मिएकी मारिया स्क्लाडोवोस्का पछि गएर मयाडम क्युरी बनेको प्रसङ्ग यस जीवनीमा वर्णित छ । उनको बाल्यावस्था, शिक्षादीक्षा, सन् १८९५ मा पियरे क्युरीसँग विवाह भएपछि म्याडम क्युरीका नामले परिचित बनेको प्रसङ्गका साथै तिन पटकसम्म नोबेल पुरस्कार पाएको जानकारी जीवनीमा पाइन्छ । पोलोनियम र रेडियमकी आविष्कारक क्युरीको अवसान १९३४ मा भएको थियो ।

बाल बालिकालाई विज्ञान सम्बन्धी जानकारीका साथै प्रेरणा प्रदान गर्ने उद्देश्यले लेखिएको प्रस्ततु जीवनीमा सरल, सरस तथा कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ । कथा पढे झैं लाग्ने प्रस्तुत जीवनीमा यथार्थका साथै काल्पनिकताको कथात्मक प्रस्तुति पाइन्छ ।

### ५.४.१.४ 'टमस एल्वा एडिसन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी महान वैज्ञानिक टमस एल्वा एडिसनको जीवनका विविध पक्षमा आधारित छ । एघार फरबरी १८४७ मा अमेरिकाको ओहायो राज्यमा जन्मिएका एडिसन पढाइमा कमजोर भएकाले विद्यालयबाट निकालिएका थिए । रेलमा पत्रिका बेचेको र त्यस सम्बन्धी रोचक प्रसङ्ग यस जीवनीमा वर्णित छ । उनका जीवनका सुखदुःखका विविध पाटाका साथै विज्ञानका क्षेत्रमा टेलिफोन रिसिभर, बिजुलीको बल्ब र फोनोग्राफ मार्फत उनले पुऱ्याएको योगदानको चर्चा यहाँ पाइन्छ । सिनेमा क्यामरा र प्रोजेक्ट समेतका आविष्कारक एडिसनको मृत्यु १८ अक्टोबर १९३१ मा भएको उल्लेख लेखकले गरेका छन् ।

बाल बालिकालाई लक्ष्य गरी लेखिएको प्रस्तुत जीवनीमा सरल तथा सहज भाषाशैलीको प्रयोग पाइन्छ । यथार्थको अङ्कनका साथै प्रशस्त कल्पनाको समेत प्रयोग गरिएको यस जीवनीले बाल बालिकालाई बिजुलीको बल्बको आविष्कार र त्यसको आविष्कारकका बारेमा जानकारी प्रदान गरेको छ ।

### ५.४.१.५ 'निकोलस कपर्निकस' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी निकालेस कपर्निकसको जीवनका विविध घटनासँग सम्बन्धित छ । १९ फरबरी १४७३ मा पोल्यान्डमा जन्मिएका निकोलसको बाल्यकाल, युवावस्थाका साथै ज्योतिषका क्षेत्रमा उनले पुऱ्याएको योगदानको चर्चा यस जीवनीमा पाइन्छ । परम्परागत मान्यताका विरूद्ध पृथ्वीले सूर्यको परिक्रमा गर्छ भन्ने वैज्ञानिक उनी नै थिए । आफ्नो सम्पूर्ण जीवन ग्रह र ताराको अध्ययनमा बिताएका निकोलसको मृत्युको सम्बन्धमा भने जीवनीमा उल्लेख पाइँदैन ।

कथा भने जस्तै शैलीमा प्रारम्भ गरिएको यस जीवनीमा तथ्यपरकताका साथै प्रशस्त कल्पनाको प्रयोग पाइन्छ । खगोलीय पिण्डहरू र पृथ्वीले सूर्यलाई परिक्रमा गर्दछ भन्ने तथ्यका अन्वेषक निकोलस कपर्निकसका बारेमा जानकारी प्रदान गर्न जीवनी सफल बनेको छ ।

### ५.४.१.६ 'जोन डाल्टन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी जोन डाल्टनको जीवनका विविध घटनासँग सम्बन्धित छ । ६ सेप्टेम्बर १९६६ मा इङ्ल्यान्डको इगल्सफिल्डमा विपन्न परिवारमा जन्मिएका डाल्टनले युवावस्थाको आरम्भमा नै शिक्षण पेसा अँगाल्नु परेको थियो । अध्ययनलाई निरन्तरता दिन कठिनाइ परेकाले स्वअध्ययनबाटै उनले पर्याप्त ज्ञान आर्जन गरेको प्रसङ्ग जीवनीमा वर्णित छ । वर्षाको कारण, प्रकाश पुञ्जको प्रक्रिया, परमाणु सिद्धान्त, ग्याँसको चाप आदि सिद्धान्तका आविष्कारक डाल्टन जीवनभर अविवाहित रहेको उल्लेख समेत जीवनीमा पाइन्छ । विज्ञानका साथै साहित्यमा पनि सशक्त योगदान पुऱ्याएका उनलाई ब्रिटिस सरकारले 'फेलो अफ दि रोयल सोसाइटी' उपाधिले सम्मानित गरेको थियो । जोन डाल्टनको मृत्यु २७ जुलाई १८४४ का दिन म्यानचेस्टरमा भएको उल्लेख लेखकले गरेका छन् ।

सरल भाषाशैलीको प्रयोग पाइने यस जीवनीमा विभिन्न वैज्ञानिक तथ्यहरूको खोजी गर्ने वैज्ञानिक जोन डाल्टनको परिचय मार्फत बाल बालिकालाई मेहनतमा जुट्न प्रेरणा प्रदान गरिएको छ ।

### ५.४.१.७ 'अलेक्जेन्डर ग्राहम बेल' जीवनीको विश्लेषण

प्रस्तुत जीवनीमा प्रसिद्ध वैज्ञानिक अलेक्जेण्डर ग्राहम बेलका जीवनीमा घटित महत्वपूर्ण घटनाहरू वर्णित छन् । ३ मार्च १८४७ मा स्कटल्यान्डको राजधानी एडिनवर्गमा उनको जन्म भएको थियो । सन् १८७५ मा टेलिफोनको आविष्कार गर्न सफल बेलले ग्रामोफोन तथा अन्धा अपाङ्गहरूलाई भाषा सिकाउने प्रविधिको विकास गरेको वर्णन पनि जीवनीमा पाइन्छ । पारिवारिक समस्याले विभिन्न ठाउँमा बसाइँ सर्न विवश ग्राहम बेलले पी.एच.डी.सम्मको अध्ययन गरेका थिए । यसरी अलेक्जेन्डर ग्राहम बेलको बाल्यकाल उनले गरेको आविष्कारका साथै जीवनका विविध घटनाको प्रस्तुति यस जीवनीमा समेटिएको छ ।

बाल बालिकालाई टेलिफोनको आविष्कार र त्यसका आविष्कारका बारेमा जानकारी दिँदै कर्मपथमा जुट्नु पर्ने सन्देश दिइएको प्रस्तुत जीवनीमा सरल तथा कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

### ५.५.२ 'अन्तरिक्ष यात्रीहरू' बाल जीवनी सङ्ग्रहको विश्लेषण

**अन्तरिक्ष यात्रीहरू** २०५९ सालमा प्रकाशित जीवनी सङ्ग्रह हो । अन्तरिक्षका सम्बन्धमा खोज अनुसन्धान गर्ने आठ जना अन्तरिक्ष यात्रीहरूको जीवनी यस सङ्ग्रहमा समेटिएको छ । ती जीवनीहरूको परिचयात्मक विश्लेषण निम्नानुसार गरिएको छ :

### ५.४.२.१ 'अन्तरिक्षमा पुग्ने पहिलो मानव युरी गागरिन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी युरी गागरिनको जीवनका विविध घटनासँग सम्बन्धित छ । ९ मार्च १९३४ मा सोभियत रूसको मस्को  नजिकै जन्मिएका गागरिनको वास्तविक नाम युरी

अलेक्सेइ विच हो । पेसाले पाइलट गागरिनले १२ अप्रिल १९६१ मा अन्तरिक्षको सफल यात्रा गरेर विश्वमा नयाँ कीर्तिमान कायम गरेको चर्चा यस जीवनीमा पाइन्छ । 'वास्तोक प्रथम' नामक विमानद्वारा तिन सय एक किलोमिटरको उचाइमा १०८ मिनेटसम्म अन्तरिक्षमा उडेका उनलाई अडर अफ लेनिन र हिरो अफ सोभियत युनिनको दर्जा दिइएको थियो ।

बाल बालिकालाई लक्ष्य गरी लेखिएको प्रस्तुत जीवनीमा सरल भाषाशैलीको प्रयोग पाइन्छ । यथार्थका साथै कल्पना र कथात्मकताको मिश्रणले प्रस्तुत जीवनी कथा पढे झैं रोचक बनेको छ । अन्तरिक्ष र त्यसका पहिला यात्री गागरिनका बारेमा जानकारी दिँदै आत्म विश्वासका साथ कर्मपथमा जुट्ने सन्देश प्रदान गर्न जीवनी सफल बनेको छ ।

### ५.५.२.२ 'पहिलो अमेरिकी अन्तरिक्ष यात्री एलान सेफार्ड' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी पहिलो अमेरिकी अन्तरिक्ष यात्री एलान शेफार्डको जीवनका विविध घटनासँग सम्बन्धित छ । १८ नोभेम्बर १९२३ मा अमेरिकाको इस्टडेरी भन्ने ठाउँमा जन्मिएका शेफार्डले अमेरिकाका तर्फबाट अन्तरिक्षमा यात्रा गर्ने पहिलो अन्तरिक्ष यात्री थिए । एपोलो-१४ यानका माध्यमबाट तेत्तिस घण्टासम्म चन्द्रमाको सतहमा रहेर वैज्ञानिक प्रयोगहरू गरेका उनी चन्द्रयात्री पनि भएको वर्णन जीवनीमा पाइन्छ । शेफार्डको बाल्यकाल, युवावस्था, उनले अन्तरिक्ष सम्बन्धी पुऱ्याएको योगदान आदिको चर्चा यस जीवनीमा गरिएको छ ।

बाल बालिकालाई लक्ष्य गरी लेखिएको यस जीवनीमा सरल भाषाशैलीको प्रयोग पाइन्छ भने अन्तरिक्षका बारेमा जानकारी राख्न चाहनेको जिज्ञासा समाधान गरिएको छ । यथार्थलाई कल्पनाको रङ्गले पोतेर कथात्मक प्रस्तुति गर्ने जीवनीकारको शैली रोचक बनेको छ । पहिलो अमेरिकी अन्तरिक्ष यात्री एलान शेफार्डको जीवनका विविध पाटाको जानकारी दिनु नै यस जीवनीको उद्देश्य रहेको पाइन्छ ।

### ५.५.२.३ 'पृथ्वीको परिक्रमा गर्ने पहिलो अमेरिकी अन्तरिक्ष यात्री जोन ग्लेन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी अमेरिकी अन्तरिक्ष यात्री जोन ग्लेनको जीवनका विविध घटनासँग सम्बन्धित छ । १८ जुलाई १९२१ मा अमेरिकाको ओहायो राज्यमा जन्मेका जोन ग्लेन अमेरिकी वायु सेनाका कुशल पाइलट थिए । २० फरबरी १९६२ मा मर्करी आटलास-६ नामक अन्तरिक्ष यानबाट पृथ्वीको परिक्रमा गरेका उनी पृथ्वीको परिक्रमा गर्ने पहिलो अन्तरिक्ष यात्री थिए । सतहत्तर वर्षको उमेरमा २९ अक्टुबरदेखि ७ नोभेम्बर १९९८ सम्म अन्तरिक्षमा रहेर काम गरेका उनले आफ्नो जीवन, राजनीति र समाज सेवाका लगाएको उल्लेख जीवनीमा पाइन्छ । उनको बाल्यकाल, युवावस्था तथा उनले जीवनका उत्तरार्द्धसम्म गरेका कार्यहरूको जानकारी जीवनीमा दिइएको छ ।

बाल बालिकालाई लक्ष्य गरी लेखिएको प्रस्तुत जीवनीको भाषशैली तथा सुकोमल रहेको छ । यथार्थलाई कल्पनाको रङ दिई कथात्मक प्रस्तुति गरिएकाले जीवनी रोचक बनेको छ । बाल बालिकाका साथै अन्तरिक्ष सम्बन्धमा जानकारी राख्न चाहनेहरूको जिज्ञासा मेट्न जीवनीकार सफल भएका छन् ।

### ५.४.२.४ 'प्रथम महिला अन्तरिक्ष यात्री भाल्टिना टेरेस्कोभा' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी प्रथम महिला अन्तरिक्ष यात्री भाल्टिना टेरेस्कोभाको जीवनका विविध घटनासँग सम्बन्धित छ । ६ मार्च १९३७ मा रूसको मास्लेन्निकोभोमा जन्मिएकी टेरेस्कोभा विश्वकै महिलाहरूकी प्रेरणाकी स्रोत हुन् । बाल्यकालदेखि नै जिज्ञासु र साहसी स्वभावकी उनले १६ जुन १९६३ मा अन्तरिक्षको सफल यात्रा गरेको प्रसङ्ग जीवनीमा वर्णित छ । उनले 'वास्टोक-६' नामक विमान मार्फत एकहत्तर घण्टाको अवधिमा ४८ पटकसम्म पृथ्वीको परिक्रमा गरेकी थिइन् । अन्तरिक्ष यात्राका साथै समाज सेवाका विविध क्षेत्रमा संलग्न टेरेस्कोभाले नेपालको समेत भ्रमण गरेको कुरा लेखकले उल्लेख गरेका छन् ।

बाल बालिकाको स्तर अनुरूप सरल भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत जीवनीमा यथार्थका साथै कल्पनाको पनि प्रयोग पाइन्छ । कथात्मक शैलीका कारण रोचक बनेको यस जीवनीले अन्तरिक्षका साथै टेरेस्कोभाका सम्बन्धमा जानकारी प्रदान गरेको छ । मेहनत र साहस देखाएमा महिला पनि पुरूषभन्दा कम छैनन् भन्ने प्रेरणा यस जीवनीले प्रदान गरेको छ ।

### ५.५.२.५ 'प्रथम चन्द्र यात्रीहरू नील आर्मस्ट्रङ र एडबिन आल्ड्रिन' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी प्रथम चन्द्रयात्री नील आर्मस्ट्रङ र एडबिन आल्ड्रिनको जीवनका विविध घटनासँग सम्बन्धित छ । ५ अगस्त १९३० मा अमेरिकाको ओहायो राज्यको वापाको नेटा भन्ने ठाउँमा जन्मिएका नील आर्मस्ट्रङ र २० जनवरी १९३० मा अमेरिकाको मन्टक्लायरमा जन्मेका एडविन आल्ड्रिनले संयुक्त रूपमा २० जुलाई १९६९ का दिन चन्द्र सतहमा पाइला टेकेका थिए । चन्द्रमाका सम्बन्धमा गरिएका विभिन्न अड्कलका सट्टा यथार्थ जानकारी ल्याउने तिनै चन्द्रयात्रीको जन्म, बाल्यकाल, अन्तरिक्ष यात्रा तथा जीवनका पछिल्ला समयमा उनीहरूको संलग्नता जस्ता विषयमा जीवनीमा प्रकाश पारिएको छ । चन्द्रमाको उत्पत्ति कुनै बेला पृथ्वीबाट उछिट्टिएर भएको भन्ने मान्यताका विपरीत सौर्यमण्डलका अन्य ग्रह झैं यसको पनि उत्पत्ति भएको कुरा जानकारीमा ल्याउनुका साथै त्यहाँबाट ल्याइएका चट्टानका टुक्राहरूको परीक्षणबाट विविध जानकारी प्राप्त भयो । उनीहरूको यसै कार्यको प्रशंसा जीवनीमा पाइन्छ ।

बालोपयोगी सरल भाषाशैलीमा लेखिएको प्रस्तुत जीवनीमा यथार्थलाई प्रशस्त कल्पनाको जलप लगाउँदै कथात्मक प्रस्तुति गरिएको छ । चन्द्रमा, चन्द्रयात्रा र यसका सम्बन्धमा भएका विविध जानकारी दिनका साथै महान उद्देश्य लिनेहरू सफलतामा पुगेरै छाड्छन् भन्ने कुराको अभिव्यक्ति दिन जीवनीकार सफल भएका छन् ।

### ५.४.२.६ 'अन्तरिक्ष यात्रामा प्राण गुमाउने पहिलो यात्री ब्लाडिमिर मिखाइलोबिच कामारोभ' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी अन्तरिक्षमा प्राण गुमाउने अन्तरिक्ष यात्री ब्लाडिमिर मिखाइलोबिच कामारोभको जीवनका विविध पक्षसँग सम्बन्धित छ । १६ मार्च १९२७ मा रूसमा जन्मिएका कामारोभले ११ अक्टुबर १९६४ मा सफलतापूर्वक अन्तरिक्ष यात्रा गरेका थिए । २४ अप्रिल १९६२ मा 'सायुज प्रथम' नामक अन्तरिक्ष यानबाट सफलतापूर्वक अन्तरिक्ष यात्रा सम्पन्न गरी पृथ्वीमा ओर्लने क्रममा यान दुर्घटनाग्रस्त हुनाले उनको मृत्यु भयो । दुई पटकसम्म अन्तरिक्ष यात्रा सम्पन्न गरेका तिनै अन्तरिक्ष यात्रीको जन्म, बाल्यकाल, युवावस्था, अन्तरिक्ष यात्रा तथा अवसान लगायताका जानकारी प्रस्तुत जीवनीमा पाइन्छ ।

बाल बालिकाको स्तर अनुरूप सरल भाषाशैलीमा लेखिएको प्रस्तुत जीवनीमा यथार्थका साथै कल्पनाको पनि प्रयोग पाइन्छ । कथात्मक शैलीमा लेखिएको यस जीवनीले अन्तरिक्ष  यात्री कामारोभप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै अन्तरिक्ष सम्बन्धी विविध जानकारी प्रस्तुत गरेको छ ।

### ५.४.२.७ 'प्रथम महिला अमेरिकी अन्तरिक्ष यात्री साल्ली के राइड' जीवनीको विश्लेषण

प्रस्तुत जीवनी पहिलो महिला अमेरिकी अन्तरिक्ष यात्री साल्ली के राइडको जीवनका विविध पक्षसँग सम्बन्धित छ । २६ मे १९५१ मा लस एन्जेल्स क्यालिफोर्नियामा जन्मिएकी राइडले दुई पटकसम्म सफलतापूर्वक अन्तरिक्ष यात्रा सम्पन्न गरेकी थिइन् । २४ जुन १९८३ मा च्यालेन्जर नामक  यानबाट अन्तरिक्ष यात्रा गरेकी उनले ५ अक्टुबर १९८४ मा सटलायन च्यालेन्जर ४१ जीबाट अन्तरिक्ष यात्रा सम्पन्न गरी दुई पटकसम्म अन्तरिष यात्रा गर्ने पहिलो अमेरिकी महिलाका रूपमा आफूलाई परिचित गराइन् । उनको जन्म, बाल्यकाल, युवावस्था, अन्तरिक्ष यात्रा, सम्बन्धी जानकारी साथै पछिल्लो समयमा उनको संलग्नता बारेको चर्चा यस जीवनीमा गरिएको छ ।

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत जीवनी बालोपयोगी र रोचक बनेको छ । यथार्थका साथै कल्पनाको प्रशस्त प्रयोग गरिएको यस जीवनीको कथात्मक प्रस्तुतिले

रोचकता थपिएको छ । अन्तरिक्ष सम्बन्धी विविध जानकारीका साथै पहिलो महिला अमेरिकी अन्तरिक्ष यात्री साल्ली के राइडका बारेमा जानकारी दिन लेखक सफल भएका छन् ।

### ५.४.२.८ 'नेपालीलाई माया गर्ने अन्तरिक्ष यात्री युरी मालिसेभ' जीवनीको विश्लेषण

प्रस्तुत जीनवी नेपालीलाई माया गर्ने अन्तरिक्ष यात्री युरी मालिसेभको जीवनका विविध पक्षसँग सम्बन्धित छ । सन् १९४१ मा रूसको निकोलायभ्स्क सहरमा जन्मिएका मालिरोभलाई नेपालीलाई माया गर्ने अन्तरिक्ष यात्री भनिन्छ । सन् १८९० मा सायुज टी-२ नामक अन्तरिक्ष यानमा ५ दिनसम्म अन्तरिक्ष यात्रा गरेका उनले १९८४ मा पुनः दोस्रो पटक अन्तरिक्ष यात्रा गरेका थिए । अन्तरिक्ष यात्रा सम्बन्धी विविध जानकारी दिने क्रममा अन्तरिक्षबाट नेपाल सबैभन्दा नजिक देखिएको कुरा उनले बताएका थिए । धेरै पटक नेपाल आएका र सोभियत नेपाल मैत्री समाजका अध्यक्ष समेत बनेका उनलाई नेपालीलाई माया गर्ने अन्तरिक्ष यात्री भनिन्छ । मालिसेभको जन्म, बाल्यकाल, युवावस्था, अन्तरिक्ष यात्रा तथा जीवनका अन्तिम प्रहरको समेत जानकारी यस जीवनीमा पाइन्छ ।

सरल भाषाशैलीका माध्यमबाट लेखिएको प्रस्तुत जीवनी बाल बालिकाको स्तर अनुसारको रोचक बनेको छ । विभिन्न तथ्यहरूका साथै कल्पनाको मिश्रण रहेको यस जीवनीको कथात्मक प्रस्तुतिले रोचकता सिर्जना गरेको छ । अन्तरिक्षका सम्बन्धमा विविध तथ्यका साथै अन्तरिक्ष यात्री युरी मालिसेभका बारेमा जानकारी दिन जीवनीकार सफल भएका छन् ।

### ५.४.२.९ निष्कर्ष

बहुमुखी प्रतिभाका कन्हैया नासननी सफल बाल साहित्यकार समेत हुन् । बालकथा र बाल जीवनीका माध्यमबाट बाल साहित्यकारको पहिचान बनाएका नासननीका तिन वटा बालकथा तथा दुई वटा बाल जीवनी सङ्ग्रह प्रकाशित छन् । २०६४ सालमा प्रकाशित **चराहरूको पर्यटन मेला** बाल कथा सङ्ग्रहमा पशुपक्षीसँग सम्बन्धित कथाहरूका माध्यमबाट

बालबालिकालाई मनोरञ्जनका साथै त्याग, समर्पण, मित्रता, नैतिकता, परोपकार आदि भावको विकास गर्ने उद्देश्य राखिएको छ । **टिन टिन गोल्टिन** (२०६५) बालकथा सङ्ग्रहले भने विभिन्न धातुहरूको खोजी, मानव समाजमा तिनको उपयोग, वैज्ञानिक परक्षिण, परमाणु सङ्ख्या र परमाणु तौलका माध्यमबाट बाल बालिकालाई धातुसम्बन्धी जानकारी प्रदान गरेको छ । त्यसै गरी २०६७ सालमा प्रकाशित **बुलबुल चरा र रातो गुलाफको फूल** सङ्ग्रहभित्रका बाल कथाहरूमा विभिन्न पशुपंक्षीहरूलाई मानवीकृत गरी मनोरञ्जनका साथै समयको सदुपयोग, मानवतावादी भावनाको विकास, अहमताको परित्याग, वैज्ञानिक तथ्यको जानकारी प्रदान गरी नैतिकवान बनाउने उद्देश्य राखिएको पाइन्छ यसका साथै प्रेमको त्याग र समर्पणलाई प्रस्तुत गर्न समेत यस सङ्ग्रहका कथाहरू सफल भएका छन् । बाल बालिकाको स्तर अनुरूप सरल भाषाशैलीको प्रयोग गरिएका यी कथाहरूले प्रतीकात्मक रूपमा समाजका विविध दुर्वृत्तिको विरोध गरेका छन् ।

बाल साहित्य अन्तर्गतकै **विज्ञानका ताराहरू** (२०६२) र **अन्तरिक्ष यात्रीहरू** (२०६६) बाल जीवनी सङ्ग्रह लेखेका नासननीले विश्व प्रसिद्ध वैज्ञानिक र अन्तरिक्ष यात्रीहरूको जीवनी मार्फत बाल बालिकालाई विभिन्न वैज्ञानिक ऐतिहासिक तथ्यको जानकारीका साथै वैज्ञानिकहरूका बारेमा जानकारी प्रदान गरिएको छ । सरल भाषाशैलीमा लेखिएका यी जीवनीमा तथ्यपरकतामा कल्पनाको मिश्रण गरी कथात्मक प्रस्तुतिद्वारा रोचकता सिर्जना गरिएको छ । यसर्थ कन्हैया नासननी बाल कथाकारका साथै उत्कृष्ट जीवनीका रचनाकार समेत हुन् । प्रौढ साहित्यमा सामाजिक यथार्थको प्रस्तुति गर्ने नासननी बालसाहित्यमा भने स्वच्छन्दतावादी प्रवृत्तिलाई रूचाउँछन् । स्वच्छन्दतावादका साथै मानवतावाद, प्रकृति प्रेम, विश्वबन्धुत्व तथा सामाजिक यथार्थको प्रस्तुति पनि उनका बाल साहित्यिक कृतिमा मिसिएर आएका छन् । नासननी नेपाली बाल साहित्यको विकासमा क्रियाशील आशा लाग्दो प्रतिभा हुन् ।

उनको छ । उनमा मूलतः बौद्ध दर्शन, साङ्ख्य दर्शन र योगको समेत प्रभाव परेको देखिन्छ । पूर्वीय दर्शनमा ढालिएको जीवन प्रणाली अपनाएकाले आफ्ना कृतिमा यसको बढ्ता प्रतिबिम्ब परेको स्वीकार गर्ने नासननी पछिल्लो समयमा पाश्चात्य दर्शनले पनि आफ्ना कृतिलाई प्रभावित पार्न जवर्जस्ति गरि रहेको कुरा व्यक्त गर्दछन् । यसरी उनका जीवन दर्शन र साहित्य सम्बन्धी उपर्युक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी मूलतः आदर्शवादी व्यक्तित्वका रूपमा देखा पर्दछन् ।